# बेलायतदेखि क्यानडासम्म

नियात्रासङ्ग्रह

विष्णुप्रसाद पन्त

प्रकाशक : गुणनिधि पन्त स्मृति प्रतिष्ठान

लेखक : विष्णुप्रसाद पन्त

सम्पादक: डा. विष्णुकुमार खत्री

संस्करण : पहिलो, २०७७

मूल्य रू.: २५०।-

कम्प्युटर : जि.के. कम्प्युटर, चाबहिल

# अनुभूतिगत सन्देशको अभिव्यक्ति

नेपाल अनुपम प्राकृतिक सुन्दरता, सदाबहार संस्कृतिको माधुर्य, जातीय सहिष्णुता, धार्मिक आस्था र जनपक्षीय कर्मशीलता एवम् सौहार्द जस्ता कुराले विश्वमा मौलिक पहिचान र गौरव बोकेको राष्ट्र हो । यहाँका मानिसहरूको जीवनशैली प्राकृतिक छ, सहज छ । परन्तु वर्तमानमा राष्ट्रले भोगिरहेको अन्योल, अस्तव्यस्तता, अभाव, कृत्रिमता, शासकीय जिम्मेवारीहीनता, समग्रमा अनुशासनको ह्रास जस्ता कुराले यहाँको राजनीति, समाज, जातीयता, धार्मिक आस्था, विकास निर्माणका गति र जनपक्षीय विश्वास क्रमशः धराशायी बन्दै गएको बोध विकसित मुलुकको यात्रामा गएका प्रत्येक नेपालीलाई हुने गर्छ । जनताप्रति पूर्ण उत्तरदायी सरकार, सम्पूर्ण पक्षको अनुशासित र मर्यादित जीवनशैली र व्यवहार, सत्यतथ्यमा आधारित सूचनाप्रवाह, योजना निर्माण र कार्यान्वयन, व्यवस्थित बाटाघाटा र उपभोग्य वस्तुको उपलब्धता, कर्तव्यसचेत नागरिक देख्न-भेट्न र अनुभव गर्नपाउँदा र त्यस वस्तुस्थितिलाई नेपालसँग जोडेर हेर्दा-सम्झँदा जसको पनि मन कुँडिन्छ । जतिसुकै तन्त्र फेरिए पनि नेपालका जनताको जीवन र भाग्य दुवै चम्कन सकेका छैनन् । यसको जड राजनीति र शासकीय वा नेतृत्वगत स्वेच्छाचारिता नै हो, राष्ट्रियताको अभाव नै हो । गर्न चाहँदा जे पनि हुन्छ, नचाहेपछि सिन्को पनि भाँचिँदैन । राष्ट्र र जनताप्रति सम्वेदनशील नेतृत्वले मात्र युगअनुसार राष्ट्रलाई गति दिनसक्छ, अन्यथा ...........

यी विचारहरू मैले आक्रोशका रूपमा पोखेको होइन । एउटा शिक्षक, लेखक र समाजसेवी व्यक्तित्वले विदेशयात्राका क्रममा अनुभूत गरेका सारगर्भित कुराहरू हुन् । विदेश पुगेर देश सम्झँदा धेरैको मन कुँडिन्छ र दशकौँ बित्दा पनि समयले गर्ने परिवर्तनका रूपरेखा बाहेक राज्य पक्ष वा सरकार वा नेताले गरेका प्रशंसनीय कार्य भनेर कुनै कुराको सूची वा विवरण दिन पाइँदैन तब 'धिक्कार होस्' भन्ने उद्गार अनायाश प्रस्फुटित हुने गर्छ प्रत्येक संवेदनशील व्यक्तिबाट ।

काठमाडौँ, चाबहिलस्थित पशुपति बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख, समाजसेवी एवम् साहित्यस्रष्टा प्रा. विष्णुप्रसाद पन्त सर आफ्ना छोराबुहारी, नातिनातिनी भेट्न पहिलो पटक बेलायत र दोस्रो पटक क्यानडा पुग्नुभयो । एकातिर लामो समयपछि पारिवारिक सम्मिलन हुनु हर्षको कुरा छँदै थियो, छोराबुहारीको पुरुषार्थ देखेर सन्तुष्टि र गौरवको अनुभूति हुनु विशेष कुरा भयो भने अर्कातिर एसिया महादेशमा अवस्थित सदैव स्वतन्त्र रहेको तर हिमाली राष्ट्रका रूपमा सर्वोच्चता प्राप्त गरेको नेपाल प्राकृतिक रूपमा सगरमाथा हिमाल र सांस्कृतिक रूपमा गौतम बुद्धका कारणले विश्वप्रसिद्ध छ, अझ गोरखालीको वीरताका प्रसङ्गले पनि युरोप र अमेरिकाले विशेष चासो राख्ने देश हो हाम्रो । यहाँका सबैजसो वस्तुस्थितिसँग पूर्ण परिचित विष्णु सरले बेलायत र क्यानडाको विकास, निर्माण, राष्ट्रिय अनुशासन, जनताको जीवनशैली, सांस्कृतिक सम्पदाको संरक्षण, सरकारप्रतिको जनविश्वास र सरकारको अभिभावकत्व जस्ता कुरालाई नजिकबाट नियाल्ने र अनुभूत गर्ने अवसर पाउनुभयो । शासन, व्यवस्थापन, संरक्षण, कर्मशीलता, स्वतन्त्रता र अनुशासन जस्ता कुराले उहाँलाई विचारशील बनाए भने इष्टमित्रसँगको भेटघाट, घुमघाम, नयाँ स्वादको खानपिनले आनन्दित पनि तुल्याए । छोटो समयको बसाइ भए पनि कान्छा छोराबुहारी बेलायतमा र जेठा छोराबुहारी क्यानडामा रहेर गरेका पौरखको अवलोकन पूर्ण सन्तोषका साथ एउटा कर्मयोगी पिताले गर्न पाउनु विशेष कुरा हो । जीवनको नौलो अनुभूति सँगालेर उहाँ नेपाल फर्कनुभयो । उहाँ नेपाली भाषाको एउटा स्थापित लेखक हुनुहुन्छ । उहाँका गद्य-पद्यका थुप्रै पुस्तकहरू प्रकाशित भएका छन् ।

कलम समाउने र आफूलाई निरन्तर क्रियाशील तुल्याउने व्यक्ति प्रतिभा त्यसै चुप लागेर बस्ने कुरा हुँदैन । त्यो प्रकृतिको विधान होइन । विष्णु सरले आफ्नो यात्रानुभूतिलाई एउटा प्रौढ वयको नेपाली नागरिकले जीवनको यो मोडमा देख्न-भोग्न पाएको विदेशको दृश्यचित्र र व्यावहारिक सन्दर्भलाई समेटेर त्यसलाई मूर्त रूप दिने प्रयासस्वरूप "बेलायतदेखि क्यानडासम्म" शीर्षकको नियात्रा कृति तयार पार्ने प्रशंसनीय कार्य गरेको पाउँदा म अत्यन्त हर्षित बनेको छु । नियात्राले व्यक्तिको वा लेखकको जीवनको त्यो महत्त्वपूर्ण मोडलाई ऐतिहासिक बनाउँछ । पाठकलाई आकर्षित, सुसूचित र सचेत पनि गराउँछ । म यस नवीनतम उपलब्धिको हार्दिक स्वागत गर्दछु ।

"बेलायतदेखि क्यानडासम्म" नियात्रालाई जम्मा तीन खण्डमा व्यवस्थित गरिएको छ : बेलायत खण्ड, क्यानडा खण्ड र अनुभूति खण्ड । विष्णु सर २०७५ र २०७६ का फरक-फरक समयमा बेलायत र क्यानडा जानुभएको हो । दुवै खण्डमा अनेक सान्दर्भिक उपशीर्षकहरू रहेका छन् । यिनमा बेलायतमा रहँदा र क्यानडामा रहँदा हेरिएका दृश्य, घुमिएका ठाउँ र भेटिएका व्यक्तिहरूको विवरण सहित तत्काल आफूले गरेका अनुभूति रहेका छन् । अन्तिम खण्ड बेलायत र क्यानडाको भ्रमणपछि नेपालमा घोत्लिँदा शीर्षकमा रहेको छ । यसमा पन्त सरले नेपाल पछि पर्नुका विविध कारणहरूबारे आफ्ना धारणाहरू प्रस्तुत गर्नुभएको छ । धेरै कुराहरू मैले सुरुमै सङ्केत गरिसकेँ । यसबाट राष्ट्रप्रतिको उहाँको संवेदनशीलतालाई बोध गर्न सकिन्छ । प्रत्येक ठाउँ हेर्दा, घुम्दा, नयाँ वस्तुहरू देख्दा अनौठो लाग्नु, छक्क पर्नु स्वाभाविकै हो । विदेशीहरूका सहयोगी व्यवहार, जहाज यात्राका अनुकूल-प्रतिकूल अनुभव, उता बसेर आत्मनिर्भर दक्ष बनेका नेपालीहरूको अवस्था जस्ता कुराको पर्याप्त सूचना रहेका छन् यस कृतिमा । अनि दुवै खण्डको अन्त्यमा 'मैले देखेका केही फरक कुराहरू' र 'नेपालले सिक्नसक्ने कुराहरू' शीर्षकमा सूत्रात्मक विवरणहरू समावेश गरिएको छ । यो निकै उपयोगी देखिन्छ ।

नियात्रा साहित्यको यथार्थ रूप हो । यात्रा नगरी नियात्रा बन्दैन । रोचक शैलीमा आफ्नो भ्रमण वृत्तान्तलाई अनुभूतिसँग आत्मसात् गराएर नियात्रा निर्माण गरिन्छ । नेपाली भाषामा नियात्रा लेखनले पाँचसय वर्षको यात्रा तय गरिसकेको छ । पछिल्लो चरणमा नियात्रा लेखन, प्रकाशन र पठनतर्फ व्यापक आकर्षण बढेको छ । यसै परिप्रेक्ष्यमा अग्रज व्यक्तित्व विष्णुप्रसाद पन्त सर पनि नियात्राकारका रूपमा उपस्थित हुनुहुँदैछ । म नेपाली नियात्रा फाँटमा उहाँलाई हार्दिक स्वागत गर्दछु । "बेलायतदेखि क्यानडासम्म" सरल, सहज र रोचक भाषाशैलीमा लेखिएको बहुउपयोगी र सन्देशमूलक कृतिका रूपमा आउँदै छ । यसमा लेखकीय अनुभूतिले पर्याप्त विस्तार पाएको अवस्था छ । अन्त्यमा, म विष्णु सरलाई बधाई ज्ञापन गर्दै सृजनात्मक निरन्तरताको कामना गर्दछु ।

मिति : २०७७ असोज ९ डा. शैलेन्दुप्रकाश नेपाल

टोखा न.पा.-५, वसन्धरा ।

# आफ्नै यात्रा आफ्नै कुरा

जीवन एउटा यात्रा रहेछ । जन्मदेखि मृत्युसम्मको अवस्था जीवनको एउटा यात्रा हो । यस यात्रामा विविध परिस्थितिहरू, आरोह, अवरोहहरू आउँदछन् । यिनै परिस्थितिहरू र आरोह अवरोहहरूसँग जुध्दै, सम्झौता गर्दै कहिले हार त कहिले जितको आनन्द लिँदै जीवनको यात्रा अगाडि बढ्दछ । जीवनको यात्रा कति लामो दूरीको हुन्छ यो भन्न सकिन्न । जीवनको सिङ्गो यात्राभित्र कैयौँ लामा छोटा दूरीका यात्राहरू भइरहेका हुन्छन् । विभिन्न उद्देश्यका साथ गरिने ससाना यात्राहरूको सङ्कलन नै जीवनको पूर्ण यात्रा हो । मृत्युको यात्रा नै अन्तिम यात्रा हो । जीवनलाई चलायमान राख्नका निम्ति यात्रा अनिवार्य हुन्छ । मानिसले जानेर वा नजानेर, उद्देश्यसहित वा उद्देश्यबिना यात्राहरू गरिरहेकै हुन्छन् । यात्रा जीवनको अनिवार्य पाटो हो । यात्राले नै मानिसलाई बाँच्ने र हाँस्ने कला सिकाउँदछ । आफूलाई परिस्कृत र परिपक्व बनाउनका लागि पनि यात्रा आवश्यक हुन्छ । जति धेरै दृश्यहरू आँखाले हेर्ने र मस्तिष्कले सूक्ष्म अध्ययन गर्ने अवसर पाउँदछ, त्यति नै ज्ञान र अनुभव बढ्दछ । जति धेरै मानिसहरूसँग सम्पर्क र कुराकानी हुन्छ त्यति नै धेरै कुराहरू सिक्ने अवसर प्राप्त हुन्छ । यात्राको दायरा फराकिलो बनाएर स्वदेश एवम् विदेशको यात्रा गर्दा पक्कै पनि बढी अनुभव र ज्ञान प्राप्त गर्न सकिन्छ ।

जीवनको उतारचढावमा निकै खारिएको भए तापनि देश परदेशको यात्रामा मैले त्यति धेरै अनुभव सँगाल्ने अवसर पाएको

छैन । सीमित दायराभित्र रही आफ्नो जीवन यात्रा सुचारु राख्दै आएको छु । भौतिक शरीरको उपस्थितिले यात्रा गर्नु एउटा पक्ष हो भने मानसिक रूपमा कल्पनाद्वारा यात्रा गर्नु अर्को पक्ष हो । मैले आफ्नो कल्पना शक्तिलाई निरन्तर प्रयोग गर्दै आएको छु। कल्पनामा गरिने यात्रा निकै सजिलो लाग्दछ। कुनै प्रकारको शारीरिक कष्टबिना नै मानसिक वा कल्पनाको यात्रा गर्न सकिन्छ। कल्पनामा गरिने यात्राले आनन्द लिन सकिन्छ तर अनुभव सङ्ग्रह गर्न सकिँदैन । अनुभव र ज्ञान प्राप्त गर्नका लागि भौतिक शरीरले नै यात्रा गर्नुपर्दछ। कुनै पनि प्रकारको यात्रा जीवन–यात्राको एक अंश हो। हरेक यात्रा आनन्ददायक, सुखदायक, ज्ञानवर्द्धक, रोमाञ्चकारी र अविस्मरणीय हुनुपर्दछ। दुःखदायी यात्रा जीवनमा गर्नु नपरोस् । क्षणिक दुःख आउन सक्दछ तर त्यसलाई सहजै निराकरण गर्न सकिने हुनुपर्दछ। रोगको उपचार सहज हुन सक्दछ भने त्यसबाट दीर्घकालीन प्रभाव पर्दैन । कहिलेकाहीँ सुखद यात्रा सुरु गर्दा पनि दुःखद परिणाम प्राप्त हुन सक्दछ । यस स्थितिलाई संयोग मान्नुपर्दछ। यात्राले सुखद परिणाम दिन्छ भन्ने सोच राख्नु आवश्यक हुन्छ।

जीवनमा हालसम्म गरेका मेरा यात्राहरूमध्ये बेलायत र क्यानडाको यात्रा स्मरणयोग्य लागेकाले त्यसबारे केही चर्चा यस पुस्तकमा गर्दै छु। यस पुस्तक तयार गर्ने क्रममा विभिन्न ठाउँ र वस्तुहरूको नाम सच्याइदिने छोरा विवेक र ज्वाँइ स्वप्नील आचार्यज्यूलाई धन्यवाद दिन चाहन्छु । भाइ चन्द्र र छोरी श्रद्धालाई पनि बिर्सन सक्दिनँ । लेखाइमा र टाइपका क्रममा भएका त्रुटिहरूलाई केलाएर सच्याई सहयोग पुऱ्याइदिनुहुने प्राश्री हरिहर चापागाई सरलाई विशेष धन्यवाद दिन चाहन्छु । यस पुस्तकको सम्पादन कार्य गरेर आकर्षक आकारमा ल्याउन आफ्नो अमूल्य समय खर्चनुहुने डा. विष्णुकुमार खत्री सरलाई विशेष आभार प्रकट गर्दछु । साथै आफ्नो अमूल्य समय दिएर यस पुस्तकको भूमिका लेख्नुहुने डा. शैलेन्दुप्रकाश नेपालज्यूप्रति आभार प्रकट गर्दछु । कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने कालिदास पाण्डेज्यूलाई पनि धन्यवाद दिन चाहन्छु। यो पुस्तक प्रकाशनका क्रममा प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरू धन्यवादका पात्र हुनुहुन्छ ।

# नियात्राक्रम

## बेलायत खण्ड


| | | |
|---|---|---|
| १. | आफ्नो घरदेखि विवेकको घरसम्म | १२ |
| २. | बेलायतमा पहिलो दिन | १७ |
| ३. | राजुसँगको भेट | १९ |
| ४. | टाउन मार्केट र थेम्स नदीको अवलोकन | २० |
| ५. | ग्रिनविचको अवलोकन | २३ |
| ६. | लन्डन ब्रिज र टावर ब्रिजको घुमघाम | २५ |
| ७. | नाति बिहानको जन्मदिन | २७ |
| ८. | स्टेन्हेन्ज (Stonehenge) को यात्रा | २९ |
| ९. | मनोज भट्टको जन्मदिन | ३१ |
| १०. | पार्कहरू र टाउन सेन्टरको घुमघाम | ३२ |
| ११. | स्कटल्यान्डको ४ दिने यात्रा | ३३ |
| १२. | लेकसाइडको यात्रा | ३८ |
| १३. | बकिङ्हम प्यालेस र छेउछाउ घुम्दा | ४२ |
| १४. | काका सीताराम र काकी हिराको घर जाँदा | ४५ |
| १५. | समुद्रसँगको पहिलो भेट | ४७ |
| १६. | फोनमा कुराकानी र भान्जा योगस उपाध्यायसँगको भेट | ४९ |
| १७. | लन्डन जू (London Zoo) को भ्रमण | ५१ |
| १८. | बिनोद सरसँग भेट | ५३ |
| १९. | दरखाने कार्यक्रम | ५५ |
| २०. | कुसेऔँसी | ५६ |
| २१. | रीतु वन्तको घरमा | ५७ |
| २२. | क्लिफ र डोबर पोर्टको यात्रा | ५८ |
| २३. | बेलायत बसाइका पछिल्ला तीन दिन | ६१ |
| २४. | असोज ५ (२१ सेप्टेम्बर) 'केन्टरबरी'को घुमघाम | ६३ |

२५. नेपाल फर्कने दिन ६४
२६. बेलायतमा मैले देखेका केही फरक कुराहरू ६६
२७. बेलायतबाट नेपालले सिक्नसक्ने कुराहरू ६७


**क्यानडा खण्ड**

२८. घरबाट त्रिभुवन अन्तर्राष्ट्रिय एअरपोर्टसम्म ६९
२९. अञ्जलीसँगको भेट ७१
३०. पियरसन विमानस्थलदेखि उत्तमको निवाससम्म ७३
३१. क्यानडामा पहिलो दिन ७५
३२. नयग्राफल्सको मोहनी ७६
३३. क्यानडाको जीवनशैली ७९
३४. क्यानडाको तरकारी खेती ८२
३५. क्यानडामा कुशे औँशी ८३
३६. क्यानडामा १३ औं हिमालयन एक्स्पो ८४
३७. भान्जा रवीनको घरमा एक रात ८६
३८. टोरोन्टो प्रदर्शनी २०१९ को अवलोकन ८८
३९. लक्ष्मीनारायण मन्दिरको दर्शन ९०
४०. ज्योतिजीसँग पार्क घुमघाम ९२
४१. सी एन टावर र अक्युरियमको अवलोकन ९४
४२. टोरोन्टो चिडियाखाना (Toronto zoo) को अवलोकन ९६
४३. ज्योतिजीको घरमा डिनर ९८
४४. बिच र पार्क घुमघाम ९९
४५. चन्द्रजीको घरमा डिनर १००
४६. सुजन र अञ्जनको निम्ता १०१
४७. क्यानडा बसाइका पछिल्ला दिनहरू १०३
४८. क्यानडा छाडेर नेपालसम्म १०४
४९. क्यानडाबाट सिक्नसकिने पक्षहरू १०७
५०. क्यानडामा मैले देखेका केही विशेषताहरू १०९


**अनुभूति खण्ड**

५१. बेलायत र क्यानडाको भ्रमणपछि नेपालमा घोत्लिँदा ११२

# बेलायत खण्ड

# आफ्नो घरदेखि विवेकको घरसम्म

मेरो छोरो विवेक वि.सं. २०६२ साल फागुन ४ गते पढाइको सिलसिलामा लन्डन गएको हो । उसले पढाइपछि त्यतै बसेर केही काम गर्न थालेकाले उतैतिर अल्झेको छ। बुहारी वसन्ती र नाति बिहान गरी ३ जनाको परिवार बनेका छन् । हाल लन्डनको १७० कोलियर्स लेन इरिथ डी.ए. ८३ पी.एस.मा एउटा घर किनेर बस्दै आएका छन् । छोरोले लन्डन घुम्ने सबै कागजी व्यवस्था मिलायो । त्यसपछि भिसाको दर्खास्त दिने काम भयो र भिसा पनि आयो। भिसा प्राप्ति भएपछि म वि.सं. २०७५ साल श्रावण २६ गते बिहान ८:३० बजे लन्डनका लागि घरबाट साइत गरी प्रस्थान गरेँ । यो मेरो यात्रा समुद्रपारका हिसाबले पहिलो थियो । जाने दिन बिहान शुभकामना दिन र भेट्न भानिज रामकृष्ण उपाध्याय, हरिकृष्ण उपाध्याय, मदन उपाध्याय र पशुपति क्याम्पसका स्व.वि.यु. पूर्व उपसभापति इन्द्र भुषालहरू आउनुभयो । खादामाला लगाइदिनुभयो । भाइ चन्द्र, छोरी श्रद्धा र ज्वाइँ स्वप्नील आचार्य पनि आइपुग्नुभयो। साइतको टीका ग्रहण गरी यात्रा प्रारम्भ गरियो। सामूहिक फोटो लिएपश्चात् गाडीमा बसियो। रूपेश श्रेष्ठले गाडी अगाडि बढाए। भाइ चन्द्र र हरि गिरी मोटरसाइकलमा एयरपोर्टतिर लागे। ज्वाइँ, छोरी श्रद्धा मसँगै गाडीमा बसेर एयरपोर्ट पुग्यौँ । विवेकको साथी दिनेश कँडेलकी सासूआमा र उहाँका परिवारसँगै जान पर्खेर बस्नुभएको रहेछ। सासूआमा लन्डन जाने कुरा

विवेकले बताएको थियो । सबैजना बसेर सामूहिक फोटो खिच्ने काम भयो । फोटो खिचिसकेपछि हामी एयरपोर्टभित्र प्रवेश गऱ्यौँ । एकजना भाइले सबै काममा सहयोग पुऱ्याइदिनुभयो । हामी विमान प्रवेश गर्ने कक्षमा गएर बस्यौँ ।

पहिलोपटक ठूलो विमानमा बसेर समुद्रपारको यात्रा गर्न लाग्यौँ । अलि असजिलो महसुस हुँदो रहेछ । मनमा अनेक तरङ्गहरू पैदा हुँदा रहेछन् । प्लेनभित्र, ट्रान्जिट हुने ठाउँमा र अन्तिम ओर्लने ठाउँमा केकस्ता प्रक्रियाहरू पूरा गर्नुपर्ने हो, केही थाहा थिएन । हामी दुबै जना विल्कुलै नयाँ यात्रु थियौँ । मनमा एकप्रकारको डर थियो । छोराछोरीले ह्विलचियर प्रयोग गर्ने कि भनेर सोधेका र सल्लाह दिएका पनि थिए । मैले ह्विलचेयरबिना नै जान सक्ने आँट गरेँ । त्यसबारेको सामान्य जानकारी ज्वाइँबाट लिएको थिएँ । त्यसैले साहसमा कमी आएको थिएन । मनमनै भगवान्लाई पनि सम्झँदै थिएँ । यत्तिकैमा जहाजभित्र प्रवेश गर्ने सूचना आयो र हामी जहाजमा प्रवेश गऱ्यौँ ।

कतार एयरवेजको फ्लाइट नं. QR ६५३ को जहाजमा बसियो । जहाज कतारको दोहा विमानस्थलका लागि काठमाडौँको समयअनुसार बिहान ११:४५ मा उड्नुपर्ने थियो तर प्राविधिक कारणले गर्दा १२:३० मा मात्र उड्ने अनुमति पायो । १२:३० मा जहाजले जमिन छोड्यो र हामी आकाशतिर हुत्तियौँ । जहाज आफ्नै गतिमा उडिरहँदा खासै डर नलागे पनि यताउता, तलमाथि गर्दा भने डर लागेको महसुस हुन्थ्यो । जहाजमा बसेकाहरूसँग आफ्नो सिटका नजिकका यात्रुहरूसँग कुरा गर्दै जाँदा एकजना अर्याल भाइ, लन्डनको हिथ्रो विमानस्थलमै उत्रने, धेरै वर्षदेखि उतै बसेकालाई भेटियो । मैले उनीसँगसँगै जाने र हामीलाई आवश्यक सहयोग गरिदिन अनुरोध गरेँ । उनले मेरो अनुरोधलाई स्विकारे । अब म ढुक्क भएँ । भगवान्लाई धन्यवाद दिएँ । मलाई सहयोग गर्न देवदूत आएको जस्तो लाग्यो । जहाजमा खानेपिउनेको राम्रो व्यवस्था थियो । आरामले ढुक्कसँग दोहा विमानस्थलमा उत्रियौँ ।

विमानस्थल हेर्दा म त छक्क परेँ कति फराकिलो, सफा र व्यवस्थित ।

यो विमानस्थल देखेर मलाई नेपालको विमानस्थलको याद आयो । हाम्रो विमानस्थल किन यस्तो बनाउने प्रयास गरिएन होला, के हाम्रा राजनेताहरूले यस्ता विमानस्थलहरू देखेका छैनन् होला ? विभिन्न प्रश्नहरू मेरा मनमा आए । अर्याल भाइले साथ दिनुभएकाले सहजै दोहा विमानस्थलको प्रशासनिक प्रक्रिया पूरा गरियो । दोहा विमानस्थलमा धेरै नेपाली भाइबहिनीहरू कार्यरत रहेको पाइयो । उनीहरूले हामीसँग नेपाली भाषामा नै कुराकानी गरे । अति गर्मी ठाउँ रहेछ । विमानस्थलभित्र ठिक्कको तापक्रम बनाइएको रहेछ तर बाहिर ज्यादै गर्मी । दिउसो गर्मीले गर्दा बाहिर खासै काम नगर्ने, राति काम गर्ने गर्दा रहेछन् । कतारको दोहा विमानस्थलमा लगभग २ घण्टाजति बसियो । छुट्टै अनुभूतिका साथ यताउता केहीबेर टहलियौँ पनि । कहिले विमानका बारेमा त कहिले विमान आविष्कारक र त्यसको व्यवस्थापकका बारेमा सोच्दै गर्दा समय बितिसकेको पत्तै भएन । जहाज लन्डनका लागि उड्न यात्रुहरू बोलाउँदै रहेछ । हामी जहाजभित्र गयौँ ।

QR5 को कतार एयरवेज जहाज नेपालबाट चढेको जहाजभन्दा ठूलो रहेछ । नेपालबाट आउँदा धेरै नेपालीहरू थिए । जहाज पनि सानो थियो तर लन्डन जाने जहाजमा धेरै देशका यात्रुहरू थिए । नेपाली यात्रुहरू नगण्य मात्रामा थिए । नेपालमा राति निदाउने बेलामा हामी जहाजभित्र बसिरहेका थियौँ । जहाजमा सहयोगीहरू पनि नेपालबाट गएकाभन्दा अलि फरक देखिन्थे भने खाना पनि फरक-फरक । पहिलो जहाजमा नेपाली स्वादको खाना थियो तर यस जहाजमा नेपाली जिब्रोले आफ्नो स्वाद पाउन सकेन । जे भए पनि खानै पऱ्यो । भोकै बस्ने कुरो भएन । सेवा बडो राम्रो थियो । आकर्षक भाइबहिनीहरूबाट न्यानो माया पायौँ । धन्यवाद छ उनीहरूलाई । यसबेला दिनेशकी सासूको र मेरो सिट फरक लाइनमा थियो । अर्याल भाइ संयोगले उनीसँगै परेँ । उनले विशेष सहयोग पुऱ्याए । जहाजभित्र विभिन्न मुलुकका यात्रुहरू थिए । कोही निदाइरहेका थिए, कोही मोबाइल फोन र ल्यापटप

चलाइरहेका थिए भने कोही आपसमा कुरा गरिरहेका देखिन्थे । मलाई भने निद्रा लागेको पनि थिएन । मोबाइल आदि चलाउन पनि मन थिएन । कहिले यताउता डुलेर बस्थैं, कहिले टेलिभिजन हेरेर बस्दथें । मेरो संसार त्यही जहाज भएजस्तो लाग्दथ्यो । आफन्त कोही नहुँदा सबैजना आफ्नै जस्ता लाग्दा रहेछन् । आफ्ना सबै वस्तुहरू र आफन्तबाट एक्लिँदाको अवस्था एकप्रकारको शून्यको अवस्था जस्तो लाग्दो रहेछ । नेपालबाट दोहासम्म आउँदा दिनेशकी सासूआमासँगै हुनुहुन्थ्यो । उहाँ धेरै बोल्ने स्वभावको नभए पनि कहिलेकाहीँ कुराकानी गरिन्थ्यो । सँगै बसेर केही खानेकुराहरू बाँडेर खाइन्थ्यो । आफ्नो देशबाट सँगै आउँदा सँगै बस्दा अलि नजिक लाग्ने र बोल्ने साथी हुँदा एक्लै छु भन्ने सोच आएको थिएन । अहिले म दोहाबाट एक्लै भएको महसुस गरिरहेको थिएँ । मसँग बोल्ने नेपाली कोही पनि थिएन ।

लन्डनको समयअनुसार बेलुकाको ९:२८ बजे हाम्रो जहाज हिथ्रो विमानस्थलमा अवतरण भयो । रातको समय भएकाले केवल बत्तीको उज्यालो मात्र देख्न सकिन्थ्यो । बाहिरका अन्य दृश्यहरू हेर्ने अवसर पाउन सकिएन । हामीले बेलायत, जो विश्वको सूर्य नअस्ताउने देशको रूपमा कुनै बेला प्रख्यात थियो, त्यहाँको जमिनमा पाइला राख्न पुग्यौं । धन्यवाद छ मेरा छोराबुहारी अनि नातिलाई जसले यो अवसर दिलाए । हिथ्रो बिमानस्थलमा कानुनी प्रक्रिया पूरा गर्न दोहामा जस्तो सजिलो अलि भएन । बेलायतको यो विमानस्थल विश्वकै पुरानो, ठूलो र व्यस्तमध्येको एक मानिँदो रहेछ । पहिलोपटक पुग्दा अलमलिनु स्वाभाविक नै हुने भो तर पनि अर्याल भाइ साथमै भएकाले खासै समस्या भएन । हामीले पढेको अङ्ग्रेजी भाषाले त्यहाँ त्यति धेरै काम दिन सक्दो रहेनछ । उनीहरूको टोन फरक हुने हुँदा बुझ्नै गाह्रो । हामीले बोलेको चाहिँ उनीहरूले सजिलैसँग बुझ्दा रहेछन् । कसैकसैले बिस्तारै बोले भने उनीहरूको पनि बुझिँदोरहेछ । सबै कुरा जाँच गरिसकेपछि ४ नं. टर्मिनलबाट हामी बाहिरियौं । अर्याल भाइको साथी लिन आइसकेका रहेछन

तर विवेक र दिनेश आएका रहेनछन् । हामीलाई छोडेर जान अर्याल भाइले चाहेनन् । विवेकलाई फोन गर्दा बाटामा आउँदै गरेको र १० मिनेटजतिमा आइपुग्ने बताएपछि उनी पर्खेरै बसे । त्यतिकैमा ओम गुरुङ सर पनि त्यहीँ आइपुग्नुभयो । एउटै जहाजबाट आउनुभएको रहेछ उहाँका श्रीमान्श्रीमती । उहाँ आफ्नो बाटो लाग्नुभयो । यत्तिकैमा विवेक र दिनेश पनि आइपुगे । अर्यालजीसँग  परिचय गराएर र सहयोग गरेकामा उनलाई धन्यवाद दिँदै फेरि भेट्ने बाचा गर्दै छुट्टियौँ ।

विवेक र दिनेशले ३ तलामुनि गाडी पार्किङ्ग गरेको ठाउँतिर हामीलाई लगे । हाम्रो सुटकेस उनीहरूले नै डोऱ्याउन थाले । हामी दिनेशको गाडीमा बस्यौँ । दिनेश र विवेक अगाडिको सिटमा बसे । हामी दुईजना पछाडि बस्यौँ । गाडी दिनेशले हाँके । नेपालमा बिस्तारै गाडी चलाइन्छ तर त्यहाँ कुदाउनु नै पर्ने हुँदो रहेछ । कहिले बत्ती नै बत्ती भएको सडकबाट त कहिले अँध्यारो सडकबाट गाडी हुइँक्याउँदै ११:४५ बजे विवेकको घरअगाडि पुगेर गाडी रोकियो । विवेक र म सामानसहित ओर्लियौँ, दिनेश र सासुआमा गाडीमै बसेर दिनेशको घरतिर लाग्नुभयो । विवेकको घरअगाडि उभिएर यताउति हेरेँ । रातको समय भएकाले खासै चहलपहल देखिनँ । विवेकले सुटकेस डोऱ्याउँदै घरको मूल ढोका खोल्यो । मैले ढोकालाई ढोगेर गोडाभित्र राखेँ । छोराले आर्जेको, विदेशी भूमिमा रहेको यस घरलाई पवित्र मन्दिर सम्झेर प्रवेश गरेँ । खुसीको आँसु पनि झरे । बाबुलाई यो अवस्थामा बेलायत ल्याएर आफ्नो घरमा प्रवेश गराउन पाउँदा विवेकको मुहारमा प्रसन्नता देखिन्थ्यो । बुहारी वसन्ती पनि प्रफुल्ल मुद्रामा थिइन् । नाति सुतिसकेको रहेछ । अबेर भइसकेकाले केही खाना खाएर मलाई एकतलामाथिको सुत्ने कोठातिर विवेकले लग्यो । मेरो सुटकेस पहिले नै कोठामा पुगिसकेको रहेछ । कपडा फेरेर हातमुख धुँदै, ब्रस गरेर सुतें ।

# बेलायतमा पहिलो दिन

२०७५ श्रावण २७ गते अगस्ट १२ तारिख २०१८ को बिहान मेरा लागि लन्डनको पहिलो बिहान थियो । राति खासै निद्रा नपरे तापनि मेरो शरीर ठिकै थियो । बिहानको नित्यकर्म सकेर म घर  वरिपरिको दृश्य हेर्नतिर लागेँ । खाजा  तयार भएकाले वसन्तीले खाजा खाने व्यवस्था गरिन् । विवेक र मैले सँगै बसेर खाजा खायौँ । आज आइतबार परेकाले विवेकको अफिस जान नपर्ने हुँदा घरतिरै गफ गरेर बसियो । लन्डनका आवासीय घरहरू देख्दा अचम्म लाग्यो । मैले सोचेकोभन्दा भिन्न अवस्था पाएँ । साना १, २ तले, टायलले छाएका घरहरू । झ्यालढोका पनि त्यस्तै । बाहिरबाट हेर्दा काठमाडौँको सहर छेउछेउमा सामान्य परिवारको घरभन्दा पनि कमसल देखिने तर घरभित्रको स्थिति भने निकै राम्रो र व्यवस्थित हुँदो रहेछ । झ्यालबाट बाहिर हेरियो । आँगनबाट र घरअगाडिको खाली ठाउँबाट वरपर हेरियो । सबै कुरा मेरा लागि बिल्कुलै नौलो लाग्यो । सबै कुरा व्यवस्थित र सुन्दर ठाउँहरू, अनुशासित मानिसहरू पाएँ ।

बिहानको खाना खाएर विवेकले बजार घुम्न जाने व्यवस्था मिलाएकाले विवेक, वसन्ती, वसन्तीका बहिनीहरू र म गाडीमा बसेर बजार घुम्न गयौँ । विवेकले गाडी चलायो । म विवेकसँगै अगाडिको सिटमा बसें । बेल्ट नलगाउँदा सङ्केत आउँदो रहेछ । नेपालमा जस्तै गरेर बस्दा सचेतको सङ्केत पाएँ । विवेकले बेल्ट लगाउन भन्यो र बेल्ट बाँधेँ । सङ्केत आउन बन्द भयो । छोरासँगै गाडीमा बसेर लन्डन घुम्ने अवसर मेरा लागि अहोभाग्य नै भयो । एउटा गरिब देशको पहाडको कुनामा सामान्य परिवारमा जन्मेको मान्छेले

यस अवस्थाको कल्पना गर्न सक्ने कुरा पनि थिएन । धन्यवाद छ ईश्वरलाई र मेरा छोरा बुहारीलाई भन्ने सम्झँदै रहें । सफा र सुन्दर ट्राफिक प्रहरीबिनाको सडकमा सहजै गाडीहरूका ताँती स्वतः अनुशासित र व्यवस्थित तवरले आ-आफ्ना गन्तव्यतिर कुदिरहेका छन्, कतै पनि दुर्घटना र झैझगडा छैन्, तँछाडमछाड पनि छैन । सबै कुरा आफैँ चले जस्तो अचम्म लाग्यो नेपालको अवस्था देखिरहेका मेरा आँखाहरूलाई ।

हाम्रो गाडी एउटा ठूलो सपिङ सेन्टरका अगाडि गएर अडियो । हजारौँ गाडी पार्क गर्न मिल्ने ठाउँको व्यवस्था मिलाइएको रहेछ । ठूलो पहाडको माटो झिकेर एक प्रकारको ठूलो खाल्डो बनाएको रहेछ, उक्त ठाउँ । कुनै बेला युरोपकै सबभन्दा ठूलो सपिङ सेन्टरको रूपमा परिचित रहेछ यो ठाउँ । बेलायतमा पहिलोपटक सपिङ सेन्टरभित्र प्रवेश गरेँ । जीवनमा यस्तो ठाउँमा पहिलोपटक प्रवेश गरेको महसुस भयो । सयौँ वर्षको उमेर पार गरेको यो सेन्टर भर्खरको जवान जस्तै ठाँटबाँटमा देखिने । हजारौँ मानिसले किनमेल गर्ने, खाना खाने जस्ता सबैखाले सुविधायुक्त भव्य एवम् सभ्य यो केन्द्र साँच्चिकै केन्द्र रहेछ । स्वचालित लिफ्ट र भऱ्याङहरूको सहायताले मानिसहरू तलमाथि गर्ने व्यवस्था रहेछ । विश्वभरका विभिन्न सामानहरूले सजिसजावट यस सपिङ सेन्टरलाई जति हेरे पनि र जति घुमे पनि अझ घुम्न मन लाग्ने रहेछ । दिनभर यताउता हेर्दै घुमियो । सबैखाले ग्राहकहरू प्रसन्न मुद्रामा देखिन्थे र व्यस्त देखिन्थे । विभिन्न अनुहार र वेषभूषा भएका अग्लाहोचा, गोराकाला रङ्गीन मानिसहरूको जमघटले विश्वकै उपस्थिति जनाउँथ्यो । आ-आफ्नो छनोटमा वस्तुहरू किन्न र खानाहरू खान एकत्रित भएको यस जमातलाई देख्दा मानौँ संसारमा कोही गरिब र दुःखी रहेनछन् जस्तो लाग्ने । कारहरू पार्किङ्ग गरेको देख्दा सहरका सबै कार त्यतै राखेका हुन् कि जस्तो लाग्ने । एकसेएक सुन्दर अनि विश्वका महँगा कारहरूको पनि बाक्लै उपस्थिति देखिन्थ्यो । अनौठो लागेको कुरा के भने त्यहाँ मोटरसाइकल र साइकल राखेको कतै पनि देखिएन । ५ बजेसम्म उक्त केन्द्रमा घुमघाम गरी केही सामानहरू किनेर त्यसदिनको घुमघामलाई बिट मार्ने काम गरियो ।

# राजुसँगको भेट

श्रावण २८ (अगस्ट १२) को दिनले स्वागत गरेको दृश्य सुतेको पूर्वपट्टिको झ्यालले सङ्केत गर्‍यो । कोठामा  खाली ठाउँ कम भएकाले मिलाएर ठाउँअनुकूल व्यायाम गरेँ । केहीबेरको व्यायामपछि हातमुख धोएर नियमित खाजा लिने र औषधी सेवन गर्ने काम भयो । लन्डनको तीनवटा W को ठेगान हुँदैन भन्ने भनाइ सुनेको थिएँ त्यस्तै देखियो । त्यहाँको मौसममा एकैछिनमा घाम लाग्ने फेरि एकैछिनमा पानी पर्ने हुँदोरहेछ । दिउसो २ बजेतिर मात्र मौसममा सुधार भयो । त्यसपछि नजिकैको पार्कतिर घुम्न जाने क्रममा वसन्ती, बिहान र म विवेकको साथी राजु गजुरेलको बाटैमा पर्ने घरमा पस्यौँ । दुईवटा प्रवेशद्वारा पार गर्दै भित्र बोलाए राजुले । लन्डनका निजी निवासमा एकैखाले ढोका, घर आदि हुने गर्दो रहेछ । २ तले घरअगाडि थोरै र पछाडि अलि धेरै खाली जग्गा र पुराना सामानहरू राख्ने छुट्टै सानो घर जस्तो तर एउटा ठूलो कोठा रहेछ । बाहिरभन्दा भित्र चाहिँ धेरै राम्रो र सजावट पनि ।

राजु धेरै मिहिनेती, अध्ययनशील, विविध विषयमा जानकारी लिन चाहने प्रस्ट वक्ता रहेछन् । नेपालको बारेमा विशेष चासो राख्दा रहेछन् । उनले नेपालबाट चार्टर्ड एकाउन्टेन्ट पास गरेर केही समय काम पनि गरेका रहेछन् । उनको पुर्ख्यौली थलो भक्तपुर भए पनि उनका बुबा  ठाउँ सर्दै झापा हुँदै भारतको आसामसम्म पुगेकाले राजुले बुबासँगै घुम्ने र सिक्ने अवसर पाएका रहेछन् । केहीबेर राजुसँग गफ गरी सँगै पार्क घुम्न गयौँ ।

# टाउन मार्केट र थेम्स नदीको अवलोकन

२९ श्रावण (अगस्ट १४) गते वसन्तीकी बहिनी भूमिकासँग बिहानको खाना लिएर बिस्तारै नजिकैको यात्रा गर्ने सल्लाह भयो । घरबाट हिँडेरै जान सकिने ठाउँ भएकाले हिँड्दै गयौँ । विभिन्न बाटाहरू पार गर्दै क्विन रोडको किनारैकिनार विभिन्न दृश्यहरूको अवलोकन गर्दै अगाडि बढ्यौँ । जता हेऱ्यो उतै हेरौँहेरौँ लाग्ने मनै लोभ्याउने दृश्यहरू हेर्दै हामी टाउन मार्केट पुग्यौँ । केहीबेर घुमेपछि केही खाना खाएर हामी थेम्स नदी हेर्नतिर अगाडि बढ्यौँ । बिस्तार-बिस्तार दायाबायाँका वस्तु र ठाउँ अवलोकन गर्दै गयौँ । सिमसिम पानी पर्नथाल्यो । एकैछिन ओतमा बस्यौँ । पानी पर्न रोकिएपछि अलि चिसो बढ्यो । मैले ज्याकेट लाएरै गएकाले ठिकै भयो तर भूमिकालाई अलि चिसो भयो । पानी पऱ्यो कि चिसो बढिहाल्दो रहेछ । बेलायत सरकारको नीति बुझ्दा अचम्म लाग्यो । पुराना संरचनाहरूलाई नभत्काई यथास्थितिमा संरक्षण गर्ने, जमिन पनि सकेसम्म नभत्काई यथास्थितिमै राख्ने, हरेक वस्तुले इतिहास झल्काउने खालको हुँदोरहेछ । जतासुकै भत्काउने संस्कारमा हुर्केका हामी नेपालीलाई यस्तो देख्दा अचम्म लाग्नु स्वाभाविक नै भयो । सडक, रुख र घरहरूले बेलायतको तत्कालीन सभ्यता, संस्कृति, विकास र राजनीतिलाई जस्ताको तस्तै देखाइरहेको जस्तो लाग्यो । हामी नेपालीले संरक्षण गर्ने सभ्यता कहिले सिक्न सकिएला भन्ने चिन्ताले मलाई भित्रभित्रै चिमोटिरह्यो ।

लन्डनका लागि ईश्वरको वरदानका रूपमा प्रख्यात थेम्स नदीको किनारमा पुग्यौँ । नदीको किनारमा त्यसै पनि चिसो हावा चल्ने, त्यसमा पनि बादलले ढाकेको आकाश र भर्खरै सिमसिमे पानी परेको अवस्था चिसोको निकै महसुस गरियो । नदी हेर्न आउनेहरूका लागि बेन्चहरू र कुर्सीहरू राखिएका रहेछन्, त्यसैमा केहीबेर बसेर फोटो खिच्यौँ। त्यहाँ साना जहाज र मोटरबोटहरू चल्दा रहेछन् । नदीको किनारमै जोडेर भवनहरू निर्माण गरिएका रहेछन् । नदीको पानीमा फोहोरको ढलहरू मिसाइएको देखिएन । नदीको पानीले लन्डन सहरलाई सफा, स्वच्छ राख्न र मानवीय आवश्यकताहरू पूरा गर्न ठूलो सहयोग पुऱ्याएको रहेछ । मलाई नेपालको राजधानी काठमाडौँमा पनि यस्तै सफा नदी भइदिएको भए काठमाडौँवासी पनि भाग्यमानी हुन्थे होलान् जस्तो लाग्यो तर के गर्नु नदी भएर पनि फोहोरको ढल मिसाउने प्रवृत्ति छ हामीकहाँ । त्यसको अन्त्य नभएसम्म माल पाएर पनि चाल नपाउने हाम्रा लागि जे भए पनि के गर्नु र ! काठमाडौँमा रहेका साना नदीहरूले सहनुपरेको पीडा थेम्स नदीले सहनुपरेको रहेनछ । हामी नदीको पूजा गर्दछौँ तर दुर्व्यवहार गर्न पनि पछि हट्दैनौँ । बेलायतीहरू नदीको सायद पूजा गर्दैनन् होला तर सम्मान र सद्व्यवहार गर्दा रहेछन् भन्ने प्रमाण त्यस थेम्स नदीले प्रस्ट्याएको छ ।

सभ्य मानिसहरू बसेको कुराको पुष्टि प्रकृतिले पनि गर्दो रहेछ । सडकको सरसफाइ, नदीको स्वच्छता, पहाडको सौन्दर्यको जगेर्ना, मान्छेको माया, मानवको सम्मान, नियम कानुनको पालना, राज्यप्रति विश्वास र आस्था जस्ता कुराहरू सभ्य समाजमा पाइँदा रहेछन् । यी कुरा बेलायतबाट सिक्नसकिदो रहेछ । सडक पार गर्दा, सडकको छेउबाट हिँड्दा सबैले सबैलाई आदर गर्ने, अनुशासनको पालना गर्ने जस्ता कुराहरू नेपालले बेलायतबाट सिक्नै पर्ने हुन्छ ।

भूमिका एक फिजियोथेरापी डाक्टर रहिछन् । उनले आफ्नो विषयको ज्ञान हासिल गर्नु स्वाभाविक नै हो तर उनमा अन्य विषयको पनि राम्रो ज्ञान रहेछ । सँगै हिँड्दा बस्दा उनीसँग धेरै कुरा गर्ने अवसर मिल्यो । सानै उमेरमा पनि उनले जीवन र जगत्का व्यावहारिक पक्षका बारेमा धेरै बुझेकी रहिछन् । एउटा परिपक्क अनुभवी व्यक्तिमा भन्दा कम ज्ञान उनमा रहेनछ । उनी गम्भीर र सरल स्वभावकी रहिछन् । उनले व्यावहारिक संसारको बारेमा चासो राखेको पाएँ मैले । सकारात्मक र आध्यात्मिक सोचको पनि उनमा कमी रहेनछ । त्यस दिनको यात्रामा उनीसँग धेरै कुरा साटासाट गर्ने अवसर मिल्यो । धन्यवाद छ भूमिका नानीलाई ।

# ग्रिनविचको अवलोकन

२०७५ श्रावण ३० गते (१५ अगस्ट) का दिन ग्रिनविच घुम्ने दिन जु-यो । जीवनमा धेरै पटक यस शब्दको सम्बन्ध समयसँग जोडेर सुनियो तर त्यस दिन प्रत्यक्ष देख्ने र सो ठाउँमा पाइला राख्ने अवसर मिल्यो । यो अवसर दिलाउन प्रत्यक्ष सहयोग पु-याउने बुहारी वसन्तीलाई धन्यवाद दिन चाहन्छु । दिनको १२ बजेतिर हामी घरबाट पैदलै निस्की एरिथ स्टेसनबाट रेल चढेर ग्रिनविच स्टेसनमा ओर्लियौँ । बिहान नाति पनि स्टोलरमा हामीसँगै छ। रेलबाट ओर्लेर हामी सहर घुम्दै गर्दा भूमिका पनि आइपुगिन्। लन्चटाइम परेकाले मानिसहरू यत्रतत्र बसेर खाना खाइरहेका थिए। यसरी बाटामै बसेर खाना खाइरहेको देख्दा अनौठो लाग्यो । सडकका पेटीहरूमा समेत बसेर टोक्ने, चिथोर्ने, तान्ने, पिउने जस्ता क्रियाहरू गर्दै आ-आफ्नै धूनमा व्यस्त मानिसहरूका भिड नै देखियो । सबैलाई हतार नै भए जस्तो देखिन्थ्यो । सायद अफिसले तोकेको समयभित्र पुग्नु अनिवार्य होला । उनीहरूलाई ठिकठिक समयमा काम गर्ने बानी परेको होला । हामी त्यस्तो बानी नपरेका नेपालीहरूलाई अनौठो लाग्ने नै भयो । यस सहरलाई पनि थेम्स नदीले नजिकैबाट सहयोग पु-याइरहेको रहेछ ।

केहीबेरको सहर घुमाइपछि हामी हल्का उकालो हुँदै निश्चित गन्तव्यतिर अगाडि बढ्यौँ । ग्रिनविचको मुख्य बिन्दु अलि माथि रहेछ । सुन्दर पार्कको बिचबाट बिस्तार हिँड्दै उकालोको शिखर बिन्दुमा पुगियो । ग्रिनविच रेखा (0° देशान्तर रेखा), GMT घडी र अन्य पुरातात्त्विक वस्तुहरूको

अवलोकन गर्ने र फोटो खिच्ने काम गऱ्यौँ । केहीबेर त्यतै रमाइला दृश्यहरू हेर्दै वरिपरि घुम्ने काम भयो । ग्रिनविच रेखा (0° देशान्तर रेखा)सँगै बसेर फोटो खिचियो । आनन्दले भावविभोर हुँदै जीवनमा ठूलो प्राप्तिको महसुस गरेँ । संसारको समयको आधार बिन्दुका रूपमा रहेको घडीलाई पनि नजिकैबाट हेर्ने अवसर पाएँ मैले ।

केहीबेरको घुमघामपछि पुनः तलतिर झऱ्यौँ । पार्ककै बिचबाट तर अर्कै बाटो प्रयोग गऱ्यौँ । पार्कमा युवा युवतीहरूको बाक्लै उपस्थिति देखिन्थ्यो । सबै आफ्नै तरिकाले पार्कको सौन्दर्य र शान्त वातावरणको उपयोग गरिरहेका थिए । हरियो र मुलायम घाँसमाथि बस्न सारै आनन्ददायी लागिरहेको थियो । पार्कको आनन्द लिँदै हामी पुनः ग्रिनविच बजारमै आइपुग्यौँ । बजारको नजिकै ग्रिनविच विश्वविद्यालय रहेछ । हामी त्यतैतिर लाग्यौँ । फराकिलो कम्पाउन्ड भएको, २०० वर्षभन्दा पुराना रङ्गरोगन नगरिएका भवनहरू हाम्राअगाडि उभिइरहेका थिए । छुट्टीको समय रहेछ, विद्यार्थीहरूको चहलपहल थिएन । केही व्यक्तिहरू  देखिन्थे तर हामीले भेट्न पाएनौँ । कम्पाउन्डभित्र यताउति घुम्दै गर्दा दिनेशका परिवार पनि त्यहीँ आइपुगे । सँगै बसेर फलफूलहरू खाइयो र फोटो खिचियो । केहीबेर घुमेर हामी खाजा खाने निर्णयमा पुग्यौँ । वसन्तीले चिनेको ठाउँमा जाने निधो गऱ्यौँ । गुल्मीका स्थायी बासिन्दा काठमाडौँको शङ्खमूलमा घर भएका भट्टराई परिवारले चलाएको क्याफे रहेछ त्यो । दुई सन्तान र बुढाबुढी मिलेर बडो राम्रोसँग क्याफे चलाएको देखेँ मैले । हामीलाई बडो राम्रो व्यवहार गरे । केही खाएर हामी बिदा भयौँ । काम गर्ने चाहना बोक्नेले जहाँ गए पनि आफ्नो क्षमता देखाउँछन् । नेपालीहरूमा जहाँ गए पनि मिलेर बस्ने र काम गर्ने बानी रहेको पाइन्छ । यी भट्टराई परिवार एक उदाहरण पात्र मात्र हुन् । त्यस दिनको डिनर वसन्तीका बहिनीहरूको घरमा तय गरिएको रहेछ । हामी त्यतै गयौँ । विवेक पनि अफिसबाट त्यतै आयो र खाना खाएर हामी सबैजना आफ्नै घरतिर लाग्यौँ ।

# लन्डन ब्रिज र टावर ब्रिजको घुमघाम

०७५ भाद्र १ (१७ अगस्ट) को बिहान हिन्दू मन्दिरको दर्शन गर्न गइयो । त्यतैतिर बसेका केही हिन्दूहरू मिलेर एउटा घर किनेका रहेछन् । त्यहीँ घरभित्र विभिन्न देवीदेवताको फोटो र मूर्ति राखिएको रहेछ । नित्य पूजा र आरतीका लागि २ जना गुल्मीका जेष्ठ महिलाहरूलाई सुम्पिएको रहेछ । विभिन्न चाडपर्वमा मेला लाग्ने, विशेष पूजाआजा गर्ने, कहिलेकाहीँ बिहे व्रतबन्ध जस्ता कार्यहरूसमेत गर्ने गरिँदो रहेछ त्यहाँ । बिदाका दिनमा धार्मिक प्रवचन गर्ने व्यवस्था पनि मिलाइएको रहेछ । नाति बिहानको जन्मदिनको क्रममा उसैबाट पूजा गर्ने कार्य गरियो । केहीबेरको बसाइपछि हामी घर फर्कियौँ ।

त्यसै दिन १२ बजेतिर विवेक, वसन्ती, बिहान र म गाडीमा यात्राका लागि घरबाट निस्कियौँ । क्यानडा वाटर भन्ने ठाउँमा गाडी राखेर हामी रेल चढ्ने ठाउँतिर गयौँ । केहीबेर हिँडेपछि लिफ्टबाट ३ तला तलको रेलवे स्टेसनमा पुग्यौँ । लाइनमा बसेर रेलमा चढ्यौँ । रेलमा भिड भएकाले उभिएरै दुई स्टेसन पार गरी लन्डन ब्रिज स्टेसनमा ओर्लियौँ । लन्डन ब्रिज वरपरको अवलोकन गर्दै टावर ब्रिजतिर लाग्यौँ । बाटामा पर्ने खुला ठाउँ, चौर, बगैँचा आदि हेर्दै गयौँ । विभिन्न देशका मानिसहरू रमाइरहेका थिए । सबैको मुहारमा खुसी देखिन्थ्यो । आ-आफ्ना देशका वेषभूषामा सजिएका थिए । चारैतिर

सफा ठाउँ । अगाडि आवत जावत भैरहने फोटो खिच्नेको भिडै लाग्ने । हामी बिस्तारै टावर ब्रिजतिर लाग्यौँ र ब्रिजमा उभिएर फोटो खिच्ने काम गर्‍यौँ । १८ औँ शताब्दीतिर बनेका पुलहरू प्रशंसनीय नै छन् । त्यस वरपरका पुराना र नयाँ भवनहरू देखिए । थेम्स नदीकै किनारमा रहेको पार्क निकै सुन्दर रहेछ । केटाकेटीहरू खेल्न रमाउने ठाउँमा युवायुवतीको पनि आकर्षण उत्तिकै थियो । हामीले खुसीसाथ रमाइरहेका मानिसहरूसँग खुसी बाँड्न सक्यौँ जस्तो लाग्छ । हामीले पनि पूर्ण आनन्द प्राप्त गर्ने अवसर पायौँ । केहीबेर पार्कमा बसेर फलफूल खायौँ । बिस्तारै घरतिर फर्कने बाटो तय गर्न थाल्यौँ । पुनः रेल चढेर क्यानडा वाटर भन्ने ठाउँमा फर्कियौँ ।

क्यानडा वाटर भन्ने ठाउँमा एउटा पोखरी रहेछ । नेपालको रानी पोखरी जस्तो देखिने तर स्याहार सम्भार नपाएर पुरानो देखिँदो रहेछ । टेस्को नामको सुपरमार्केटको प्राङ्गणमा बसेर विवेक र मैले चिया खायौँ । त्यहाँको चहलपहल हेर्‍यौँ । वसन्तीले केही किनमेल गरिन् । गाडीमा पेट्रोल हालेर हामी घरतिर फर्‍यौँ । साँझमा बिहानको जन्मदिनको सामान्य कार्यक्रम थियो । जसका लागि विविध, दिनेश, दिनेशकी श्रीमती र सासुआमा अनि वसन्तीका बहिनीहरू सबैजना जम्मा भए । विशेष कार्यक्रम भोलि हुने हुँदा आज पूजाआजा गर्ने जस्ता कार्यक्रम मात्र भए । केहीबेर रमाइलो गरियो । सबैले डिनर लिएर आ-आफ्ना घर गए ।

# नाति बिहानको जन्मदिन

नाति बिहानको जन्मदिनको विशेष कार्यक्रम अगस्ट १८ (२०७५ भाद्र २)मा मनाउने भव्य तयारी हुँदै थियो । वसन्तीका बहिनीहरू खुसी, भीमलता, दीपिका र भूमिका बिहानैदेखि तयारीमा जुटेका थिए  । साथमा विवेक र वसन्ती पनि  । खुसी बाँड्न रमाइलो गर्न मानिस बहाना खोजिरहेको हुन्छ । समय-समयमा यस्ता कार्यक्रमहरू गर्ने हाम्रो समाजमा प्रशस्तै सांस्कृतिक परम्पराहरू छन् । एउटा बहाना निकाल्न खासै कठिन हुँदैन । रमाइलो गर्ने बहानामा सामाजिक विकृतिले प्रश्रय पाउनेबारे सचेत रहनु जरुरी हुन्छ । भट्किला, उच्छृङ्खल, फजुल खर्च गर्ने खालका क्रियाकलाप गर्नेतर्फ अगाडि बढ्नु ठिक हुँदैन । सकारात्मक सन्देश दिने स्वच्छ र मनोरञ्जनात्मक सामाजिक कार्यले व्यक्तिमा ऊर्जा थपिन्छ र समाजमा सुसम्बन्धको विकास हुने अवसर प्राप्त हुन्छ । आफन्तहरूको पटकपटकको भेटघाटले नयाँ सोचको जन्म हुन्छ र मनमुटाव हुने सम्भावना रहँदैन । त्यसै स्वच्छ र आनन्ददायी सकारात्मक सन्देश दिनेखालका कार्यक्रम जुनसुकै बहानामा गरिए पनि स्वागतयोग्य मान्नुपर्छ ।

बिहानको जन्मदिनको उपलक्ष्यमा तयार गरिएका खाना एवम् अन्य सजावट निकै भव्य र सभ्य थियो । बिहान पनि सजिएर निकै आकर्षक अवस्थामा प्रसन्न मुद्रामा देखिन्थ्यो । उपस्थित सबैमा एकप्रकारको उत्साह र

प्रसन्नता देखिन्थ्यो । दिउसो २ बजेतिर विवेकका साथीहरू दिनेश, राजु, रितु, मनोज सपरिवार आइपुगे भने वसन्तीका काकाको परिवार पनि केही बेरमा आइपुगे ।

आपसमा बसेर छलफल गर्दाको मजा छुट्टै हुने नै भयो । साँझपख विशेष तरिकाले सजाइएको हलमा सबै जनाको उपस्थितिमा केक काट्ने कार्य गरियो । कार्यक्रम सकिएपछि  बिस्तारै बेलुकाको डिनर लिने कार्य गरियो । खानपिन सकेर सबै जना खुसीसाथ आआफ्ना घरतिर लाग्नुभयो । खासगरी मेरो उपस्थितिलाई मध्यनजर गरी यो विशेष भव्य कार्यक्रमको आयोजना गरिएको थियो । यसका लागि म छोरा विवेक र बुहारी वसन्तीलाई विशेष धन्यवाद दिन चाहन्छु । नाति बिहानलाई दीर्घायुका साथै निरोगी बन्नका लागि जन्म दिनको अवसरमा लाखलाख शुभकामना दिन चाहन्छु । त्यस दिनबाट बिहान तेस्रो वर्षमा प्रवेश गरेको थियो ।

# स्टोन्हेन्ज (Stonehenge) को यात्रा

भाद्र ३ (१९ अगस्ट)गते बिहान ९ बजेतिर विवेकले आफ्नो कारमा वसन्ती, बिहान र मलाई राखेर लन्डन बाहिर रहेको ठाउँ स्टोन्हेन्जतर्फ कुदायो । वसन्तीका बहिनीहरू पनि आफ्नै गाडीमा निस्के । लन्डनको हाइवेमा ७०/८० माइल प्रतिघण्टाको गतिमा विवेकको कार गुडिरहेको थियो । सडकको दायाँ बायाँको हरियाली अवलोकन गर्दै हामी अगाडि बढिरह्यौँ । कतैकतै खेती गरेको जमिन र कतैकतै मात्र बस्तीहरू देखिन्थे बाटामा । जङ्गलको बिचबाट गएको यस मार्गमा जनावरहरूको कारणबाट कुनै अवरोध भएको देखिएन । करिब ३ घण्टाको यात्रापछि हाम्रो गन्तव्यस्थल स्टोन्हेन्जमा पुग्यौँ । वसन्तीका बहिनीहरू पहिले नै पुगिसकेका रहेछन् । गाडी पार्किङ्ग गरेर टिकट लिने ठाउँतिर गइयो । विवेक, वसन्ती र भीमलताले पहिले नै पटकपटक हेरिसेकाले उनीहरू नजाने भए । खुसी, भूमिका, बिहान र म भित्र जाने भयौँ । हाम्रा लागि २१ पौन्डका दरले ४ टिकट लिइयो । टिकटसाथ लाइनमा बस्यौँ । बस चढेर निश्चित ठाउँमा पुग्यौँ ।

अलि उच्चभागमा रहेको समथर घाँसे मैदानका बिचमा ठुलाठुला ढुङ्गाहरू ठड्याइएका र त्यसका माथि पनि ठुलाठुला ढुङ्गाहरू तेर्स्याइएका कतै ठड्याइएका मात्रै १८/२० जति रहेछन् । नजिकै जान नमिल्ने टाढैबाट हेर्ने र फोटो खिच्नेको भिड नै थियो । ज्यादै स्वच्छ र सुन्दर वातावरण रहेछ । आकाश टाउकाको नजिकै भए जस्तो लाग्ने । ती ढुङ्गाहरू कहाँबाट ल्याइयो र कसरी उभ्याइयो भन्ने कुरा आश्चर्य नै लाग्दो रहेछ । फराकिलो ठाउँमा यसरी यी ढुङ्गाहरूले निश्चय नै शोभा बढाएको छ । जीवनमा

हेर्नैपर्ने ठाउँहरूमध्ये यो पनि एक रहेछ । यस ठाउँमा पुग्दा मनमा छुट्टै भावना पैदा हुँदो रहेछ । यो कसरी भयो ? यी ढुङ्गालाई कसरी राखियो भन्ने सन्दर्भमा बुझ्न खोज्दा ५०० वर्षभन्दा पहिलेदेखि नै यिनीहरू अस्तित्वमा रहेको बुझियो । यो कुनै मानिसले राखेको नभएर अरू भूभाग खिइँदै बग्दै गएको र यी ढुङ्गा जस्ता चाहिँ बालुवा र चट्टान जमेर बनेको भन्ने धारणा रहेछ । कसैले चाहिँ मानिसले नै ल्याएर राखेको भन्ने भनाइ पनि बुझियो । जे होस्, खाली चौरको बिचमा यस्तो देख्दा निश्चय नै अनौठो मान्नसकिन्छ । यस ठाउँमा अन्यत्र कतै पनि ठुला ढुङ्गाहरू देखिएनन् । बडो रमाइलोसँग अवलोकन गर्ने फोटो खिच्ने काम गरेर १ घण्टा जति त्यतै बितायौँ । पुनः बस चढेर विवेकहरू भए ठाउँमा गयौँ र खाजाहरू खाएर पुरानो चर्च रहेको ठाउँ सेलिसवुरि (Salisbury) तिर आफ्नै गाडी चढेर लाग्यौँ ।

करिब १ घण्टाजतिको यात्रापछि सेलिसवुरि (Salisbury)मा पुगियो । १७ औँ शताब्दीमा बनेको विशाल चौरको बिचमा रहेको पुरानो तर भव्य चर्चलाई बाहिरबाट हेऱ्यौँ । आइतबार परेकाले ५ बजेपछि प्रवेश निषेध रहेछ । थोरै समय बाँकी रहेकाले केहीबेरभित्र हेर्न गइयो । कलात्मक एवम् सुन्दर चित्रहरू र अन्य वस्तुहरू देख्दा १७ औँ शताब्दीमा भएको विकासलाई राम्ररी बुझ्न सकिन्थ्यो । पादरीहरूको प्रवेश हुनथालेकाले हामी बाहिर निस्कियौँ । बाहिरको वातावरण पनि उत्तिकै मनमोहक थियो । केहीबेर अवलोकन गरेर हामी ५ बजेतिर घरतर्फको बाटो लाग्यौँ । करिब २ घण्टाको ड्राइभपछि हामी एउटा सर्भिस सेन्टर (खाजा खाने, निवृत्त हुने ठाउँ) मा पुग्यौँ । सल्लाघारीको बिचमा रहेको उक्त ठाउँमा भीमलता पनि गाडी हुइँक्याउँदै आइपुगिन् । सबैजना निवृत्त भएर हातमुख धोई आ-आफ्नो रुचिअनुसारका खाजा खायौँ । केही बेरको विश्रामपछि कुन बाटो जाँदा जाम पर्दैन भन्ने गुगलबाट हेरी गाडीलाई उचित मार्गतिर गुडाउने तय गऱ्यौँ । त्यसपछि बाटामा पर्ने रमाइला स्थलहरू हेर्दै साँझ ८:३० बजे हामी घर आइपुग्यौँ । आज धेरै नयाँ ठाउँ र वस्तुहरू हेर्ने काम भयो । निकै रोचक, ज्ञानबर्धक दृश्यहरूले नयाँ ऊर्जा र ज्ञान प्राप्त भएको मैले महसुस गरेँ ।

# मनोज भट्टको जन्मदिन

२०७५ भाद्र ४ (२० अगस्ट) गते आज बेलुका मनोज भट्टले आफ्नो जन्मदिनको उपलक्ष्यमा राजु गजुरेलको घरमा पार्टीको आयोजना गरेका छन् । बडो रमाइलोसँग उक्त पार्टीमा सहभागी भइयो । मनोजबाबुलाई बधाइ दिने र विभिन्न प्रकारका स्वादिष्ट खानाहरूको स्वाद लिने अवसर पाइयो । जिब्रोले बिस्तारै फरक स्वादका खानाहरू लिने अभ्यास गर्दै छ। नेपाली खानामा भन्दा अलि फरक स्वाद हुने हुँदा त्यसैमा अभ्यास हुँदै छ । पार्टी सकेर राति १० बजेतिर घर फर्कियो । धन्यवाद छ मनोज बाबुलाई ।

# पार्कहरू र टाउन सेन्टरको घुमघाम

२०७५ भाद्र ६ (२२ अगस्ट) गते वसन्तीका बहिनी खुसी, दीपिका, भूमिका, बिहान र म ऐतिहासिक पार्क घुम्न गयौँ । पार्क विशाल एवम् सुन्दर रहेछ । नयाँ पुराना रुखहरू, हरियो चौर, विभिन्न प्रकारका वनस्पति र फूलहरू हेर्दै एक कफीसपमा पुग्यौँ । कफीसँगै केक खाएर पुनः पार्क घुम्नतिर नै लाग्यौँ । सबै उमेरका मानिसहरू रमाइरहेका, खाने, पिउने, खेल्ने जस्ता क्रियाकलाप गर्दै सबै मस्त र खुसी देखिन्थे । पिकनिक, खेलकुद जस्ता कार्यक्रमहरू पनि सञ्चालित देखिन्थे । प्रकृतिले खुला हृदयले सबैलाई समान रूपमा माया गरेको जस्तो लाग्ने । आफ्नो आमाको काखमा रहेर खेलेको जस्तो आनन्दको महसुस हुने । मानिसले बनाएको कानुनले मात्र तेरो मेरो भनेर फरक अवस्था सिर्जना भएको हो अन्यथा प्रकृतिले कसैलाई पनि फरक व्यवहार गरेको पाइँदैन । मानिसले आफूलाई साँधुरो घेरामा राखेर प्रकृतिले दिएको खुलापनको अपमान गरेको हो कि भन्ने लाग्दछ । बिस्तारै त्यहाँबाट टाउन सेन्टरतिर लाग्यौँ । केही सामानहरू किनेर त्यहाँको चहलपहल हेर्दै कफी पियौँ । केही समय घुमेर र रमाइलो महसुस गर्दै खुसीहरू बस्ने घरमा पुग्यौँ । राति विवेक र वसन्ती पनि त्यतै आए । बेलुकाको खाना त्यहीँ खाएर हामी घरतिर लाग्यौँ ।

# स्कटल्यान्डको ४ दिने यात्रा

भाद्र ७ (२३ अगस्ट) गते बिहान ९ बजेतिर विवेक, वसन्ती, बिहान र म चारजना हाम्रो गाडीमा र दिनेशको परिवारका चारजना उनीहरूकै गाडीमा निस्कियौँ । लामो यात्रामा हाइवेमा कुदेका गाडीहरूलाई उडेको भन्न मन लाग्ने । आफ्नो लेनमा सबै गाडीहरू अनुशासित तरिकाले कुदेका । आकाशबाट हेरौँ हेरौँ लाग्ने ती गाडीहरूलाई । पहिलो दिन हाम्रो बास बस्ने गन्तव्य स्कटल्यान्डको बोर्डरमा पर्ने न्युक्यासल भन्ने ठाउँ थियो । त्यो ठाउँ पुग्न ६ घण्टा गाडी कुद्नुपर्ने रहेछ । हाम्रो गाडीले बिचमा एकपटक आराम गर्ने मौका पायो । यही मौका छोपी हामीले निवृत्त बन्ने र चियाखाजा खाने काम गऱ्यौँ । बाटामा पर्ने क्याम्ब्रिज विश्वविद्यालय हेर्ने विचार थियो तर बन्द रहेछ । त्यसैले टाढैबाट हेरियो । जता हेऱ्यो उतै मन लोभ्याउने दृश्यहरू थिए । रमाइला दृश्यहरू अवलोकन गर्दै न्युक्यासल पुग्यौँ । त्यहाँ २ वटा एपार्टमेन्ट बुक गरेको रहेछ । गुगलको सहायताले उक्त ठाउँ पत्ता लगायौँ । विवेक र दिनेशले ४ दिनको वासस्थान त्यही एपार्टमेन्टलाई बनाए । साँझ ५ बजेतिर सबै सामानहरू आफ्नो ४ दिने घरमा राखी खाने सामग्री किन्न बजारतिर लाग्यौँ ।

'टेस्को' भन्ने डिपार्टमेन्ट स्टोरमा हामी गयौँ । ४ दिनका लागि आवश्यक सामान खरिद गरेर केहीबेर बजार घुमी ८ बजेतिर वासस्थान पुग्यौँ । बिपना र वसन्ती भएर नयाँ भान्सामा खाना पकाउनथाले । बिपनाकी आमा

पनि खाना पकाउन सिपालु हुनुहुँदो रहेछ । सबै जनाको सहयोगमा रातको खाना तयार भयो । एकातिर भोक पनि लागेको थियो भने अर्कोतिर स्वादिष्ट खाना भेटाएको, सधैँको भन्दा निकै बढी पो रुच्ने भो । बडो रमाइलोसँग गफ गर्दै सबै जनाले खाना खायौँ । खानापछि आआफ्ना कोठामा सुत्न गइयो । सबै कुरा ठिकठाक नै थियो । कोठाको अवस्थाले हो या सुत्ने बिछ्यौनाको कारणले हो मलाई राति खासै निद्रा परेन । एक जना सुत्ने खाट रहेछ , बाक्लो तर अति नै लचकदार डस्ना रहेछ । यताउता फर्किंदा लडिएला जस्तो हुने । किनकिन डर मात्र लागे जस्तो हुने । बेलुका बढी खाएर पनि यस्तो भएको हो कि भन्ने लाग्यो । जे होस्, यो पनि जीवनको एउटा नयाँ अनुभव लिन पाउँदाको छुट्टै मजा छ ।

दोस्रो दिन बिहान उठेर चिया खाजा लिएर ९ बजेतिर स्कटल्यान्डतर्फ प्रस्थान गर्‍यौँ । त्यस दिन 'एडिनवरा' घुम्ने लक्ष्य लिएका थियौँ हामीले । दिनेश र विवेकले सँगै गाडी निकालेर सँगसँगै निस्कियौँ । जाँदै गर्दा बाटो फरकफरक हुन पुगेछ । दिनेशले समुद्रको किनारै किनाराको छोटो बाटो पैलाएछन् र उनी छिटै एडिनवरा पुगे । विवेकको गाडीले लामो र पहाडी बाटो रोजेछ । तर मलाई त ठिक बाटो रोजेको रहेछ भन्ने लाग्यो । साना बस्तीहरू, पशु फार्महरू, कृषि फार्महरू हेर्दै हेर्दै पहाडको निकै माथिल्लो भागमा पुग्यौँ । अलि बढी चिसो लाग्यो । वातावरण चाहिँ ज्यादै रमाइलो थियो । अर्कै लोकमा पुगे जस्तो लाग्ने । विन्ड (Wind) मिलहरू डाँडामा मिलाई राखेकाले अझै सुन्दर थिए ती डाँडाहरू । हामीहरू डाँडामाथिको यात्रा गर्दै थियौँ तर दिनेश भने एडिनवरा पुगेर हामीलाई फोन गर्दै थिए । झन्डै आधा घण्टापछि हामी पनि एडेनवरा पुग्यौँ । दिनेशले पार्किङ्ग गरेको ठाउँमा जाँदै गर्दा जाममा परियो । मलाई काठमाडौँको याद आयो । पुरानो सहर भएकाले सडकहरू साँघुरा नै रहेछन् । जाम छिचोल्दै दिनेशले पार्किङ्ग गरेको भवनमा पुग्यौँ । दिनेशको गाडी पहिलो तलामा पार्किङ्ग गरेको रहेछ तर हामीले चौथो तलामा

मात्र ठाउँ पायौँ । यो भवन छ तले रहेछ । सबै पार्किङ्ग प्रयोजनका लागि मात्र रहेछ ।

हामी दुबै परिवार एकै ठाउँमा भेला भयौँ । सिमसिम पानी परिरहेको रहेछ । चिसो हावासमेत चलेकाले निकै जाडो भएको महसुस गरियो । बाक्लो कपडाको व्यवस्था गरेर गएकाले खासै समस्या परेन । रानीको पुरानो दरबार जुन १५ औँ शताब्दीतिर ढुङ्गैढुङ्गाबाट निर्माण भएको, चट्टानको टाकुरामा अवस्थित थियो । यो क्यासल सहरको बिच भागमा पर्दो रहेछ । ढुङ्गै ढुङ्गाको चट्टान भएको पहाडको शिखरमा गएर हेर्दा यस दरबारको कम्पाउन्डबाट पूरै सहर देखिनुका साथै समुद्र र त्यसपारिको युरोपसमेत देखिने रहेछ । रानी बस्ने त्यो दरबार र अन्य भवनहरू हाल सङ्ग्रहालयका रूपमा स्थापित रहेछन् । बिपनाकी आमा, बिपना, वसन्ती र म चारजना मात्र म्युजियम हेर्न जाने तय भयो । विवेक, दिनेश, विविध र बिहान सहर घुम्नेतिर लागे । टिकट लिएर हामी चारजना दरबारको कम्पाउन्डभित्र पस्यौँ । १४ औँ शताब्दीदेखिका वस्तुहरू, सैनिक खजानाहरू, विभिन्न युद्धका चित्र र दस्ताबेजहरू, तस्बिरहरू, मूर्तिहरू हेर्दै हामीले विभिन्न कक्षको अवलोकन गर्‍यौँ । १४ औँ शताब्दीदेखिका ती बहुमूल्य धातु र ढुङ्गाहरूबाट निर्मित कलाकृतिहरूलाई जीवन्त र जस्ताको तस्तै सुरक्षित राख्न निकै राम्रो व्यवस्था मिलाइएको पाइयो । यद्यपि भर्‍याङ र कोठाहरू निकै साँघुरा र साना थिए तैपनि उज्याला नै थिए । त्यसबेला रानीले बस्ने कोठा, भान्साघर, बैठक आदि अहिले पनि दुरुस्त राखिएका थिए ।

यस म्युजियमले बेलायतको सम्पूर्ण दरबारिया इतिहास, युद्धहरू र विभिन्न युद्धका बारेमा देखाएको छ। हामीले भन्दा इतिहासका अध्ययनकर्ताहरूले यसबाट बढी फाइदा लिनसक्ने देखिन्छ । हामीले कमै बुझ्यौँ । त्यस ठाउँको तस्बिर लिन नपाइने व्यवस्था रहेछ । दरबारको बाहिरी वातावरण हेर्दा अहिले पनि शत्रुहरूलाई आक्रमण गर्न तयार रहेको र प्रतिरोधका लागि पनि तत्पर

रहेको जस्तो वातावरण देखिन्थ्यो । युद्धका सबै सामानहरू, तयारी अवस्थामा राखिएका थिए । दरबार बाहिर भने फोटो खिच्ने पाउने सुविधा रहेछ । फोटो खिचियो । म्युजियममा राखिएका मूर्ति र तस्बिरहरूले बेलायतीहरूले राजसंस्थालाई गरेको सम्मान राजपरिवारको स्थान, भूमिका र गौरवगाथालाई सहजै बुझ्नसकिन्थ्यो । नेपाल पनि राजसंस्थाको लामो इतिहास बोकेको देश हो तर यहाँ राजसंस्थालाई उचित सम्मान गरेको पाइँदैन । राजाहरू पनि कहिले कोही बढी सक्रिय हुने गरेकाले उनीहरूको गुण र दोष देखिनथाले । जब कि बेलायतको राजसंस्थाको दोष देख्ने अवसर मिलेकै छैन । त्यसैले त्यहाँ राजारानीबाट कहिल्यै गल्ती हुँदैन भन्ने विश्वास जनतामा जीबितै छ । नेपालका राजाहरूले यो विश्वास जनताबाट लिन नसकेको हो कि भन्ने जिज्ञासा पनि उठ्ने गर्छ । जे होस्, सम्मान गरेर कोही पनि सानो हुँदैन । हाम्रा राजाहरूले पनि निकै गौरवशाली इतिहास स्थापित गरेका छन् । त्यसको सम्मान गर्नु हाम्रो कर्तव्य नै हुने छ । हामीले अरूलाई सम्मान गर्ने, इज्जत दिने संस्कृतिको विकास गर्न नसकेका हौँ कि जस्तो पनि लाग्छ । कहिलेकाहीँ राम्रा कुरा जोसँग पनि सिक्दा आफू सानो होइँदैन ।

म्युजियमको अवलोकन सकेपछि हामी ४ जना बाहिर आयौँ । गेट बाहिरको एउटा हस्तकलाका सामान बिक्री गर्ने पसलमा गयौँ । केही वस्तुहरू किन्ने काम गरियो । त्यसपछि विवेक र दिनेशलाई खोज्न थालियो । स्कटिस्टहरूको फ्रिन्ज फेस्टिभल (Fringe Festival) पर्व रहेछ । जतातत्तै समूहमा नाचगान भइरहेको थियो । विभिन्न झाँकीहरू, जनावरका आकारमा मानिसहरू डरलाग्दा वेषभूषामा मानिसहरू यत्रतत्र देखिन्थे । कताकता काठमाडौँका नेवारहरूले देखाउने गाईजात्रा अथवा त्यस्तै प्रकारको कुनै पर्वको याद दिलाउने जस्तो लाग्यो । सबै जना मस्त रमाइरहेका आ-आफ्नै तरिकाले त्यस्ता रमाइला दृश्यहरू अवलोकन गर्दै हामी सहरको भित्री भागमा विवेक र दिनेशलाई खोज्नथाल्यौँ । धेरैबेर खोज्यौँ तर उनीहरूलाई भेट्न सकिएन ।

नयाँ ठाउँ, साना सडक मानिसको भिड, चिसो मौसम हामीले सही ठाउँ पत्ता लगाउन सकेनौँ । मलाई धेरै थकाइ र भोक लागेकाले म एक ठाउँमा बसेँ । वसन्ती र बिपना फोन गरेर भेट्ने प्रयासमा हिँडे । केही वेरमा सबै जना म बसेकै ठाउँमा आइपुगे । सबैले कफी र खाजा खायौँ । त्यसपछि चिसो सिरेटोसँग पाउजोरी खेल्दै गाडी पार्क गरेको ठाउँतिर लाग्यौँ । महँगो पार्किङ शुल्क बुझाएर बाहिर निस्कियौं । दिनेश आएको बाटो, समुन्द्रको छेउ भएर बासस्थानतिर अगाडि बढ्यौँ । बाटामा पनि विभिन्न ठाउँहरू हेर्दै आइयो । कतिपय ठाउँले मनै लोभ्याएको थियो । ८:३० बजेतिर हामी हाम्रो ४ दिने बासस्थान न्युक्यासलमा पुग्यौँ ।

# लेकसाइडको यात्रा

तेस्रो दिन भाद्र ९ (२५ अगस्ट) गते हाम्रो लेकसाइड हेर्ने योजना थियो । हामी हाम्रो वासस्थान न्युक्यासलबाट बिहान ९:४५ बजेतिर लन्डनकै एक छेउ, जहाँ प्रख्यात ताल रहेछ त्यही हेर्नका लागि प्रस्थान गऱ्यौं । करिव ३ घण्टाको यात्रा गर्दा बाटामा ज्यादै राम्रा अविस्मरणीय ठाउँहरू देखिए । कतै जङ्गल त कतै हराभरा बस्ती त कतै ठाडै उकालो छ भने कतै भिरालो बाटो हुँदै हामी निकै उच्च भागमा पुग्यौं । कुनै रुख बिरुवा नभएको उजाड ठाउँ जता हेरे पनि खाली ठाउँ मात्र मानव बस्ती पनि नभएको खेतीयोग्य जमिन पनि नभएको, आकाशको नजिकै भए जस्तो निकैमाथि पुगे जस्तो ठाउँबाट हाम्रो गाडी हुइँकिँदै थियो । शिखरबाट हेर्दा खाना खाने प्लेट जस्तो आकारको जमिनको एक भागबाट हामी गुडिरहेका छौं जुन बाटो आकाशमा हो कि जमिनमा जस्तो लाग्ने । केहीबेर यस्तो सिधा बाटोको यात्रापछि हाम्रो गाडी तलतिर झर्दछ र एउटा हराभरा उपत्यकामा पुग्दछ । त्यहाँका घर र पर्खालहरू ढुङ्गैढुङ्गाले लगाएको रहेछ । हाम्रो नेपालको मेरो गाउँको याद आउने गरी । कताकता आफ्नो बालपन हुर्केको ठाउँ देख्न पाएको अनुभूति भयो । घरहरूमा भेडा र गाईहरू पालन गरेको, सेता भेडाहरूको फार्म र कैला गाईहरूको फार्म देख्दा सारै रमाइलो लाग्ने । भेडा र गाई हेर्ने गोठाला भने कतै देखिएनन् । बस्तीबाट पुनः टाढा हुँदै जङ्गलको बाटो हामी अगाडि

बढ्यौँ । कतै कृषि फार्महरू देखिन्थे । यसरी हाम्रो यात्रा निरन्तर अगाडि बढिरह्यो र १२ : ३० बजे हामी लेकसाइडमा पुग्यौँ ।

हामी अलि ढिला पुगेर हो कि के हो पार्किङ्ग गर्ने ठाउँ नै पाउन सकिएन । हजारौँ गाडीले सबै ठाउँ ओगटिसकेका रहेछन् । मलाई अलि सन्चो भएन । टाउको दुख्ने र रिँगटा लाग्ने, वाकवाकी लाग्नेजस्तो भएकाले विवेक, वसन्ती र मैले बोटको यात्रा नगर्ने निर्णय लियौँ । एकातिर पार्किङ्ग नपाएको अवस्था भने अर्कोतिर मलाई सन्चो नभएको, त्यसैले हामी बोट चढ्नेतिर लागेनौँ । दिनेशको परिवार र बिहान सानो जहाज चढेर ४५ मिनेट ताल घुमेर आए । यतिबेलासम्म हामीले पनि गाडी पार्किङ्ग गरेर यताउताको रमाइलो ठाउँहरूको अवलोकन गर्ने र फोटाहरू लिने काम गऱ्यौँ । दिनेशहरू फर्केर आएपछि सबैजना सँगै बसेर चिया खाजा खायौँ । मेरो स्वास्थ्य ठिक नभए पनि सकिनसकी सबै ठाउँमा सरिक भएँ । पार्कमा बिहान र विविधको खेल हेऱ्यौँ । हजारौँ मानिसको उपस्थितिले जताततै मानिसैमानिस भरिभराउ थिए । १० कि.मि.भन्दा लामो तलाउ जङ्गलको बिचमा रहेको, चौडाइ १ कि.मि. जति थियो होला अचम्मै लाग्ने । डुङ्गाहरू जताततै तैरिएको देखिन्थ्यो । तालको किनारमा होटेल र रेस्टुरेन्टहरूको सङ्ख्या प्रशस्त थियो । गाडीको पार्किङ्ग शुल्क र पिसाब गरेको शुल्क ज्यादै महँगो रहेछ । हामी नेपालीले मनमनै नेपाली पैसामा रूपान्तरण गरेर विचार गर्दा त बाँच्न निकै महङ्गो पर्ने रहेछ । ४ बजेतिर हामी घर फर्कियौँ । ठाउँको त्यसरी नै सदुपयोगमा ल्याउन सके नेपालका विभिन्न तालहरूले कति पर्यटकलाई आकर्षित गर्न सक्थ्यो होला साथै देशले राम्ररी राजस्व प्राप्त गर्न सक्ने थियो होला तर हाम्रो देशमा त्यसतर्फ ध्यान कहिले पुग्ने हो र त्यसका लागि आवश्यक पूर्वाधारको तयारी कहिले हुने हो ?

चौथो दिन भाद्र १० (२६ अगस्ट) गते हामी चार दिने यात्रा सकी घर फर्कने योजनामा थियौँ । चार दिनको न्युक्यासलको बसाइ, एडिनवरा

र लेक साइडको अवलोकन सकेर त्यस दिन हामी लन्डनको आफ्नै घरतर्फ जाने तयारी गर्दै थियौँ । बिहान हेभी ब्रेकफास्ट लिएर हामी लन्डनका लागि १० बजे प्रस्थान गऱ्यौं । बिहानैदेखि पानी परिरहेको थियो । पानी परेका कारण आजको यात्रा त्यति रमाइलो भएन । कतै हल्का त कतै भीषण वर्षा भइरहेको थियो । पानी परेकाले चिसो बढेको थियो । घरमा पुगेर कपडाहरू फेरेर ऋतुको घरमा खाना खान गयौँ । ऋतुले दिनेश, विवेक र राजुको परिवारलाई खान बोलाएका रहेछन् । ऋतुको श्रीमान् श्रीमती बडो रमाइलो गफ गर्ने र मिठो खाना बनाउने रहेछन् । सबैले स्वादिष्ट खानाहरू खायौँ । हामीलाई थकाइ लागेकाले धेरैबेर नबसी घरतिर लाग्यौँ ।

यस ४ दिनको यात्राले धेरै कुरा सिक्ने अवसर दियो । वास्तवमा बेलायत एउटा अनुकरणीय इतिहास बोकेको सभ्य मुलुक रहेछ । हामीले बेलायतबाट सिक्ने धेरै कुराहरू छन् । ऐतिहासिक सम्पदाहरूको संरक्षण गर्ने, इतिहासलाई सम्मानका साथ रक्षा गर्ने, अरूलाई सम्मान गरेर आफू स्वयम् सम्मानित भइन्छ भन्नेजस्ता कुराहरू सिक्न सकिन्छ । प्रकृतिको संरक्षण गरेर त्यसको सदुपयोग गर्न सकेमात्र पनि देशले ठूलो लाभ लिन सक्दछ । माटोलाई माया गर्नेले मात्र राष्ट्रको सच्चा माया गरेको कुरा पुष्टि हुन्छ । जमिन, जङ्गल र जलको संरक्षण गर्न बेलायतले कुनै कसर बाँकी राखेको छैन । यी कुराहरू नेपालले सिक्न जरुरी छ ।

वास्तवमा भन्नुपर्दा विदेशमा गएपछि स्वदेशको बढी याद आउँदो रहेछ । विदेशमा बस्दा स्वदेशबाट कसैले फोन गर्दा पनि निकै खुसी मिल्दो रहेछ, धेरै माया गरे जस्तो लाग्दो रहेछ । मलाई बेलायतमा आफ्नै घरमा बस्दा, आफ्नै परिवारसँग बस्दा त कहिलेकाहीँ यस्तो महसुस हुन्छ भने एक्लै कतै बस्नेको अवस्था के होला । बेलायतले गरेको विकासलाई हामीले व्याख्या गर्नु आवश्यक छैन तर यहाँबाट सिकेर आफ्नो देशमा केही गर्ने कोसिस गर्नु राम्रो हुन्छ । हामीले पर्यटन उद्योगलाई प्राथमिकता दिएर विकास गर्न सके हाम्रो

सुन्दर प्रकृतिको सदुपयोग हुनेछ । हाम्रो देश नेपालमा जस्तो विविधता अरू कमै देशमा होला । यही विविधताले पूर्ण हाम्रो भौगोलिक बनोटलाई उपयोग गरेर पर्यटन उद्योगमा लगानी गर्न सके देशको आर्थिक विकास निश्चित छ । पर्यटन स्थलहरूको सुविधायुक्त व्यवस्थापन गरेर देश विदेशमा विज्ञापन गर्न सके नेपालमा पर्यटन व्यवसाय राम्ररी फस्टाउन सक्नेछ । बेलायतले सीमित क्षेत्रको सदुपयोग गरेर प्रसस्त लाभ लिन सकेको छ । यसबाट नेपालले धेरै कुरा सिक्न सक्दछ ।

# बकिङ्हम प्यालेस र छेउछाउ घुम्दा

भाद्र १२ (२० अगस्ट) गते विवेक, मनोज र म लन्डन सहरको केही प्रमुख स्थलहरूको अवलोकन गर्ने क्रममा ११:३० मा विवेकको घरबाट निस्कियौँ । एरिथ स्टेसनबाट रेल चढेर उलविच (Woolwich) स्टेसनमा ओर्लियौँ । मनोज त्यतै बस्ने रहेछन् । उनी केही समान लिन कोठातिर गए । विवेकले मलाई केहीबेर त्यतै घुमायो । नजिकैको पार्कमा गयौँ । नेपालीको बाक्लो उपस्थिति रहेछ त्यहाँ । पार्कमा पनि नेपाली बुढाबुढीको बाहुल्य थियो । केहीबेरपछि पुनः रेल चढेर लन्डन ब्रिजमा पुग्यौँ । त्यहाँबाट अर्को रेल चढ्न १०० फिट तल झर्नुपर्दोरहेछ र यसको लागि डरलाग्दा ३ वटा स्वचालित घुम्ने भऱ्याङको प्रयोग गरियो । मानिसको भिड रहेछ । सिट नपाइने स्थिति रहेछ । उभिएरै धेरैले यात्रा गर्दा रहेछन् । हामीले पनि यसै गऱ्यौँ र तेस्रो स्टेसनमा ओर्लियौँ । पुनः १०० फिट जतिमाथि उस्तै भऱ्याङको प्रयोग गरी माथि सडकमा आइपुग्यौँ । हाम्रो अगाडि मर्मत भइरहेको विगवेन र लन्डन आई देखा परे । केही बेर त्यता अलमल गरियो । सँगै रहेको वेस्टमिन्सटर संसद् भवन पनि देख्न पाइयो । संसदीय व्यवस्थाको जन्मदाता बेलायतको यो संसद् भवनको आफ्नै विशेष महत्त्व हुनु स्वाभाविक नै हो । पुरानो शैलीमा बनेको यो भव्य भवनलाई २ तिरबाट हेरियो ।

सुन्दै बडो रमाइलो तर शिक्षाप्रद वस्तुहरूको अवलोकन गर्दै हामी बेलायतका प्रधानमन्त्री बस्ने घर र क्याविनेट बस्ने भवन हेर्न पुग्यौँ । सबै

भवनहरू उस्तै उस्तै शैलीमा निर्माण भएका र बाहिर खासै रङ्ग रोगन नगरेका रहेछन् । त्यसपछि हामी 'बकिङ्हम प्यालेस' हेर्न अगाडि बढ्यौं । महारानीको पार्क घुम्ने सल्लाह भयो । ग्रिन पार्कभित्र प्रवेश गरियो । खेलहरू खेल्ने र परेड खेलाउने खुला ठाउँ हुँदै अगाडि बढ्यौं । पार्कको छेउमा रानीका ठुलाठुला भवनहरू रहेछन् । पार्कभित्र थरिथरिका रुख, बिरुवा, लगाइएका, जतासुकै सफा र व्यवस्थित बस्ने ठाउँहरू रहेका र विभिन्न जात र रङ्गका फूलहरू देख्दा आँखाले अन्यत्र हेर्नै नचाहने स्थिति थियो । मानिस घुम्ने बाटाको दायाँबायाँ बनाइएका ड्याङ्मा सजिएका फूल र बिरुवाहरू जताततै देखिने र हरियो चौरमा साना एवम् ठुला जात जातका रुखहरू लाइनमा मिलेर ठडिएका दृश्यहरू देख्दा धर्तीमा पनि यस्तो ठाउँ बन्न सक्दो रहेछ भन्ने लाग्ने । पार्ककै छेउमा त्यस्तो लामो पोखरी र त्यस्मा पौडी खेलिरहेका विभिन्न प्रकारका हाँसहरूलाई हेर्दै गर्दा समय बितेको पत्तै नपाइने । आफू पनि हाँसहरूसँगै खेलेको कल्पना गर्दाको आनन्द लिन सक्नु आफ्नै क्षमताको कुरा हो । हिँड्दा हिँड्दै थकाइ र भोकको महसुस भयो । तीनैजनाले मनोजले लगेको फलफूलहरू खायौं ।

रानीको दरबारको अगाडि पुग्यौं । दरबार अगाडिको खुला ठाउँमा अग्लो सुनौला रङ्गको उड्दै गरेको परी जस्तो देखिने एउटा मूर्ति राखिएको रहेछ । ठूलो गेट रहेछ जसमा घोडा चढेका फुर्तिला सुरक्षा जवानहरू दायाँ बायाँ रहेछन् । यस गेटको नाम नै हर्स गेट रहेछ । त्यसको फोटोहरू खिच्यौं । घोडासँगै बसेर फोटो खिच्नेको भिड नै हुँदो रहेछ । यसरी रानीको दरबारको गेटलाई सुरक्षित र सुसज्जित देख्दा रमाइलो भयो । बिस्तारै हामी मूल सडकतिर निस्कियौं । मूल सडक हुँदै केही अगाडि पुग्दा सडकको दायाँ बायाँ ४ ओटा अग्ला स्तम्भहरू भेटिए । ती स्तम्भहरूमा केही राष्ट्रहरूको नाम लेखिएको रहेछ । त्यसमा नेपालको नाम पनि 'किङ्गडम अफ नेपाल' भनेर लेखेको पढियो र फोटो खिचियो । त्यहाँ नेपालको नाम पढ्दा शरीरमा

एक प्रकारको तरङ्ग पैदा भएको महसुस भयो । पुनः अर्को पार्क घुम्दै हामी लन्डनको मुख्य बजारमा पुग्यौँ । त्यस बजारलाई महँगो बजारका रूपमा चिनिँदो रहेछ । उक्त बजारमा विश्वका महँगा गाडीहरू, गरगहना, फर्निचर, अन्य सामानहरू राखिएका रहेछन् । ठुलाठुला व्यापारी र धनाढ्य व्यक्तिहरूले मात्र प्रवेश गर्ने आँट राख्दा रहेछन् । पसलको गेटमा देख्दै डरलाग्ने व्यक्तित्व भएका गार्डहरू राखिएका लाइनमा बसेर पसलभित्र प्रवेश गर्ने जस्ता व्यवस्था भएको, सामानमा मूल्य नलेखिएको, पसलअगाडि राखिएका गाडीहरू पनि आकर्षक एवम् मूल्यवान् देखिएको अवस्थाले हामीलाई तान्यो ।

बजारको चोकमा नाच्ने, गाउने, खेल खेलाउने जस्ता मान्छेहरूको बाक्लै उपस्थिति रहेछ । साँझपख हुँदै जाँदा मानिसको भिड बढ्दो रहेछ । सडक पेटीमै खाना खाने व्यवस्था रहेछ । २४ सै घण्टा खुला रहने यो बजार लन्डनको प्रमुख बजार नै मानिँदोरहेछ । हिँड्दै अर्को चोक (Picadilly ciraus)मा पुग्दा घरको भित्तामा ठूलो पर्दामा टिभी देखाइएको रहेछ । त्यसले वस्तुका विज्ञापनहरू देखाइरहेको थियो । त्यसै ठाउँमा सानो बट्टा कोक सित्तैँमा बाँड्ने व्यवस्था रहेछ । विवेक र मनोजले कोक पिए, मैले पिइनँ । बिस्तारै हामी अर्को डबलीमा पुग्यौँ । त्यो डबली नेपालको हनुमान ढोकाको कुमारीको दर्शन गराउने चोक जस्तै रहेछ । त्यहाँ रहेको खुल्ला ठाउँलाई दोस्रो विश्वयुद्ध सुरु गरेको ठाउँका रूपमा लिइँदो रहेछ । पछि पनि युद्धको घोषणा यहीँबाट हुने रहेछ । राष्ट्रिय स्तरका ठुला कामको घोषणा यहीबाट हुने रहेछ । यस ठाउँलाई पवित्र ठाउँका रूपमा लिने गरेको रहेछ ।

# काका सीताराम र काकी हिराको घर जाँदा

भाद्र १६ (१ सेप्टेम्बर) गते वसन्तीका काका सीताराम र काकी हिराको निमन्त्रणामा जान बिहान ११ बजेतिर खुसी र हाम्रो परिवार प्रस्थान गर्‍यौं । लन्डन सहरको बिचबाट कहिले जमिनमुनिबाट त कहिले जमिनमाथिबाट पुलबाट गाडी गुडाउँदै हामीलाई लन्डन सहरको दृश्य देखाउँदै करिब २:३० तिर काकाको घरमा पुग्यौं । थेम्स नदीलाई जाँदा मुनिबाट र फर्कँदा माथिबाट पार गर्ने अवसर प्राप्त भयो । काकाको घर लन्डनबाट पश्चिम पर्ने र हाम्रो घर लन्डनबाट पूर्व पर्ने रहेछ । काकाको घर बडो सुन्दर ठाउँमा रहेछ । नेपालीहरूको पनि ४, ५ घरसँगै रहेछ । काकाका २ छोरा सङ्गम र साहान बडो मिजासिला र नम्र स्वभावका रहेछन् । सानो र सुखी परिवार रहेछ उहाँको । काकीले सारै खुसी र प्रसन्न भएर स्वागत सत्कार गर्नुभयो । थरिथरिका खानाका परिकारको सुन्दर बगैंचामा स्वाद लिने अवसर मिल्यो । उहाँको बगैंचामा फूल मात्र होइन तरकारीहरू पनि निकै प्रकारका रहेछन् । तरकारीहरू लगाइएको देख्दा मलाई नेपालको याद आयो । नेपालमै पाइने खालका तरकारीहरू लगाइएका थिए । उहाँको बारीकै तरकारीहरूको स्वाद लिने अवसर पाइयो । वसन्तीका अरू बहिनीहरू पनि भएकाले जम्मा १२ जना हामीले दिनभर थरिथरिका खाना खाएर ज्यादै रमाइलोसँग दिन बितायौं ।

उहाँहरूले आफ्नो बगैँचालाई सजाएको र नेपालकै फलफूलका बिरुवाहरू लगेर नेपालको झल्को आउने गरी जुन मिहिनेत गर्नुभएको छ त्यसको जति प्रशंसा गरे पनि कम नै हुन्छ । परिवारका सदस्य सबै उत्तिकै सक्रिय भएकाले नै त्यो सम्भव भएको हो भन्ने लाग्छ । हामीलाई खासगरी मलाई उहाँहरूले साह्रै नजिकको व्यवहार गर्नुभयो । विभिन्न उपहारसहित हामी त्यहाँको साँझ ८ बजेतिर बिदाबारी भएर आफ्नो घरतिर लाग्यौँ । रातिको झिलिमिली लन्डनलाई राम्ररी हेर्ने अवसरको फाइदा लिँदै घरतिर लाग्यौँ । रातको समयलाई त्यहाँका मानिसले बढो मनोरञ्जन र खुसीका साथ खाने पिउने, मस्ती गर्दै बिताउँदा रहेछन् । कोही नसाको सुरमा मानौँ पृथ्वी नै हल्लिए जस्तो गर्दै हिँडिरहेका थिए । कोही आपसमा अङ्किए जस्तो देखिन्थे । तर पनि झगडा गरेको फलाकेको सडकमा लम्पसार परेको कतै देखिएन । सबै जना सुझबुझमै रहेको जस्तो देखिन्थ्यो । दिनमा भन्दा रातमा अझ रमाइलो देखिन्थ्यो लन्डन । विवेकले गाडी कुदाइरहँदा पनि मलाई भने रमाइलो हेर्न भ्याइनभ्याई थियो । यस्तै रमाइलो हेर्दाहेर्दै विवेकले गाडीलाई घर छेउमा पुर्‍याएर रोक्दा मलाई भने सिनेमा सकिएर पर्दा झरेको जस्तो लाग्यो ।

# समुद्रसँगको पहिलो भेट

भाद्र १७ (2 Sept) गते समुद्रको दर्शन गर्ने मुख्य उद्देश्यका साथ बिहान १०:३० बजेतिर घरबाट निस्कियौँ । हामीसँगै दिनेशको परिवार पनि घुम्न जाने तयारीमा थियो । हाम्रो त्यस दिन बिहानको लन्च डा. भीमलता (वसन्तीकी बहिनी) को घरमा गर्ने तय भएको थियो । करिब २ घण्टाको समय लिएर गाडीले हामीलाई भीमलताको घरमा पुऱ्याउने काम गऱ्यो । सबैजना जम्मा भएर तयार रहेको खाना जसमा भीमलताको सिप र जाँगरले स्थान पाएको थियो । स्वादिष्ट र विविध प्रकारका खानाहरू खाएर भीमलतासहित सबैजना समुद्रको आनन्द लिने उपयुक्त ठाउँ फ्रिन्टन अनसी (Frinton-on-sea) तिर लाग्यौँ । करिब एक घण्टाको यात्रपछि विवेक, दिनेश र भीमलताले ड्राइभ गरेक तीनवटा गाडी प्रिन्सनमा पुगे । हामी सबै खुसीले रमाउँदै उनीहरूलाई साथ दिँदै गाडीबाट उत्रियौँ ।

आज कृष्ण जन्माष्टमीको दिन, शुभदिन मैले जीवनमा पहिलोपटक समुद्र देवको पाउ छुने अवसर पाएँ । समुद्रको दर्शन गरेर शिरमा जलसेचन गर्दा आफूलाई धन्य सम्झें । मलाई यस अवसर दिलाइदिने छोरा बुहारीलाई मनमनै धन्यवाद पनि दिएँ । हामी तीन पुस्ता, बिहान, विवेक र मसँगै यो पवित्र स्थलको दर्शन र स्पर्श गर्ने अवसर प्राप्त गराउने श्रीकृष्णलाई हृदयदेखि नै सबैको तर्फबाट प्रणाम गरेँ । समुद्रको किनारनजिकै रहेको सानो बस्ती जहाँ खास गरेर बुढाबुढीहरू र व्यापारीहरू बस्ने गर्दा रहेछन् । समुद्रको छेवैमा ससाना कटेजहरू बनाइएका रहेछन् । त्यहाँ पनि मानिसहरूले राति बस्न इच्छा राख्दा बस्न पाइँदो रहेछ । समुद्रकै साथ बालुवामाथि प्लास्टिकका आराम

गर्ने र सुत्न मिल्ने सामग्रीहरूको व्यवस्था पनि रहेछ । त्यहाँ थुप्रै मानिसहरू त्यसको भरपूर फाइदा लिने गर्दा रहेछन् । नाचगान गर्ने व्यक्तिहरू पनि प्रशस्तै हुँदा रहेछन् । सबैले आ-आफ्नै तरिकाले आनन्द लिइरहेका थिए । कोही पौडी खेलेर, कोही डुङ्गा चलाएर, कोही नाचेर त कोही हेरेर मज्जा लिइरहेका देखिन्थे । वसन्तीकी बहिनी खुसीले केहीबेर ग्रुपमा नाचिन, हामीले फोटाहरू लियौँ र विभिन्न दृश्य अवलोकन गरेर आनन्द लिइरहेका थियौँ । विविध र बिहानले पनि निकै लीलाहरू देखाए  । त्यसको पनि मज्जा लिइयो ।

समुद्रमा जहाज र डुङ्गाहरू चलिरहेका थिए । विन्डमिल आफ्नो लयमा घुमेर बिजुली उत्पादन गरिरहेको थियो । सुमन्द्रको पानी बगिरहेको नदेखे तापनि छालहरू आइरहँदा चलायमान नै देखिन्थे । रात नजिकिँदै गर्दा छालमाथितिर बढ्दो रहेछ । आफ्नो अगाडि पूरै पानी नै पानी देखिने मानौँ संसार सबै पानीले नै ढाकेको छ कि जस्तो लाग्ने । सायद मेरो पहिलो भेट भएर होला यस्तो लागेको । समुद्रसँगको यो अनुभवलाई बिर्सन मलाई निकै मुस्किल पर्नेछ । समुद्रको किनारमा बसेर केही समय बिताएपछि पुनः हामी भीमलताको घरतिर लाग्यौँ । यसअघि मैले समुद्रसँग बिदा लिई पुनः नमस्कार गर्दै नतमस्तक भएको थिएँ ।

५ बजेतिर हामी भीमलताको घरमा पुग्यौँ । बेलुकाको खाना भीमलता, खुसी र एकजना त्यही घरमा बस्ने नानीसमेत भएर तयार गरे । खाना खाएर ७:३० बजेतिर त्यहाँबाट घरका लागि निस्कियौँ । ९:३० बजेतिर विवेक र हामी सबैजना घर पुग्यौँ । यात्रा सामान्य जस्तो देखिए पनि यसले निकै प्रभाव पारेको छ, खास गरेर मलाई । यो एउटा ऐतिहासिक क्षण बन्न पुगेको छ । नयाँ अनुभूति गर्ने अवसर प्राप्त भएको छ । प्रकृतिले हामी नेपालीलाई समुद्रसँग मिलेर बस्ने अवसर नदिए तापनि हामी समुद्रलाई धेरै माया र सम्मान गर्दछौं । जीवनको ६ दशक पार गर्दै गर्दा मैले यो अवसर प्राप्त गर्न सकेँ  । यसलाई म अहोभाग्य ठान्दछु । मभन्दा पहिला पुस्ताहरूले सायद यो अवसर प्राप्त गर्न सकेनन् होला ।

# फोनमा कुराकानी र भान्जा योगेश उपाध्यायसँगको भेट

भाद्र २० (५ सेप्टेम्बर) गते नेपालमा रहेका आफन्तहरूसँग फोनमा कुराकानी गर्दाको छुट्टै मजा भयो । सधैं भेटिरहने आफन्तहरू पनि टाढा बस्दा फोनले नजिक बनाउँदो रहेछ । फोन आविष्कार गर्ने महान् व्यक्तिलाई नमन गर्न मन लाग्यो । आजका मानिसहरूले सजिलैसँग जहाँबाट पनि जसलाई पनि नजिकै बसेर कुरा गरे जस्तै कुरा गर्न मिल्ने नेटको सुविधा पाएका छन् । हाम्रा पुर्खाहरूलाई यो सुविधा प्राप्त थिएन । विज्ञानले आज संसारलाई एउटै गाउँ बनाएको छ । सम्पर्कको आवतजावतको सुविधाले सबै नजिक भएका छन् । मन र विचारले जो कोही पनि टाढा हुन् सक्दछ तर सञ्चार र यातायातले सम्पर्कको दूरीलाई नजिक बनाइदिएको छ ।

भान्जा योगेश उपाध्याय १ बजेतिर मलाई भेट्न आए । उनी १५ वर्षदेखि बेलायतमा बस्दै आएका हुन् । हाल अक्सफोर्ड विश्वविद्यालयमा कानुन विषयमा प्राध्यापन गर्दै छन् । सिनियर लेक्चररका रूपमा सरकारी जागिर खाएर व्यवस्थित र इज्जतसाथ बसेको कुरा बुझ्दा ज्यादै खुसी लाग्यो । मसँग भेट्दा उनमा पनि खुसीको लहर भाव मुद्राबाट प्रस्ट देखियो । उनले नेपालका बारेमा चासो राखेर गरेको कुराकानीले म उनीप्रति सारै प्रभावित भएँ । उनमा धेरै परिवर्तन आएको पाएँ । गहकिला, सारगर्भित एवम् तार्किक कुरा गर्ने अभ्यासको विकास भएको पाएँ । उनी धेरै कुरामा परिपक्क भएको र सोच्ने, बोल्ने, व्याख्या गर्ने क्षमतामा अभिवृद्धि भएको पाउँदा धेरै खुसी लाग्यो ।

हामी दुबैले आ-आफ्ना बाल्यकालदेखि हालसम्मको अवस्थामा आइपुग्दासम्मका सङ्घर्षका क्रमका बारेमा चर्चा गऱ्यौं । प्रयत्नले मानिसलाई अगाडि बढ्ने बाटो सधैँ खुला राख्दो रहेछ । भान्जा बाबु मेरो भन्दा निकै कम उमेरका छन् तर पनि उनको अनुभव र दक्षताले मलाई उछिन्न खोज्दै छ जस्तो लाग्यो मलाई । धन्यवाद र बधाई छ उनलाई । हाम्रो शुभकामना छ प्रगतिका लागि ।

नेपाल फर्कने कि भन्ने मेरो जिज्ञासामा उनले प्रस्ट बताए "नेपालमा योग्यताको, क्षमताको कदर हुँदैन ।" चाकडी गर्नुपर्ने, पार्टीको कार्यकर्ता बन्नुपर्ने, विभिन्न दबाबमा परेर गलत कामहरू गर्नुपर्ने जस्ता थुप्रै कारणले गर्दा हामी जस्ता मान्छेले त्यहाँ टिक्न र प्रगति गर्न कठिन छ भन्ने उनको विचार थियो । "चाहना हुँदाहुँदै पनि बाध्यताले नेपाल छाडियो र भोलि पनि नेपाल बस्ने सम्भावना निकै कम छ किनकि छोराछोरीहरू यतै भिजिसके । हामीलाई पनि यतै बस्ने बानी परिसक्यो । मामाहरूलाई चाहिँ यता बस्न खासै मन नलाग्न सक्दछ तर हाम्रो अवस्था फरक भइसक्यो । सक्षम र योग्य हामी जस्ताले छोड्दै गर्दा देशले अवश्य नै क्षति भएको महसुस गर्नैपर्छ । यो स्थिति देशको लागि निश्चय नै राम्रो होइन ।" उनले भने हामी दुईको वार्ताले २ घण्टाभन्दा बढी समय लियो । दुबै जना खुसी साटासाट गरेर छुट्टियौं ।

# लन्डन जू (London Zoo) को भ्रमण

भाद्र २३ (८ सेप्टेम्बर) गते बिहान ११ बजेतिर विवेक, बसन्ती, खुसी, बिहान र म लन्डनको चिडियाघर र रोयल गार्डेन हेर्न घरबाट निस्कियौँ । १:३० बजेतिर हामी चिडियाघर पुग्यौँ । एकजनाको २७ पौन्डका दरले टिकट किन्यौँ । चिडियाखानामा उल्लेखनीय वस्तुहरू खासै नभए तापनि पेन्गुइनको खेल हेर्न लायकको थियो । माछाका प्रकार पनि राम्रै थिए । अन्य कुरा खास गरेर, कम उमेरकाहरूलाई लक्षित गरी व्यवस्था गरिएको हो कि जस्तो अनुभव हुने । केटाकेटीहरू खेल्ने र हेरेर केही शिक्षा लिने खालको सामग्रीहरूको व्यवस्था उल्लेख्य थियो । आफ्ना नानीहरू लिएर भिड नै उपस्थित थियो । दिनभर यताउता घुमेर बित्यो । ५ बजेतिर हामी बाहिर निस्कियौँ । पानी पर्न सुरु गरेकाले रोयल गार्डेन घुम्ने धेरै समय हामीसँग रहेन । एकछेउबाट घुम्दै सामान्य अवलोकन गर्नसकियो । पूरै घुम्न एकदिनमा हम्मेहम्मे हुन्छ भन्ने सुनियो ।

हामीले कल्पना गरेको स्वर्ग यही नै हो कि जस्तो लाग्ने । अप्सरा र देवता जस्ता देखिने, बगैँचाको शोभा बढाइदिन विभिन्न क्रीडाहरू गर्दै गरेका दृश्यले मलाई आफू कहाँ छु भन्ने नै बिर्सेको जस्तो बनायो । थोरै भागको अवलोकनबाट पूरै गार्डेनको अनुमान गर्नसकियो भन्ने मलाई लाग्दैन । पूरै अवलोकन गर्ने अवसर कुनै दिन मिल्नेछ भन्ने आशा लिएको छु । देखिएका

स्थलहरूमा सजाइएका हरिया वनस्पतिहरू, जातजातका फलफूलका बोटबिरुवाहरू, खेल खेल्ने ठाउँहरू, पौडने र बोटहरू चलाउने पोखरी, बालक्रीडा स्थल, जेष्ठ नागरिक आराम स्थल, युवाक्रीडा स्थल आदिको राम्रो व्यवस्था रहेछ । खाने, पिउने, शौच आदि गर्ने स्थलहरूको पनि राम्रो व्यवस्था रहेछ । झरना, फोहरा आदिले अझ शोभा बढाएका थिए । छोड्न मन नलाग्दा नलाग्दै पनि समयले साथ नदिएकाले हामी घरतिर फर्कन बाध्य भयौँ ।

वास्तवमा भन्नुपर्दा बेलायतलाई पार्क र बगैँचाको ऐतिहासिक देशको संज्ञा दिँदा पनि फरक नपर्ला । यहाँ व्यक्तिको जीवनलाई प्रथम प्राथमिकतामा राखेर अन्य काम गरिँदो रहेछ । प्रजातन्त्रको जन्मदाताका रूपमा चिनिने, राज्य सञ्चालनको थुप्रै अनुभव सँगालेको, जनकल्याणकारी भावना र मानव स्वतन्त्रतालाई उच्च प्राथमिकता दिँदै राज्य व्यवस्था सञ्चालन गरेर बेलायत आफ्नो छुट्टै पहिचान स्थापित गर्न सफल रहेको छ । बेलायतमा बस्नेहरूले हप्ताको ५ दिन काम गरी २ दिन (शनिबार र आइतबार) रमाइलो गरेर बिताउने गर्दा रहेछन् । सरकारले शिक्षा, स्वास्थ्य, बेरोजगार भत्ता, बुढेसकालको व्यवस्थापन जस्ता कुरामा पूर्ण जिम्मेवार भएर सबै कार्य गर्ने हुँदा जनताले यी कुराका बारेमा कुनै चिन्ता लिनुनपर्ने रहेछ । नेपालमा जस्तो सबैको जिम्मेवार स्वयम् व्यक्ति नै हुनुपर्ने रहेनछ । सरकारले जनताबाट उठाएको कर जनताकै हितमा खर्च गर्ने परिपाटी रहेछ । नेपालमा यस्तो दिन कहिले आउने हो ! नेपालमा कर तिर्नु नागरिकको कर्तव्य हुन्छ तर करको सदुपयोग गर्नु र जनतामा त्यसबाट लाभ प्राप्त गरेको अनुभूति दिलाउनु सरकारको दायित्व देखिँदैन । करदाताले खुसीसाथ कर तिर्ने वातावरण हुने सरकारले करको लाभ जनतालाई प्रत्यक्ष अनुभूति हुने गरी खर्च गर्ने व्यवस्था हुनुपर्दछ । सरकारले जनताको विश्वास जित्ने र अभिभावकको भूमिका निर्वाह गर्न सक्नुपर्दछ । तब मात्र कल्याणकारी राज्यको स्थापना भएको मानिनेछ ।

# विनोद सरसँगको भेट

भाद्र २४ (९ सेप्टेम्बर) गते धेरै कार्यक्रमहरू रहेका थिए। घुमघामभन्दा भेटघाट र खानपिनको राम्रो दिन परेको थियो। बिहान ११ बजेतिर विवेक र म विनोद न्यौपाने सरको घरमा गयौँ। लन्डनको डार्टफोर्ट भन्ने ठाउँमा उहाँको नयाँ घर रहेछ। उहाँको यो दोस्रो घर रहेछ। नेपालमा रहँदा हामी दुबै जनाका विद्यालय थिए। यसै क्रममा हाम्रो चिनजान भएको हो। हामी दुबैको स्वभाव, बानी, व्यवहार र सोच मिल्दोजुल्दो भएकाले हामी निकै नजिक थियौँ। सँगै खाने बस्ने एकअर्काको विद्यालयमा जाने, अनुभव साटासाट गर्ने र सरसल्लाह गर्नेगर्दथ्यौँ। उहाँ लन्डन गएर बस्दा पनि नेपाल आएको बेला भेटघाट हुने गर्दथ्यो। फेसबुकमार्फत हाम्रो सम्पर्क हुने गर्दथ्यो। बडो रमाइलोसँग बसेको पाएँ मैले विनोद सरलाई। उहाँका २ छोरी र २ ज्वाइँ अनि आफू २ जना गरी जम्मा ६ जनाको परिवार मान्नु ठिक होला जस्तो लाग्छ। सबैजना आ-आफ्ना काममा व्यस्त। विनोद सर बेलायतमा पनि सरकारी विद्यालयको टिचर नै हुनुहुँदो रहेछ। आ-आफ्नो जीवनका अनुभवहरू साटासाट गरियो । उहाँकी श्रीमती पनि पहिलेदेखि नै परिचित, विवेकसँग पनि उहाँहरूको परिचय रहेछ। बडो रमाइला गफहरू गरेर बसियो। बिहानको लन्च सँगै बसेर लियौँ। बडो स्वादिष्ट परिकारहरू नेपालकै स्वादमा खाने कार्यक्रम सकियो।

विनोद सरमा भविष्यको चिन्ता नलिने, पुराना कुरा सम्झेर चिन्ता नगर्ने र वर्तमानमा बाँच्ने शैलीको विकास भएको पाएँ। बेलायतले वर्तमानमा बाँच्नुपर्छ भन्ने पाठ प्रायः सबैलाई सिकाएको मैले पाएँ । विवेक र विनोद सरबिच बेलायतको कामकाजका कुराहरू भए जुन मैले बुझ्ने विषय थिएन । बडो रमाइलो गफ गरेर ३ घण्टा बितेको पत्तै भएन । घरबाहिर बसेर केही फोटाहरू लिएर हामी छुट्टियौं । विनोद सर साहित्यिक लेखक पनि हुनुहुन्छ । उहाँले केही पुस्तक र प्रशस्त लेखहरू प्रकाशित गरिसक्नुभएको छ। उहाँसँगको बसाइमा यी सबै विषयमा कुराकानी गर्ने अवसर मिल्यो ।

# दरखाने कार्यक्रम

२४ गते नै दिनेश कँडेलको घरमा तिजको दरखाने कार्यक्रम भएकाले वसन्ती बिहानैदेखि उतै गएकी र हामी पुरुषहरूलाई पनि दर खाने निमन्त्रणा भएकाले विवेक र म त्यतैतिर गयौँ । बेलायतमा पनि नेपालमा जस्तै महिलाहरूले हप्तौँ पहिलादेखि तिजको दर सामूहिक रूपमा खाने प्रचलन चलाइसकेकाले त्यही क्रममा दिनेशकी श्रीमती विपना र उनकी आमाले दर खाने कार्यक्रम गर्नुभएको रहेछ । हामी पुग्दा दिनेश, राजु, रीतु, जम्मा भइसकेका रहेछन् । दिउसो खाजादेखि बेलुकाको डिनरसमेतलाई ध्यानमा राखी नेपाली र नेवारी परिकारका खानाहरू तयार गरिएको रहेछ । सबैजनाले रमाइला गफहरू गर्दै थरिथरिका परिकारहरू ग्रहण गर्ने काम गरियो । राति १० बजेतिर हामी घर फर्कियौँ ।

# कुसेऔँसी

२४ गते नै कुसेऔँसी (बाबुको मुख हेर्ने दिन) त्यसैले विवेक, वसन्ती, मनोजबाट मुख हेर्ने कार्यक्रम भयो । नेपालबाट छोरी श्रद्धाले र क्यानडाबाट छोरा उत्तमले फोनबाट भिडियो कल गरी आशीर्वाद लिनेदिने काम भयो । सबैलाई आशीर्वाद दिने म आफू चाहिँ बुबा गुमाएको २६ वर्षको दुःख मनाउँदै उहाँलाई सम्झेर मनमनै आशीर्वाद प्राप्त गरेका क्षणहरू संझिनपुगेँ । बुबा जीवित छँदा आफ्नो कर्तव्य पूरा गर्ने छोराले बुबाको मृत्युपछि पनि आशीर्वाद पाइरहन्छ भन्ने मनमा लागेकाले मैले बुबाको आशीर्वाद अवश्य पनि पाइरहनेछु भन्ने विश्वास छ । जीवित आमाबुबाको सम्मान गर्न नचुकौँ, आफूले गर्नुपर्ने कर्तव्य गर्न पछि नपरौँ । उहाँहरूको मुख हेर्न औपचारिकताले खासै अर्थ राख्दैन । यदि गर्नुपर्ने कर्तव्य गर्दैनौँ भने त्यसले हामी सबैले आ-आफ्नो बाबुआमाप्रति गर्नुपर्ने कर्तव्य गर्न पछि नपरौँ भन्ने शुभकमना सबैमा दिनु ठिक होला भन्ने लाग्छ ।

# रीतु वन्तको घरमा

भाद्र २९ (१५ सेप्टेम्बर) गते रीतुको घरमा सत्यनारायणको पूजा गर्ने कार्यक्रम रहेछ । हामी सबै जना त्यतैतिर गयौँ । पूजा सकेर खाना खायौँ र बजार घुम्न गयौँ । बेलुकाको खाना रीतुकै घरमा खाइयो । रीतु र अनिका सारै मिलेका जोडी, जतिखेर पनि हँसाउने कुरा गर्ने । दुबै जनाको राम्रो जागिर । स्पष्ट बोल्ने, ठट्टा गर्दा पटक्कै नरिसाउने । हुनत आफू पनि ठट्टा गर्ने भएर पनि त्यस्तो हुनसक्छ । राम्रो र सफा घर, घरमा २ जना मात्र । रीतु वन्तको नेपालको सामाखुसीमा घर रहेछ । सारै मजाको व्यवहार पाइयो उहाँहरूबाट ।

# क्लिफ र डोबर पोर्टको यात्रा

डोबर पोर्ट विश्वको धेरै व्यस्त पोर्टहरूमध्येको एक पोर्ट रहेछ । नजिकबाट ठुला पानी जहाज र पोर्ट हेर्ने अवसर यसअघि मलाई प्राप्त भएको थिएन । त्यसैले यस दृष्टिकोणले हेर्दा यो क्षण मेरा लागि नौलो नै रह्यो । बेलायतको नेसनल पार्कसँग जोडिएको रहेछ यो पोर्ट । समुद्रको किनारको भूभाग भिरालो अति तीव्र हावा चल्दो रहेछ । समुद्रमा साना ठुला जहाजको भिड नै हुँदो रहेछ । जाने आउने जहाजको भिड देख्दा सारै रमाइलो लाग्यो । मानिसको उपस्थिति कमै देखियो । सामान ओसारपसारमा बढी व्यस्त देखिन्थ्यो । केहीबेर घुमेर एउटा कफी सपमा गएर केही खाजा खायौँ । करिब ४ बजेतिर हामी त्यहाँबाट प्रस्थान गर्‍यौँ । बिहानको हातमा केही समस्या आएर अलि रोयो तर पछि बिस्तारै कम हुँदै गयो । फर्किंदा विवेकले काका भन्ने गरेका गुल्मीका एकजनाको रेष्टुरामा पस्यौँ र खाजा खायौँ । त्यसपछि बिहानको हात देखाउन क्विन एलिजावेथ अस्पतालमा गयौँ । डक्टरले सामान्य थेरापी गर्दा ठिक भयो । भाद्र ३१ गते यसरी रमाइलोसँग घुमेर बिताइयो ।

नेपाल फर्कने दिन नजिकै आइसकेकाले त्यस दिन बिहानसँगै खेलेर समय बिताउने विचार भयो । घरमा अरू कोही पात्र नहुँदा हामी २ जना मात्र थियौँ । आज मैले आफ्नो २, ३ वर्षको उमेरलाई प्रयोगमा ल्याएर नाति बिहानसँग मस्त भएर खेल्नु छ । हामीसँग आजसम्मको सबै उमेर सङ्गृहीत

छ । त्यसलाई आवश्यकताअनुसार आफ्नो जोडा अनुकूल निकाल्न, प्रयोगमा ल्याउन सक्नुपर्दछ। मलाई आज साढे दुई वर्षको आफ्नो उमेर निकालेर नाति बिहानसँग खेल्नु छ । मलाई यो अवसर जीवनमा पहिलोपटक प्राप्त भएको हो । प्रयास गर्दा असम्भवको कुरा कुनै हुन्छ र ! मेरो प्रयासले मलाई पूर्ण सफलतातिर डोऱ्याउँदै छ। बिहानसँग जसरी म मस्तसँग खेलिरहेको थिएँ, ऊ पनि मसँग उत्तिकै मजा लिएर खेलिरहेको थियो । उसले पनि आफ्नो दौँतरी पाएको महसुस गरेर होला खुलेर खेल्न व्यस्त थियो । हामी दुबै जना एक-अर्कालाई हराएर खेलमा व्यस्त भएका थियौँ । मैले आफ्नो हालको उमेरलाई बिर्सिसकेको रहेछु। म त सानो २, ३ वर्षको बालकको स्थितिमा पुगेको रहेछु। त्यहाँको वातावरण अरूले देख्नपाएको भए सायद अचम्म मान्थे होलान् ।

मैले जीवनमा आफूलाई यति खुसी र आनन्दको अनुभूति गर्ने अवस्था पहिले पाएको थिइनँ। बाल्यकालको अवस्थामा साथीसँग खेल्दाको अवस्थामा पुग्नसक्दा मैले आफ्नो बाल्यकालको अनुभूति गर्न पाएँ। खेल्ने कुराहरू हाम्रा पालामा यति धेरै थिएनन् । त्यसैले कतिपय खेल सामग्री नौलो लाग्यो । खानेकुरा हाम्रो पालाका फरक थियो तर स्वस्थवर्धक र स्वादिलो थियो । बिहानले कहिलेकाहीँ मलाई हप्काउँथ्यो र सामान खोसेर लिन्थ्यो । खानेकुरा एक्लै खान त्यति मन पराउँदैनथ्यो। त्यसैले ऊ मलाई पनि अलिकति दिन्थ्यो। ऊ थाकेको थिएन तर मलाई थाकेको जस्तै महसुस हुँदै थियो। उसको शरीर फुर्तिलो थियो। शरीरमा लचकता थियो तर ममा त्यसको कमी थियो। धेरैबेर खेलियो। ऊ भान्सामा गएर फलफूल झिकेर ल्याउछ, हामी २ बाँडेर खान्छौँ अनि आधा खाएर मिल्काउन खोज्दछ। त्यसमा म रोक्दछु। पूरै खाएर अर्को खानखोज्दछ। यसरी खाँदै खेल्दै गरेर त्यस दिन बडो रमाइलोसँग बालक्रीडा गरेर बिताउँदै थियो। बिहान अलि मुडी खालको रहेछ र गाडी, एरोप्लेन जस्ता आधुनिक वस्तुहरूसँग खेल्न बढी रुचाउँदो रहेछ । हामीले त्यस्ता वस्तुसँग बाल्यकालमा परिचय गर्न नपाएर होला अहिले पनि खेल्नआउँदो रहेनछ ।

मोबाइल फोन, कम्प्युटर जस्ता खेल सामग्रीहरूसँग बिहान जति परिचित छ ममा त्यो कम परिचित रह्यो । खेलका सामग्री थुप्रै थिए, ऊ सबैसँग खेल्नजान्दथ्यो र कहिलेकाहीँ मलाई सिकाइ पनि दिन्थ्यो । बिहानको म हजुरबुबा भएर पनि ऊ मलाई ड्याडी भन्थ्यो र मलाई पनि उसको यो सम्बोधन मनपर्थ्यो । उसले बोलाएको बेलामा तत्काल मैले जवाफ दिइनँ भने ऊ बोलाइरहन्थ्यो । मलाई सुनिरहन मन लाग्थ्यो किनकि बालकको तोते बोली सुन्दाको आनन्द नै छुट्टै हुन्छ । भनिन्छ; स्वर्गमा समेत यो तोते बोली सुन्न नै पाइँदैन । हाम्रो खेल आजका लागि अन्त्य गर्ने सङ्केत बिहानले खेलौनाहरू बाकसमा थन्क्याउनथालेपछि समाप्त भयो । धन्यवाद छ बिहानलाई ।

# बेलायत बसाइका पछिल्ला तीन दिन

असोज २ गते अर्थात् सेप्टेम्बर १८ का दिन हामी सबै परिवार घरमै बसेर कुराकानी गर्ने र रमाइलोसँग दिन बिताउने तय भयो । वसन्तीले थरिथरिका खानाहरू तयार गर्दै गर्थिन्। हामीहरू सबै सँगै बसेर खाने, गफ गर्ने गर्दथ्यौँ र बिहानको बालक्रीडा हेरेर सबैजना रमाउँदथ्यौँ ।

असोज ३ (सेप्टेम्बर १९) गते बिहानैदेखि हावाहुरी चलेको थियो । बादल मडारिरहेको थियो । साँझ ५ बजेतिर मौसम सफा पनि भयो र विनोद न्यौपाने सर पनि आइपुग्नुभयो । उहाँकै गाडीमा घुम्नगइयो । धेरै नयाँ ठाउँहरू उहाँले घुमाउनुभयो । बेलायतको राजनीति, व्यापार, सामाजिक अवस्था, शैक्षिक नीति जस्ता विविध विषयमा उहाँबाट जानकारी लिने अवसर पाएँ । जब कोही व्यक्ति आफ्नो देश छोडेर अर्को देश बस्नपुग्दछ तब उसले अनगिन्ती सङ्घर्षहरू गर्नुपर्ने र आफूलाई परिष्कृत गर्दै कसी लगाएको सुन अर्थात् खारेको धातु जस्तै बनाउनुपर्ने रहेछ भन्ने विनोद सरको विचार बुझ्ने अवसर पाएँ । विनोद सरले मलाई पनि बेलायत आउन अनुरोध गर्नुभयो र भन्नुभयो यहाँ हामी छौं सरलाई कुनै अप्ठ्यारो पर्दैन, त्यसको वातावरण म मिलाउनसक्दछु भन्नुभयो । मैले तत्काल नबस्ने विचार व्यक्त गरेँ । उहाँले सरको जे विचार, म के भनौँ भन्नुभयो ।

साढे दुई घण्टा जति घुमेर एउटा नेपाली रेस्टुरेन्टमा खाजा खान

पस्यौँ । 'माहिली दिदीको रेस्टुराँ' नामले चिनिएको रहेछ त्यो ठाउँ । नेपालको परिवेशमा सबै नेपाली खानाले सजिएको देख्दा नेपालको याद आउँदो रहेछ । खाना खानेहरू पनि प्रायः नेपाली नै हुँदा रहेछन् । खुसी लाग्यो । केही खाजा खाएर हामी निस्कियौँ । विनोद सरले मलाई घरमा लगेर छोडिदिनुभयो । मेरो नेपाल फर्कने दिन आइसकेकाले उहाँले शुभयात्राको कामना गर्नुभयो र हामी छुट्टियौँ ।

भाद्र ४ (२० सेप्टेम्बर) गते दिउसो बजार घुम्नगइयो । केही सामान किनियो । बेलुका ८ बजेतिर राजु र उनकी श्रीमती नुपुर अनि रुनाल मलाई शुभकामना दिन आउनुभयो । London Tower को प्रतीक उपहार दिएर शुभयात्राको कामना दिँदै ९ बजेतिर आफ्नो घर फर्किनुभयो । उहाँहरूले वसन्ती र विवेकका कारणले मलाई यो व्यवहार गरेको हो भन्ने लाग्दछ ।

# असोज ५ (२१ सेप्टेम्बर) 'केन्टरबरी'को घुमघाम

यसपटकको बेलायत भ्रमणको अन्तिम गन्तव्य हो । विवेक र म बिहान १० बजेतिर घरबाट निस्कियौँ । १ घण्टाको यात्रापछि केन्टरबरी पुग्यौं । ५०० वर्षअघि रोमले कब्जा गरेको ठाउँ रहेछ त्यो । पछि बेलायतलाई फिर्ता गरेको भन्ने बुझियो । धेरै पुरानो सहर पुराना घरहरू सडकहरू, सडकमा ईंटा छापेको । रोमनशैलीका पुराना संरचनाहरू । पुरानो प्रख्यात चर्च रहेछ । हामी चर्चमा प्रवेश गरेनौं । सानो क्षेत्रफलमा रहेको पुरानो तर हेर्नैपर्ने सुन्दर ठाउँ रहेछ । केहीबेर घुम्दाघुम्दै ठाउँ नै सकियो । सामान्य खाजा त्यहाँ खाइयो र बाटोमा माछाको विशेष परिकार खाइयो । साँझ ४ बजेतिर हामी घर पुग्यौं । यसपटकको बेलायत यात्रा समाप्त गरी भोलिपल्ट बिहान नेपाल फर्कने तयारीमा जुटियो ।

# नेपाल फर्कने दिन

२०७५ असोज ६ (२२ सेप्टेम्बर २०१८) गते १:३० मा घरबाट नेपालका लागि निस्किँदै थिएँ। ९ बजेतिर रीतु र दिनेशका परिवार मलाई भेट्न र शुभयात्राको कामना गर्न विविध उपहारसहित आउनुभयो । उनीहरूसँग फेरि आउने वाचा गर्दै बिदा लिएँ। मनोज हामीसँगै एयरपोर्ट पुगे। सिमसिम पानी पर्दै थियो । सबैजना एयरपोर्टभित्र छिऱ्यौँ । विवेकले बोर्डिङ पास लिने काम सक्यो । केहीबेर हामी यताउता घुमेर नेपाली यात्रुको खोजी गऱ्यौँ । कोही पनि भेटिएन। आपसमा फोटो खिचेर सबैसँग बिदा लिई आँखाभरी आँसु बोकी छुट्टिएँ। विवेकका पनि आँखा आँसुले भरिएका थिए। वसन्ती र मनोजका पनि आँखा रसाएका थिए भने बिहानले मतिर फर्केर हेर्नै सकेन। यसरी हामी छुट्टियौँ । केहीवेरसम्म मलाई साह्रै दिक्क लाग्यो । मन संहालेर अगाडि बढेँ । सबै जाँचका प्रक्रियाहरू पूरा गरेर ठूलो हलमा पुगेँ। त्यहाँ पनि नेपाली साथी खोजिहिँडेँ तर कोही पनि पाइएन ।

मलाई कतार एयरको फ्लाइट नं. ५१८ लन्डन दोहाको गेट नं. र समय पत्ता लगाउनु थियो। त्यसका लागि यताउता बुझ्दै भित्तामा राखिएका तालिकाहरू हेर्दै गएँ । गेट नं. ५६३ बाट मैले जहाज चढ्ने सूचना पाएपछि गेट खोज्न सुरु गरे। ठाउँ फेला पारेँ र त्यहाँको एकजना कर्मचारीलाई बोर्डिङ पास देखाई ठाउँ निश्चय गरेँ । कहिलेकाहीँ ठाउँ फरक परेर जहाज छुटेको घटना मैले सुनेकोले यो निश्चय गर्न सोधेको हुँ। जहाजभित्र प्रवेश गर्ने समय पर्खिँदै बसे । सुरुमा थोरै मानिस थिए तर पछि खचाखच भरियो त्यो हल । एउटा जहाजभरि अट्ने ४०० जति मानिसको उपस्थिति थियो । जहाजभित्र प्रवेश गर्ने सूचना आयो, विशिष्ट व्यक्ति, व्यापारी, ह्विलचेयरवाला र बालक बोकेका महिलाको क्रमशः पालो सकी हामीलाई सिट नं. को आधारमा समूहसमूह गरी प्रवेश गराइयो । आफ्नो सिटमा बसेँ ।

कतारको समयअनुसार रातको १२ बजे दोहा पुगियो । जहाजबाट ओर्लेर प्रशासनिक जाँचको प्रक्रिया पूरा गर्नतिर लागेँ । सबै प्रक्रिया पूरा गरी नेपाल जाने जहाज चढ्ने गेट खोज्दै D4 गेटमा पुगेँ । बोर्डिङ पासमा उल्लेख भएको काठमाडौँ जाने जहाज चढ्ने गरेको प्रतीक्षालयमा केही बेर बसेँ । नेपाल फर्कने नेपालीहरूको सङ्ख्या उल्लेख थियो । गफ गरेर बसियो । प्रवेशको सूचना प्राप्त भएपछि जहाजमा आफ्नो पालोमा प्रवेश गरेँ । आफ्नो सिटमा गएर बसेँ । सँगै बस्ने भाइ जनकपुरका रहेछन् । राति ३:०५ मा जहाज दोहाबाट नेपालका लागि उड्यो । नेपाली समय अनुसार २०७५।०६।०७ गते बिहान १०:३५ मा हाम्रो जहाज त्रिभुवन विमानस्थल काठमाडौँमा उत्रियो । काठमाडौँको आकाश बादलले ढाकेकाले विमानमा केही हलचल पैदा भयो । तर पनि सकुशल उत्रन सफल भयौँ । जहाजका पाइलट लगायत सबै कर्मचारलाई धन्यवाद दिँदै नेपालको जमिनमा ४५ दिनपछि पुनः पाइला राख्न पाइयो ।

एक छिन खुसी पनि लाग्यो । आफ्नो जन्मभूमिलाई स्पर्श गर्दा पाइने आनन्दको अनुभूति गर्ने अवसर पाइयो । बेलायतमा बोलाएर धेरै आनन्द खुसी दिलाइदिने छोरा र बुहारी अनि नातिलाई मनमनै विशेष धन्यवाद दिँदै नेपालको भूमिमा पाइला अगाडि बढाएँ । नेपालको प्रसाशनिक जाँच प्रक्रिया देख्दा अलि दुःख लाग्यो । विदेशको एयरपोर्टमा सबैले सहयोग गर्ने, सबै छिटो काम सक्न तत्पर देखिने तर नेपालमा तत्परताको कमी, स्वागतभावको अभाव, सहयोगी भावनाको कमी र झन्झटिलो प्रक्रिया देख्दा मनमा कताकता बिझायो पनि । हामी नेपालीलाई त यस्तो लाग्यो भने विदेशीहरूलाई कस्तो लाग्छ होला । सबै पक्षले यसबारे विचार पुऱ्याउनु आवश्यक देख्छु म ।

आफ्नो सुटकेससहित एयरपोर्टबाट बाहिर निस्कँदा ११:४५ बज्यो । धेरैबेरसम्म सुटकेस कुर्नुपऱ्यो । मलाई पर्खेर भाइ चन्द्र, ज्वाइँ स्वप्नील, छोरी श्रद्धा र शारदा अनि ड्राइभर रूपेश पर्खिरहेका रहेछन् । सबैसँग भेट भयो । सबैजना खुसीसाथ घर फर्कियौँ । बेलायत भ्रमण २०७५ समाप्त भयो । धन्यवाद सहयोग पुऱ्याउनु हुने सबैमा ।

# बेलायतमा मैले देखेका केही फरक कुराहरू

१) सडकमा ट्राफिक प्रहरी नहुने ।

२) घरहरू प्रायः एकै प्रकारका हुने, प्रायः टायलको र भिरालो छाना हुने ।

३) कारहरू सडक किनारमै प्रायः राखिने ।

४) झ्यालहरूमा फलामे ग्रिल र फलामे मूल गेट कमै देखिने ।

५) कतैकतै साइकल चढेको देखिने तर मोटर साइकल ज्यादै कम सङ्ख्यामा चलेको देखिने ।

६) बाटो हिँड्दा आफैँले बाटो छोड्ने, धन्यवाद, सरी जस्ता शब्दहरू बारम्बार सुन्न पाइने ।

७) एकले अर्कोलाई आदर गर्ने ।

८) नयाँ घरहरू पनि एकै प्रकारका हुने, थोरै ठाउँमा धेरै सुविधा लिने गरी, धेरै सामान राख्न मिल्ने गरी बनाइएका पाइने ।

९) सडकमा होहल्ला र हड्ताल नगर्ने ।

१०) अर्काको चासो नगर्ने, आफू शान्त रहने, प्रायः केही खाइरहेको स्वभावका मानिसहरू देखिने ।

११) बजारमा आयातित वस्तुको बाहुल्य पाइने ।

१२) अर्को मुलुकबाट आउनेहरूमा सम्पत्ति जम्मा गर्ने प्रवृत्ति बढिरहेको तर त्यहाँका स्वदेशीहरूमा त्यो चाहना नभएको पाइने ।

१३) विदाको दिन रमाइलो गर्ने तर काम गर्ने दिन पूरै खटेर काम गर्ने बानी भएका मानिसहरू पाइने ।

१४) मातृभूमि र देशको इतिहासको सम्मान गर्ने ।

# बेलायतबाट नेपालले सिक्नसक्ने कुराहरू

१)	ऐतिहासिक वस्तुहरूको संरक्षण गर्ने ।
२)	विशिष्ट योगदान पुऱ्याउने व्यक्तिहरूप्रति गरिने सम्मान गर्ने ।
३)	सरकार जनताप्रतिपूर्ण जिम्मेवार बन्ने ।
४)	शिक्षा, स्वास्थ्य, बेरोजगारप्रति सरकार पूर्ण जिम्मेवार हुने ।
५)	जनता सरकारप्रति पूर्ण विश्वास गर्ने र भर पर्ने वातावरण बनाउने ।
६)	जनताले तिरेको करको पूर्ण सदुपयोग भएको र त्यसबाट जनता लाभान्वित भएको महसुस करदाताले गर्ने अवस्था सिर्जना गर्ने ।
७)	जनताको कल्याण (लोककल्याण) कसरी गर्न सकिन्छ भन्ने सरकारको चिन्तन र व्यवहार देखिनुपर्ने ।
८)	जनकल्याण हुने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने ।
९)	प्रकृतिको सम्मान गर्ने ।
१०)	प्राकृतिक सम्पदा जगेर्ना गर्ने र संरक्षणमा कमी आउन नदिने ।
११)	हरेक काम ठिक समयमा गर्ने ।
१२)	बितेका कुरामा चिन्ता र पश्चात्ताप नलिने, भविष्यको बारेमा सोचेर नबस्ने, वर्तमानमा बाँच्ने काम गर्ने र रमाउने ।

# क्यानडा खण्ड

# घरबाट त्रिभुवन अन्तर्राष्ट्रिय एयरपोर्टसम्म

बेलायतको यात्राले मलाई एक प्रकारको तरङ्ग पैदा गरिदिएको छ । एकै ठाउँमा लामो समयदेखि बस्दै आएको स्वदेशमा पनि खासै भ्रमण नगरेको, म जस्तो मानिसका लागि सामान्य परिवर्तनले पनि ठूलै तरङ्ग पैदा गर्दो रहेछ जस्तो लाग्यो । अझ नयाँ नयाँ ठाउँ घुम्ने र नयाँ नयाँ कुरा सिक्ने इच्छाको जन्म भएको हो कि जस्तो लाग्नथालेको क्रममा क्यानडाबाट जेठो छोरा उत्तम र बुहारी राधाले घुम्नका लागि कागजपत्र तयार गरेर भिसा लगाउने कार्य अगाडि बढाए । नेपालबाट गर्नुपर्ने काममा ज्वाइँ स्वप्नील र छोरी श्रद्धाले सहयोग पुऱ्याए । दुबैतिरको प्रयासबाट भिसा आउने काम भयो । सन् २०२२ सम्मका लागि भ्रमण भिसा लाग्यो । सबैजना खुसी भयौँ । तत्कालै जाने कि अलि ढिला जाने भन्ने छलफल गरियो । टिकट पाए तत्कालै जान ठिक हुने निष्कर्षमा पुग्यौँ । दसैँअगाडि फर्कने इच्छा मैले व्यक्त गरेँ किनकि १०० वर्ष पुग्नै लागेकी आमाको हातबाट टीका थाप्न र आशीर्वाद लिन नछोड्ने मेरो विचार हो ।

पाएसम्म कतार एयरबाट जाने भन्ने सोचेर टिकटको प्रयास गरियो । सीमित अवधिमा नै उड्नुपर्ने भएकाले टिकट निकै महँगो मात्र पाइने सम्भावना देखियो । धेरै जनासँग बुझ्ने प्रयास गर्दा क्याथेड्राइगनको हङ्कङ भएर क्यानडा जाने टिकट मात्र अन्तिम समयमा पाइयो । अर्कै मानिसले बुक गरेको रहेछ तर उसले क्यान्सिल गर्ने बित्तिकै हाम्रो सम्पर्क हुन गएकाले भाग्यले भनौँ या

परिस्थितिले टिकट पाइयो । जाने सामान तयार गरेर टिकट पाएको ३ दिनभित्र उडिसक्नुपर्ने स्थिति मेरो सामु आयो । जाने दिन अगस्ट २१ तारिख २०१९ भएकाले सबै सामान अघिल्लो दिन बेलुका सम्ममा तयार गरियो । विमान उड्ने समय राति ११:०५ भए तापनि बाटोमा हुने जाम र चेकिङ्मा हुनसक्ने ढिलाइ जस्ता समस्यालाई मध्यनजर गरी साँझ ७ बजे नै घरबाट निस्कने साइत तय गऱ्यौँ । भाइ चन्द्र, ज्वाइँ स्वप्नील र छोरी श्रद्धा अनि हरि गिरी र ड्राइभर रूपेश घरबाट निक्लियौँ ।

पानी पर्दै गरेकाले चन्द्र एयरपोर्ट नजाने गरी बिदा भयो । अरू हामी सबै जना एयरपोर्टतिर लाग्यौँ । साँझको समय भएर हो कि किन हो आज सडक जाम खासै रहेनछ । एयरपोर्टमा पुगेर केही फोटाहरू खिचेर मैले सबैसँग बिदा लिइ भित्र पस्ने विचार गरेँ । छुट्टिने बेलामा धेरै बेर कुरा गर्न मलाई अलि असजिलो हुने र रातको समयमा सबै जनालाई एयरपोर्टमा राख्नु मनासिव नहुने हुँदा म भित्र पस्न अगाडि बढेँ । सबैजना मलाई हेर्दै हुनुहुन्थ्यो म बिस्तारै उहाँहरूको आँखाबाट टाढिँदै गएँ ।

सामान जाँचेर बोर्डिङ पास लिई अन्य जाँचहरू सकी ९ बजेतिर विमान प्रतीक्षा गर्ने कक्षमा पुगिसकेँ । हङ्कङसम्म पुग्ने नेपाली थुप्रै भेटिए तर क्यानडा पुग्ने कोही पनि भेटिएनन् । गेट नं. ५ बाट विमान चढ्ने सूचना आयो सोहीअनुरूप त्यतैतिर लागेँ । क्याथेड्रागन विमानले प्रवेशका लागि ढोका खोलिदियो तर मुसलधारे पानी परेकाले १० मिटर जति पर पनि हिँडेर जाने अवस्था रहेन । बसको व्यवस्था भएछ । त्यसैमा चढेर विमानको ढोकासम्म पुग्ने काम गरेँ । बिस्तारै विमानभित्र प्रवेश गरेँ र आफ्नो H63 को सिटमा बस्नपुगेँ ।

# अञ्जलीसँगको भेट

सँगै एउटा सिट खाली नै थियो । यात्रुहरू प्रवेश गर्दै थिए । यत्तिकैमा कमै उमेरकी एक युवती सिट हेर्दै मनिरको सिटमा आएर तपाइँ क्यानडा जाने विष्णु पन्त हो भनेर सोधिन् । मैले सही कुरा बताएँ । उनले ह्याण्डक्यारीको सामान सिटमाथि राख्ने प्रयास गरिन् तर सकिनन् । मैले उनलाई सघाएँ । उनले झ्यालपट्टिको सिटमा बस्ने इच्छा राखिन् र मलाई पनि पटक पटक घुमिरहनुपर्ने भएकाले उनको इच्छ पूरा गर्न स्वीकृति दिएँ । विमानले आफ्नो समयमा गति लियो ।

मैले नेपाली कोही बोल्ने साथी पाए हुन्थ्यो भनेर सोचेको कुरा भगवान्ले थाहा पाउनुभएछ र सायद यी नानीलाई पठाइदिएको भन्ने लागेर मनमनै भगवान्लाई धन्यवाद दिएँ । धेरै बेरपछि मैले उनीसँग बोल्ने प्रयास गरेँ । उनले पनि बिस्तारै कुरा गर्न थालिन् । उनी पढ्नका लागि क्यानडा जान लागेकी रहिछिन् । बोर्डिङ पास बनाउने ठाउँमा क्यानडासम्म जाने कोही भए सिटसँगै पारिदिन अनुरोध गर्दा सिट मिलाइदिएर मकहाँ आइपुगेको कुरा बताइन् । सामान्य कुराकानी गर्दै खाना खाँदै यात्रा गऱ्यौँ । उनको घर काठमाडौँको कीर्तिपुरमा रहेछ र उनको नाम अञ्जली रहेछ । हङकङ समयअनुसार बिहान ६ बजे हामी विमानबाट ओर्लियौँ । अर्को विमान चढ्नका लागि ट्रान्जिटतिर लाग्यौँ । सामान र शरीरको जाँच सकी अगाडि बढ्यौँ । क्यानडा जाने क्याथे प्यासिफिक CX 824 को विमान उड्ने टर्मिनलको खोजीमा लाग्यौँ । बुझ्दा ९ बजेतिर मात्र थाहा हुने कुरा जानकारी भयो । त्यसपछि हामी

सामान्य सरसफाइ र निवृत्त हुनतिर पालै पालो गरेर लाग्यौं । सामान्य ब्रेक फास्ट गऱ्यौं र टर्मिनलको सूचना बोर्डको नजिकै बेन्चमा बस्यौं ।

विद्युतीय अक्षर अङ्ग्रेजी र चाइनिज भाषामा २६ नं. को गेट तोकेको पायौं । त्यही ठाउँ खोजेर बस्यौं । निकै बेर बस्दा पनि अरू यात्रुहरू नथपिएकाले हामीलाई शङ्का भयो कि कतै गेट परिवर्तन त भएन ? त्यसपछि पुनः सूचना पाटी भएको ठाउँमा गएर हेर्दा गेट परिवर्तन भएर ५ नं. गेट तोकिएछ । ५ नं. गेट खोज्नथाल्यौं, बल्ल पुग्यौं सही गेटमा । यात्रुहरूको ठूलो सङ्ख्यामा भिड रहेछ किनकि यो विमान निकै ठूलो रहेछ । हामी पुगेको केही क्षणमै विमान प्रवेश खुला भयो । सबै यात्रु तोकिएको आ-आफ्नो लामो लाइनमा उभियौं । उभिएकै ठाउँमा आएर बोर्डिङ पास र पासपोर्ट चेक गर्ने र सही गर्ने काम भयो । छिर्ने ढोकामा छाप मात्र लगाउने काम भयो । ५४ को लाइनमा ३ सिट रहेछ हामी २ जना र १ जना चाइनिज बस्नपुग्यौं । प्राविधिक कारणले गर्दा १०:१५ मा उड्नुपर्ने विमान १०:५५ मा मात्र उड्यो ।

लामो यात्रा पट्यार लाग्दो बसाइ भनौं या उडाइ । भगवान्ले सँगै एकजना नेपाली साथी नपठाएको भए यो यात्रा निकै मुस्किल र नीरस हुने थियो । यसका लागि भगवान्प्रति आभार प्रकट गर्दछु । धन्यवाद छ अञ्जली नानीलाई जसले चाइनिज खानामा उनले लगेको वाइवाइ चाउचाउ मिसाएर मिठो बनाइदिएकामा । हामी नेपालीले चाइनिज खाना कहिल्यै नखाएर होला जिभ्रोले स्वाद पत्ता लगाउनसकेन । जेनतेन बाँच्नपुग्ने गरी केही टिपटाप गरियो । पटकपटक ल्याउने खाजा र खानाले हामी जस्ता यात्रुलाई पट्याउन सकेन । चाइनिज, कोरियन र जापानिज जस्ता यात्रुहरूले बडो मिठो मान्दै खाएको देख्दा खाना पक्कै पनि स्वादिलो हुनुपर्छ । उनीहरूले खाएको देख्दासमेत हाम्रो मुखमा पानी रसाएन । धन्यवाद छ, हाम्रो नेपाली जिभ्रोलाई जसको स्वाद लिने तरिका फरक छ ।

# पियरसन विमानस्थलदेखि उत्तमको निवाससम्म

क्यानडाको स्थानीय समयअनुसार दिउसो १:५१ मा हाम्रो विमान क्यानडाको पियरसन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भयो । हामी दुबै जना अराइभलतिर लाग्यौँ । बिचमा विद्यार्थीका लागि छुट्टै बाटो रहेछ र अञ्जली छुट्टिइन् । म आफ्नो बाटोतिर लागेँ । जाँचको सबै प्रक्रिया पूरा गरेर लगेज लिने ठाउँतिर लागेँ । अञ्जलीलाई चारैतिर खोजेँ कतै पनि देखिएन । यति लामो यात्राको सहयात्रीलाई छुट्टिने बेलामा दुई शब्द बोल्ने अवसर नपाएकामा केहीबेर दिक्क पनि लाग्यो । उनी सानै उमेरकी मान्छे, के भयो कुन्नि केही थाहा पाउनसकिनँ । सायद भगवान्ले उनलाई जुन कामका लागि पठाएको थियो त्यो काम पूरा भएकाले उनी अन्तर्ध्यान भएकी हुन् कि भन्ने लाग्यो र म आफ्नो कामतिर लागेँ । सुटकेस प्राप्त गर्न केही समय लाग्यो । सुटकेस डोऱ्याउँदै बाहिर निस्किएँ । यताउति हेर्दै गर्दा छोरा उत्तम मलाई पर्खिरहेको र मेरो बाटो हेरिरहेको पाएँ । सुटकेस उत्तमले डोऱ्याउँदै लिफ्ट चढेर माथि गाडी पार्किङ्ग गरेको ठाउँतिर लाग्यौँ । उत्तमले गाडीमा सुटकेस राख्यो र हामी दुबै जना गाडी चढ्यौँ । उत्तमले गाडी हाँक्न सुरु गऱ्यो । मेरा जीवनमा उत्तमले चलाएको गाडी चढेको यो पहिलो क्षण थियो । यस क्षणमा एउटा बाबुले केकस्तो अनुभव गर्दछ त्यो अनुभव गर्ने अर्थात् गर्वको अनुभव गर्ने अवसर मैले पाउन सकेकामा आफूलाई धन्य सम्झनपुगेँ ।

हाम्रो गाडी उत्तम बसेको एपार्टमेन्टको तल ग्यारेजमा गएर रोकियो । गाडीबाट ओर्लेर सामानसहित उत्तमले मलाई लिफ्ट चढाएर आफ्नो एपार्टमेन्ट गेट नं. ४०५ मा पुऱ्यायो । घरभित्र गइयो । नाति 'आहान'ले मलाई देख्ने बित्तिकै हाँसेर स्वागत र आत्मीय भाव प्रकट गऱ्यो । बुहारी राधा र नातिनी इसान्वीले दर्शन गरे । एकछिन त्यत्तिकै बसियो । त्यसपछि स्नान गरेर खाजा खाइयो । मलाई तयार गरी राखेको कोठामा आराम गर्नतिर लागेँ । दुई रातको निद्रा, थकाइ र जहाजको पट्यार लाग्दो लामो यात्रापछिको यो आरामदायी बिछ्यौना र शान्त एवम् सुन्दर कक्ष मेरा लागि बिर्सिनसक्नु नै भयो । साँझसम्म केहीबेर आराम गरी बेलुकाको खाना खाएर पुनः आरामका लागि आफ्नो कक्षतिर लागेँ । शरीरले नेपाल र क्यानडाको रात र दिनको समय मिलाउन सकिरहेको थिएन । नेपालमा निदाउने बेलामा क्यानडामा उठ्ने बेला हुने, नेपालमा उठेर काममा जाने बेलामा क्यानडामा सुत्ने बेला हुने अर्थात् नेपालमा रात भएको बेलामा क्यानडामा दिन हुने । यो समयको मिलान गर्न पक्कै केही दिन लाग्नेछ भन्ने मलाई लाग्यो । जेजस्तो भए पनि निदाउने र समयसँग समन्वय गर्दै जानुको विकल्प मसँग थिएन नै ।

# क्यानडामा पहिलो दिन

२३ अगस्ट २०१९ क्यानडाको बिहानीले मलाई पहिलोपटक स्वागत गर्ने अवसर पायो र मैले पनि धन्यवाद दिँदै स्वागत ग्रहण गरेँ । बिहानका नित्य कर्म भनौँ या दैनिकी सकेर नास्ता लिने काम गरेँ । केहीबेर डायरी लेख्ने काम गरेँ । आहान (नाति) उठेपछि उससँग खेल्दै रमाइलोसँग समय बिताउँदै गरेँ । राधाले थरिथरिका खानाका परिकार तयार गर्दै खान दिँदै गर्न थालिन् । उत्तम अफिसबाट आएपछि दिउसोतिर बजार घुम्न र किनमेल गर्न गइयो । सफा र फराकिला सडक, प्रशस्त खुला ठाउँ, सडकको दायाँ-बायाँ रहेको विभिन्न सुन्दर दृश्यहरू अवलोकन गर्दै गएँ। २० लेनसम्मका फराकिला सडकमा तीव्रगतिमा गुडेका गाडीहरू मात्र देख्नपाइने । मोटर साइकल र साइकल ज्यादै कम देख्नपाइने । मूल सडकमा  मानिसले बाटो काटेको र बाटो काट्ने ठाउँ देख्न नपाइने रहेछ । जताततै हरिया मैदान देख्न पाइने, कतै कतै ठुला रुखहरू पनि उभिइरहेका देखिने । केही समयको यात्रा गर्दै हामी ग्रोसरीमा पुग्यौँ । बडो सफा र स्वच्छ वातावरणमा राखिएको वस्तुहरू स्वदेशीभन्दा विदेशी वस्तुले बजार ओगटेको, खास गरेर इन्डियन र चाइनिज सामान अनि अमेरिकन सामानको उपस्थिति रहेछ । किनमेल सकेर घर फर्कियौँ । मेरा लागि भने जताततै हेर्न लायकका कुराहरू मात्र थिए । घरमा सबैका लागि बेलुकाको खाना तयार भैसकेको रहेछ । सबैले खाना खायौँ । ८ बजेतिर म कोठामा गएँ । यस दिन राम्ररी निद्रा लाग्ने सम्भावना देखेको थिएँ मैले । आखिर समयलाई जित्नसक्ने को नै हुनसक्छ र ! क्यानडाको समयले मेरो शरीरलाई आफ्नो बसमा पार्नथालेको महसुस हुँदै गएको थियो ।

# नयग्राफल्सको मोहनी

२४ अगस्तको बिहान शरीर निकै फुर्तिलो भएछ सायद राति राम्ररी निद्रा परेर होला। बिहानको नित्य कर्म सकेर खाजा खाएँ । आहान नउठेकाले केहीबेर नेपालमा रहेका आफन्त र बेलायतमा रहेका छोरा बुहारीसँग फोनमा कुराकानी गरेँ । दिनको १२ बजेतिर 'नायग्रा फल्स' हेर्न उत्तम र म आफ्नै गाडीमा त्यसतर्फ प्रस्थान गर्‍यौं । शनिबारको दिन त्यहाँ पनि बिदा भएकाले सडकमा गाडीको भिड हुँदो रहेछ । नेपालमा शनिबार सडकमा गाडी कम देखिन्छ तर क्यानडामा यसको उल्टो रहेछ । ट्राफिक जामको समस्या केही यहाँ पनि झेल्नुपर्‍यो हामीले । १०० किमीभन्दा बढी गतिमा गुडेको गाडीले करिब ३ घण्टा लगाएर हामीलाई नायग्राफल्समा पुर्‍यायो ।

नायग्रा फल्सको चर्चा सुनेको थिएँ तर आज प्रत्यक्ष हेर्ने अवसर पाएँ । बडो रमणीय पर्यटकीय स्थल रहेछ त्यो । जीवनमा एकपटक हेर्नैपर्ने ठाउँहरूमध्येको एक रहेछ भन्ने लाग्यो मलाई। यो क्षेत्र सजाएर सुन्दर बनाएको र आवश्यक सबै प्रकारका भौतिक सुविधा उपलब्ध रहेछ । मानिसको ठूलो भिडले जताततै ढाकेको । गाडी पार्किङ्ग गर्न निकै कठिन भयो । खोज्दा निकै समय लाग्यो । निकै टाढा गाडी पार्किङ्ग गरेर हिँड्दै सुन्दर दृश्यहरू अवलोकन गरेर मजा लिँदै मुख्य ठाउँमा पुग्यौं । झरनाको पानीका साना बुँदहरूले सबैतिर चिसो बनाएको ठाउँमा पुगियो । झरनालाई पारिपट्टि अमेरिकाबाट पनि हेर्न मिल्ने रहेछ । दुबैतिरका डुङ्गाहरूले यात्रुहरूलाई झरना अवलोकन

गराउँदा रहेछन् । ठूलो र फराकिलो नदी एक्कासि जमिन भासिएर बिचमा तल दबेको रहेछ । त्यहीँ नदी बग्ने क्रममा माथि सम्मबाट तल खस्दा देखिने दृश्य नै झरना भएको रहेछ। त्यो ठाउँ कसरी बन्नपुग्यो होला अचम्मै लाग्ने। एउटै लेभलको जमिनको बिचमा यस्तो खोल्चो भनौं या जमिन दबेको भनौं सयौं फिट तल दबेर झरना बन्नपुगेको छ । प्रकृतिले यो अनौठो ठाउँको सृजना कसरी गरेको होला ? कुन उद्देश्यले गरेको होला ! देख्दा अचम्मै लाग्यो मलाई !

अमेरिका परिपाट्टि रहेछ । बिचमा नदी र त्यसमा पुल हालेर आवतजावतको राम्रो व्यवस्था रहेछ। नदीपारि अमेरिकाको झन्डा फहराइरहेको छ भने वारिपट्टि क्यानडाको झन्डा फहराइरहेको छ। क्यानडापट्टिको भागमा बढी चहल पहल छ र व्यवस्थित पनि उत्तिकै राम्रो देखिन्छ। अमेरिकापट्टिको सानो जहाजबाट अवलोकन गर्नेहरूले निलो रङ्गको ज्याकेट र क्यानडापट्टिकाले रातो रङ्गको ज्याकेट लाउन दिने व्यवस्था रहेको छ । दुबैतिरबाट हेर्नेको ठूलो भिड हुँदो रहेछ । उत्तम र मैले तलदेखि माथिसम्म घुमेर हेर्ने काम गऱ्यौं । अति नै सुन्दर र मनमोहक दृश्यहरू जतातते हरियाली, खानपान र अवलोकन स्थलहरूको राम्रो व्यवस्था । सधैंभरि त्यतै बसिरहूँ जस्तो लाग्ने । प्रकृतिले दिएर मात्र हुँदैन त्यसलाई उपयोग गर्ने क्षमता मानिसमा पनि हुनुपर्ने रहेछ । आफूमा क्षमता नभए सुन्दर ठाउँ र बहुमूल्य वस्तुहरू पनि त्यसै खेर जानसक्दछ। यो ठाउँ देख्दा मलाई नेपालको याद आयो । नेपालमा प्राकृतिक सुन्दरता विश्वमा कतै नदेखिने खालको छ। यहाँका पहाड, हिमाल र तराई, झरना ताल र पोखरीहरू, अनि कलकल बग्ने स्वच्छ नदीहरू, जातजातका बोट बिरुवा र वनस्पतिहरू हेर्दा संसारको सुन्दर बगैंचा नेपाल नै हो जस्तो लाग्छ। नेपालमा रहेका प्राकृतिक साधन र स्रोतको सदुपयोग गर्न नेपालीहरू निकैपछि रहेका छन् । क्यानडा, अमेरिका, बेलायत जस्ता देशको हातमा नेपालको प्राकृतिक साधन र स्रोत परेको हो भने यसबाट कति लाभ

लिनसक्दथे होलान्  ! नेपालले आफ्नो प्रयासबाट गर्नसक्ने कामप्रति पनि अरूको सहयोगको आस गर्ने प्रवृत्तिले गर्दा नेपालपछि परेको हो । अरू देशहरू सकेसम्म अरूको आस नगरेर आफ्नै प्रयासबाट देश निर्माणमा लागेका छन् । नेपाली सबै मिलेर एकजुट भई भ्रष्टाचार र ठगिखाने प्रवृत्तिको अन्त्य गरी आत्मविश्वासका साथ दृढ भएर काम गर्न लाग्ने हो भने देशले काँचुली फेर्न धेरै समय लाग्दैन ।

नायग्राफल्सको रमणीय वातावरणलाई छोड्न हामी बाध्य भयौँ । किनकि हामी घर फर्कनु छ । अविस्मरणीय र शब्दमा वर्णन गरेर नसकिने त्यो दृश्य र क्षेत्रको अवलोकन गर्ने अवसर दिलाउने छोरा उत्तमलाई विशेष धन्यवाद दिएँ । विभिन्न ठाउँहरूको अवलोकनपश्चात् करिब ५ बजेतिर हामी घर फर्कनतिर लाग्यौँ । घर फर्किंदा सडकमा जामको समस्यासँग जुध्नुपरेन जसले गर्दा हामी ७:४५ मा घर पुग्यौँ । घरमा पुगेर हातगोडा सफा गरी बस्दै गर्दा धर्मेन्द्र कार्कीज्यूको परिवार मलाई भेट्न आउनुभयो । उहाँहरूसँग केहीबेर कुराकानी गरी बेलुकाको खाना खाइयो । वास्तवमा आजको दिन निकै महत्त्वपूर्ण रह्यो जीवनमा ।

# क्यानडाको जीवनशैली

२५ अगस्टको दिन बिहान धर्मेन्द्र कार्कीज्यूसँग पार्क र त्यस वरपरका क्षेत्र घुम्नका लागि गइयो । सुन्दर पार्क घुमेर हामी मानव बस्ती भएको क्षेत्रतिर घुम्नगयौँ । १ र २ तले टायलले छाएका निजी घरहरू, घरमा कम्पाउन्ड वाल नलगाएका, झ्यालमा ग्रिलहरू नहालेका, सफा र सुन्दर यी घरहरूमा मानिसको खासै चहल पहल भने देखिएन । करिब १ घण्टा आधा जति कार्कीजीसँग घुमियो । सारै रमाइलो र व्यावहारिक ज्ञान भएका, धनुषा जिल्लामा जन्मनुभएका उहाँसँग १ छोरा, १ छोरी र श्रीमती साथै हुनुहुँदो रहेछ । उहाँको सुखी परिवार रहेछ ।

खाना खाएर १२:३० बजे हाम्रो परिवार टाउन सेन्टर (Town Center) घुम्न निस्कियौँ । बाटामा पर्ने विभिन्न रमणीय स्थलहरूको अवलोकन गर्दै उक्त स्थानमा पुग्यौँ । खास गरेर दैनिक उपभोग्य सरसामान राखिएको रहेछ । खाना खाने ठाउँ, सिनेमा हल, खेलकुद मैदान आदिको व्यवस्था भएको, चारैतिर ढोका भएको, विशाल दुई तले भवन जसले फराकिलो एरिया ओगटेको रहेछ । हजारौं गाडी पार्क गर्न मिल्ने ठाउँ रहेछ । धेरै प्रकार र धेरै मुलुकका सामान एउटै छानामुनि उपलब्ध हुने यस्ता Center हरूले सहरको स्वच्छता र सहजता प्रदान गरेका रहेछन् । आधुनिक सुविधा र प्रविधियुक्त यस्ता Center हरूले ग्राहकहरूलाई पूर्ण सन्तुष्टि दिँदै सेवा प्रदान गरिरहेका रहेछन् । सभ्य समाजले यस्तै खाले ठाउँ रोज्न थालेको छ । करिब तीन घण्टा

जति घुमेर किनमेल गरेर हामी घर फर्कियौँ । जता गए पनि सफा र हरियाली स्थान, फराकिलो एरिया, थरिथरिका मानिस र वस्तुहरू देख्न पाउँदा मनै रमाउने । ठुला सहरहरूको ठाउँठाउँमा यस्ता केन्द्रहरू सञ्चालन हुनु निश्चय नै प्रशंसनीय काम हो ।

क्यानडाका जनता र सरकारले साँच्चिकै देशको माया गरेको देखिन्छ । राज्यले जनताको शिक्षा, स्वास्थ्य, बेरोजगार, वृद्ध अवस्था आदिको जिम्मा लिएको रहेछ । कल्याणकारी राज्यको स्थापना गर्न कुनै कसर बाँकी राखेको रहेनछ । जनताबाट उठाएको करको पारदर्शिता र लोक कल्याणमा खर्च गर्ने प्रवृत्ति देखिन्छ । जनताको हितलाई सर्वोपरि राखी राज्यले नीतिनिर्माण र कार्यान्वयन गर्दो रहेछ । राष्ट्रियकरण गर्ने जस्ता कार्यहरूलाई निरुत्साहित गरिएको रहेछ । जनता सरकारप्रति पूर्ण विश्वस्त रहेछन् । सरकार जनताको अभिभावक भएर काम गर्दोरहेछ । भ्रष्टाचार, अनैतिकता, अभद्र व्यवहार, होहल्ला आदिको कुनै गुञ्जायस रहेनछ । माटोको माया सबैमा रहेको पाइयो । आफ्नो कामलाई महत्त्व दिने र जिम्मेवारीपूर्वक काम गर्ने बानी सबैमा देखियो । क्यानडा हेरेर नेपालले अरूको आस गर्ने बानीलाई त्याग्नु अति आवश्यक छ भन्ने मलाई लाग्यो ।

क्यानडाको आदिवासी भनौँ या रैथानेको सङ्ख्या ज्यादै कम रहेछ । विभिन्न मुलुकबाट आएर बसेकाहरू पनि राम्रो संस्कार र अनुशासनमा बसेका रहेछन् । देशको कानुनले सबैलाई समान अवसर प्रदान गरेको रहेछ । जन सङ्ख्या थोरै तर जमिन धेरै भएको यो देशमा मानिसको सङ्ख्याभन्दा गाडीको सङ्ख्या बढी छ भन्ने सुन्दा अचम्मै लाग्ने । सहर एरियामा विशाल र अग्ला भवनहरू रहेछन् भने भित्री बस्ती र गाउँहरूमा साना १ तले २ तले घरहरू मात्र रहेका रहेछन् । वर्षमा ७, ८ महिना हिउँले ढाकिने यस समयमा जीवन निकै कष्टकर हुने रहेछ । यन्त्रका सहायताले सहज बनाउने प्रयास हुँदो रहेछ । मानिसहरू सुखी र सम्पन्न देखिए तापनि खुसी र आनन्दको कमी नै रहेछ ।

मानसिक सन्तुलन बिग्रेका, बेचैन र छटपटीमा बाँच्न बाध्य व्यक्तिहरू पनि रहेछन् । जीवनशैली आधुनिक रहे पनि आ-आफ्ना धर्म र संस्कृतिलाई प्रायः सबैले अपनाएका नै पाइयो । मन्दिर, मस्जिद, चर्च, गुरुद्वारा आदिको उपस्थिति पनि राम्रै देखियो ।

हिउँ पर्दा मूल सडक सरकारले हिउँ पन्छाउने काम गरे पनि घरवालाहरूले आफ्नो घरअगाडिको हिउँ पन्छाउने काम आफैँले गर्नुपर्ने रहेछ । यदि हिउँ नपन्छाएर कुनै दुर्घटना भयो भने त्यसको सम्पूर्ण क्षतिपूर्ति घरवालाले नै व्यहोर्नुपर्ने रहेछ । यस्तो बाध्यात्मक व्यवहारलाई हेर्दा कतै सबै नागरिकलाई समान व्यवहार भएन कि जस्तो लाग्ने । यस्ता सडकछेउमा घर हुने व्यक्तिहरूलाई कुनै सहुलियतको, छुटको व्यवस्था गर्नेतिर सरकारले सोच्नुपर्ने हो कि ?

# क्यानडाको तरकारी खेती

२८ अगस्टको साँझ ५ बजेतिर उत्तम र म तरकारी फार्म घुम्न र तरकारी किन्न कृषि फार्ममा गयौँ । सहरबाट करिब डेढ घण्टाको ड्राइभमा फार्ममा पुगिँदो रहेछ। विशाल फार्म विभिन्न देशका व्यक्तिहरूको चाहना पूरा गर्ने गरी थरिथरिका तरकारीहरू लगाइएको रहेछ । टिपेर राखेको किन्न पनि पाइने र आफैँले टिपेर लिन पनि पाइने व्यवस्था रहेछ। किन्ने र टिप्ने मान्छेको भिड नै हुँदो रहेछ । सफा र ताजा तरकारीका लागि यसरी मानिसहरू आकर्षित भएका होलान् । स्टोरमा भन्दा केही सस्तो पनि पाइँदो रहेछ । हामीले पनि केही आफैँ टिप्यौँ र केही टिपेर राखेको किन्यौँ। स्टोरमा फर्सीको मुन्टा नपाइने रहेछ त्यसैले हामीले फर्सीको मुन्टा टिपेर ल्यायौँ । तरकारी फार्म सञ्चालन गर्नसके राम्रै आम्दानी हुने रहेछ भन्ने लाग्यो तर वर्षमा ६, ८ महिना हिउँले गर्दा जमिन बाँझै छोड्नुपर्ने हुँदा अलि जोखिम हुन्छ कि ! फार्म घुमेर त्यहाँको खेती गर्ने तरिका सिक्ने अवसर पाइयो । बाटामा पर्ने अन्य फार्महरूको पनि सामान्य अवलोकन गरियो। जमिन समथर हुनुको साथै मलिलो माटो हुनाले खेती गर्न उपयुक्त देखेँ। पानी जम्ने जमिन खासै देखिएन । खुला र फराकिला आकाश देखिने, घामको प्रकाश राम्रै प्राप्त हुने हुँदा बिरुवाहरू हुर्कन सजिलो नै रहेछ। आधुनिक प्रविधिबाट गरिने खेतीबाट राम्रै उत्पादन गर्ने गरेको देखियो। खाद्यान्न बालीमा मकै, गहुँ गेडागुडी जस्ता बाली राम्रैसँग व्यवस्थित तरिकाले गरेको देखियो ।

# क्यानडामा कुशेऔँशी

३० अगस्टको दिन कुशे औँशी, बाबुको मुख हेर्ने दिन परेकाले छोरा उत्तम र बुहारी राधाले मलाई विभिन्न उपहारसहित मुख हेर्ने काम गरे । नातिनी इशान्वी र नाति आहानले उत्तमको मुख हेर्ने कार्यक्रम गरे । रमाइलो र खुसीका साथ त्यो दिन क्यानडामा बिताइयो । आफू जहाँ गयो आफ्नो संसार त्यहीँ हुदो रहेछ। आफ्नो धर्म संस्कृति, परम्परा आफूसँगै जाँदा रहेछन्। वास्तवमा मानिसको पहिचान यिनै कुरामा गाँसिएको हुँदो रहेछ । कला, संस्कृति, साहित्य सबैको साझा हुने हुँदा यो एक वर्ग वा समाजको हुँदैन तर संस्कार भने छुट्टाछुट्टै हुने गर्दो रहेछ। क्यानडामा बस्ने विदेशीहरूले आ-आफ्नो समाजको रीतिरिवाज, भाषा, धर्म, कला, साहित्य, संस्कृति आदिलाई जीवित राखेको र भव्यसँग आफ्ना पर्वहरूलाई मनाउने गरेको पाइयो। नेपालमा भन्दा त्यहाँ भए गरेका क्रियाकलापहरूलाई देख्दा फरक अनुभूति हुँदोरहेछ। धन्यवाद छ सबैलाई, आ-आफ्नो परम्परालाई जीवित राखेकामा ।

# क्यानडामा १३औं हिमालयन एक्स्पो

१३ औं हिमालयन एक्स्पो हेर्न भानिज रवीन थपलियासँग बिहान ११ बजेतिर हिँडियो । आज ३१ अगस्तको बिहान र रातको खाना यिनकै घरमा खाने र बस्ने निधो गरियो । दिनभर भतिज दिनेश पन्त, भानिज रवीन र उनको जेठो छोरासँग एक्स्पो हेर्न र वरपर घुम्न व्यस्त भइयो । करिब ३ हजार जति नेपालीहरूको उपस्थिति थियो । एक्स्पो हेर्ने डाउन टाउन भन्ने ठाउँमा रहेछ । नेपालको काठमाडौँको खुला मञ्च जस्तै देखिने यस ठाउँमा विभिन्न नेपाली सामान र खानाहरूको स्टल राखिएको रहेछ । यो एक्स्पोको आयोजना क्यानडामा बस्ने नेपालीहरूको सक्रियतामा भएको रहेछ । यस्तो कार्यक्रम नेपाल सरकारले आयोजना गरेर पर्यटन र व्यापार विस्तार गर्न प्रचार प्रसारको माध्यम बन्नसक्दथ्यो तर दुर्भाग्य नेपाल सरकारले यसतर्फ कुनै ध्यान दिएको देखिँदैन । भाषण र हल्ला गर्न मात्र सक्दछ नेपाल सरकार भन्ने लाग्यो । विभिन्न देशहरूमा गएर आफ्नो देशका महत्त्वपूर्ण पर्यटन गन्तव्यहरूको बारेमा प्रचारप्रसार गर्ने, नेपाली वस्तुहरूको जानकारी गराउने मेला र प्रदर्शनीको आयोजना गर्ने जस्ता काम गर्न सरकारले अग्रसरता लिनु आवश्यक छ । यस्ता कार्य निजीक्षेत्रले मात्र गर्न सम्भव छैन । त्यसैले यसतर्फ नेपाल सरकारले बेलैमा ध्यान पुऱ्याउनु आवश्यक छ ।

रवीनले गाडी पार्किङ्गका लागि जमिनमुनितिर आफ्नो गाडी प्रवेश गराए । ६ हजार गाडी राख्न मिल्ने उक्त पार्किङ्ग स्थलमा समेत ठाउँ पाउन

मुस्किल रहेछ । घुम्दाघुम्दा बल्ल एक जना वयस्कले आफ्नो गाडी निकाल्न लागेकाले उनको पछि बसियो र पार्किङ्ग गरियो । कैयौँ गाडीहरू पार्किङ्गका लागि ठाउँ नपाएर भित्रै घुमिरहेका देखिन्थे । कार्यक्रमस्थल जाँदै गर्दा विद्युतीय रेल जो गाडी चल्ने सडकमा सानो फलामको लिक जस्तो जमिनमा टाँसेको हेर्दै बाटो काटेर कार्यक्रम स्थलमा पुगियो । नेपालीहरूको बिचमा बस्दा नेपालमै बसे जस्तो लाग्ने । केही परिचित व्यक्तिहरूसँग कुराकानी भयो । उमेश कोइराला र कृष्ण अधिकारी सरहरू जो नेपालमा रहँदा हाम्रो पशुपति क्याम्पसमा अध्यापन गर्नुहुन्थ्यो, उहाँहरूसँग कुराकानी गरियो । राम्ररी बसेका र सन्तुष्ट रहेको पाएँ । अन्य केही नेपालीहरूसँग पनि परिचय गराए भान्जा रवीनले । केहीबेर Down Town Underground Market घुम्ने विचार आयो ।

दिनेश, रवीन, नाति अथर्व र म केहीबेर जमिनमुनिको बजार घुम्न गयौँ । जमिनमाथि विशाल गगनचुम्बी भवनहरू छन् भने जमिनमुनि २, ३ तला तलसम्म त्यस्तो फराकिलो बजार जसलाई घुम्न पूरै १ दिन पनि कमी हुनसक्ने भनेको सुन्दा र बजार हेर्दा अचम्मै लाग्यो । करिब २ घण्टा जति बजार घुमेर पुनः कार्यक्रमस्थल आयौँ । केही बेर कार्यक्रमस्थलमा बसेर रवीनको घरतिर फर्कने प्रयास गर्न थाल्यौँ ।

# भान्जा रवीनको घरमा एक रात

दिनेशले एक्स्पो मेलास्थलमै केहीबेर अलमल गर्ने विचार गरे किनकि उनको घरमा हामी पहिले नै पसेर खाजा खाएर निक्लेका थियौँ । दिनेशले उनको घरमा रात बस्न मलाई धेरै आग्रह गरे तर पछि आउनेछु भनेर आज रवीनको घरमा रात बस्ने विचार व्यक्त गरेँ । दिनेशको एपार्टमेन्टमा उनको सबै परिवारसँग भेट भइसकेकै थियो । शनिवारको दिन परेकाले गाडी पार्किङ्ग शुल्क जति घण्टा राखे पनि केवल ८ डलर मात्र लिने रहेछ । शुल्क तिरेर हामी रवीनको घरतिर फर्कियौँ । बाटामा हल्का चिया खाजा खाएर ६ बजे हामी घर पुग्यौँ ।

बडो रमाइला कुराहरू गऱ्यौँ । विगतका नेपाल बस्दाका र क्यानडामा प्रवेश गरेपछिका घटना क्रमहरूको बारेमा चर्चा गऱ्यौँ । भान्जी भावनाले खाना पकाउँदै हामीलाई कफी र स्न्याक्सहरू खानदिँदै गर्दथिन् । भावना पनि धेरै बुझ्केकी, पढेलेखेकी र एउटा उत्कृष्ट परिवारमा हुर्केकी हुनाले हाम्रो कुराकानीलाई अझ परिष्कृत पार्न उनको भूमिका महत्त्वपूर्ण रहेको थियो । नातिहरू अथर्व र पार्थ टिभी हेर्ने, नाच गान गर्ने र आफ्नै पारामा खेलहरू खेल्न व्यस्त थिए । रवीनका साथी र उनका आमाबुबा जो भर्खरै नेपालको इटहरीबाट छोराबुहारीहरूलाई भेट्न क्यानडा पुगेका म जस्तै भिजिटर हुनुहुँदो रहेछ । उहाँहरू बराल थरका सभ्य परिवार हुनुहुँदो रहेछ । साथीका आमाबुबालाई बोलाएर यसरी खानदिने चलन प्रायः विदेशमा बस्ने नेपालीले

गर्ने गर्दा रहेछन् । खाना खाँदै उहाँहरूसँग पनि गफ भयो । वातावरण बडो रमाइलो थियो । खाना खाएर केहीबेर गफ गरेर कफीले बिदाइ गर्ने निश्चय भयो । कफी पिएर उहाँहरू आफ्नो घरतिर लाग्नुभयो । रात छिप्पिइसकेकाले करिब ११:३० बजेतिर म सुत्नका लागि आफ्नो कोठातिर लागेँ । रवीनको घरमा कोठाका कमी रहेनछ नत्र भने विदेशमा कोही न कोही बैठक कोठामा अलपत्र पर्न बाध्य नै हुनुपर्दथ्यो तर यहाँ यो अवस्था अरू केही मानिस थपिँदा पनि नआउने रहेछ । धन्यवाद दिएँ भान्जालाई । रवीनको यो घर मलाई सारै मन पऱ्यो । सबै ठाउँहरू, कोठाहरू र भऱ्याङ जस्ता कुराहरूलाई मिलाएको । म पहिलो आफन्त मामा जसले यस घरमा रात बसेर भरपूर आनन्द लिन सकेँ । यसका लागि म आफूलाई भाग्यमानी सम्झन्छु ।

सेप्टेम्बर पहिलो तारिख बिहानै भानिजको घरमा चिया नास्ता लिने परिस्थिति बन्यो । ७:३० तिर रवीनले मलाई उत्तम बसेको एपार्टमेन्टमा पुऱ्याई घरतिर फर्के ।

# टोरोन्टो प्रदर्शनी २०१९ को अवलोकन

सेप्टेम्बर पहिलो तारिख ११:३० बजेतिर टोरेन्टो प्रदर्शनी हेर्नका लागि हाम्रो परिवार घरबाट आफ्नै गाडीमा निस्कियौँ । २० मिनेट जति गएर गाडी त्यतै पार्किङ्ग गरी रेलवे स्टेसनतिर तल झऱ्यौँ । राधा र उत्तमका साथीहरू पनि त्यहीँ जम्मा भए । केही साथी भने प्रदर्शनीस्थलमा नै भेट्ने खबर आएपछि हामी रेल चढ्यौँ । १ घण्टा जति यस रेलमा यात्रा गरी पुनः रेल फेऱ्यौँ । अर्को रेल डेढ घण्टा जति चढेर ओर्लियौँ । पुनः ट्राम (सडकमा बस जोडेर बनाएको जस्तो ट्रली बस) डेढ घण्टा जति चढेर प्रदर्शनी स्थलमा पुगियो । हाम्रो जम्मा १५ जनाको टोली बन्यो । सिमसिम पानी परेको अवस्था थियो । चिसो पनि बढेको थियो । यत्तिकैमा हामी प्रदर्शनी स्थलभित्र छिऱ्यौँ । सबैले आ-आफ्नो टिकट लिएर छिरेका थियौँ । भित्र छिर्दा हामी सबै जना सँगै छिरे पनि बिस्तारै सबै छरिए । प्रदर्शनी हलभित्र थरिथरिका वस्तुहरूका स्टलहरू (पसलहरू) राखिएका थिए । विशाल हलमा सयौँको सङ्ख्यामा त्यस्ता पसलहरू थिए । हलबाहिर खेलकुद र मनोरञ्जन स्टलहरू बडो आकर्षक तरिकाले सजाएर राखिएका थिए । जतातत मानिसहरूको भिड नै थियो । हलभित्रका पसलहरू घुम्ने क्रममा केही सामानहरू किन्ने काम पनि भयो । अञ्जना, चन्द्रा, उनका छोराछोरीहरू, इशान्वी र मसँगै घुम्दै थियौँ । राधा र उत्तम अनि आहानसँगै कतै घुम्दै थिए भने सुजन र शैलेन्द्र अनि उनका छोराहरू कतै घुम्दै थिएँ । सबैजना आ-आफ्नै तरिकाले रमाएर घुमघाम गर्दै थियौँ । घुम्दै गर्दा हामीले नेपालको झन्डा राखेका ३ ओटा स्टलहरू देख्यौँ । एउटामा काठका, अर्कोमा ढलोटका र अर्कामा कपडाका सामानहरू राखिएका रहेछन् । ढलोटको मूर्ति र अन्य वस्तु राखेको पसलमा गयौँ । आफ्नो देशको झन्डा

देख्दा मन नै खुसी हुँदो रहेछ । उक्त पसलमा बस्ने एक जना भाइले मलाई चिनेर बिष्णु सर भनेर बोलाउँदा म त छक्कै परेँ । केही बेर उनीसँग गफ गरियो । उनी पशुपति क्याम्पसमै पढेका रहेछन् ।

सबैजना फोन सम्पर्कद्वारा एकै ठाउँमा भेला हुने काम भयो । आफूसँग भएका फलफूल र अन्य खाद्य वस्तुहरू बाँडेर खाइयो । त्यसपछि बिस्तारै सबैजना हलबाहिर निस्कियौँ । बाहिरको दृश्य छुट्टै रमाइलो थियो । विभिन्न प्रकारका पिङहरू, रोपवेहरू, खेल खेल्ने स्टलहरू, खाना खाने ठाउँहरू । खानाहरू खाँदै, खेल हेर्दै चिट्ठाहरू हाल्दै खेल्दै केही वस्तु जित्दै हामीहरू पुनः एकै ठाउँमा भेला हुने र वरिपरि घुम्ने सानो रेल जस्तो बस चढ्ने निधो गरियो । प्रदर्शनी स्थलका विभिन्न स्टलहरू हेर्दै हामी अगाडि बढ्यौँ र उक्त सानो रेल चढ्ने र घुम्ने ठाउँमा पुग्यौँ । राधा, उत्तम र अन्य केही साथी छुटे हामी केही जना चढ्यौँ । रेलबाट प्रदर्शनीस्थलको परिक्रमा गऱ्यौँ र फोन सम्पर्कबाट सबैजना एक ठूलो खाजा खाने हलमा जम्मा भयौँ । साँझको करिब ८ बजेको थियो । सबैलाई भोक र थकाइ लागिसकेको अवस्था थियो । आ-आफ्नो इच्छा अनुकूलका खाजाहरू खाइयो । आधा घण्टाजतिमा खाजा खाइसकेर सबै जना घरतिर फर्कियौँ । ट्राम, रेल र आ-आफ्नो गाडीको प्रयोग गर्दै घरतिर लाग्यौँ । राति १० बजेतिर हामी घर पुग्यौँ । आजको दिन व्यस्त एवम् रमाइलो साथ बिताइयो । मलाई आज नेपालको काठमाडौँमा हुने भृकुटीमण्डपमा पहिलापहिला लाग्ने रमाइलो मेलाको सम्झना पनि आयो । नेपालमा यस्तो भव्य नभए पनि सामान्य चाहिँ हुने गरेको थियो ।

मौसमको कारणले २ दिन घरमै बसियो । नातिसँग खेलेर आनन्द लिने अवसर पाइयो । बाललीला कसलाई मन पर्दैन र ? त्यसमा पनि आहानको लीला निकै फरक छ । उसले मुखाकृतिमा गर्ने परिवर्तन, अरूले मलाई कसरी हेर्दै छन्, मैले के गर्दा अरू खुसी हुन्छन् जस्ता कुराहरूलाई ८ महिनाको बालकले बुझ्नसक्नु निश्चय नै फरक कुरा हो । ठुला व्यक्तिहरूले गरेको क्रियाकलापलाई छिट्टै अनुकरण गर्ने क्षमता उसमा रहेको छ । ऊसँग खेल्दै घरभित्र बसेर दिन बिताउँदाको मजा छुट्टै पाएँ ।

# लक्ष्मीनारायण मन्दिरको दर्शन

सेप्टेम्बर ४ का दिन ज्योति पन्त (कार्की) जो त्यसै हामी बसेको अपार्टमेन्टको ब्लक नं. ७०७ मा बस्ने राधाकी साथी र धर्मेन्द्रजीकी सहयात्री हुनुहुन्छ, उहाँ मलाई काका भनेर सम्बोधन गर्नुहुन्छ । उहाँका १ छोरी र १ छोरा हुनुहुँदोरहेछ । उहाँले मलाई लक्ष्मीनारायण मन्दिर घुमाउन दिउसो १२ बजेतिर आफ्नै गाडीमा आफैँले हाँकेर लैजानुभयो जुन मर्निङ भ्यु भन्ने ठाउँमा रहेछ । ठूलो एरियाको बिचमा एउटा विशाल घर रहेछ । उक्त २ तले भवनको तल्लो तलामा प्रशासनिक कक्षहरू, भान्सा कोठा र ठूलो हल रहेछ । उक्त हललाई बहुप्रयोजनमा ल्याउनसकिने गरी बनाइएको रहेछ । माथिल्लो तलामा भऱ्याङबाट प्रवेशद्वार हुँदै फराकिलो र भव्य हलमा पुग्दा फरक अनुभव भयो । चारैतिर बडो सुन्दर तरिकाले सजावट गरिएको पाउ राख्ने ठाउँमा समेत मुलायम कार्पेट राखेर मूर्तिहरू राखिएका ठाउँसम्म पुग्दा पनि बडो आनन्द मिल्ने रहेछ । मञ्चमा विराजमान गराइएका मार्बलका आकर्षक एवम् सुन्दर राधाकृष्ण, सीता, राम, लक्ष्मण, हनुमान्का मूर्तिहरू राखिएका रहेछन् । दाहिनेपट्टि साइडमा शिवलिङ्गको स्थापना गरिएको र त्यसको दाहिनेपट्टि नवग्रहहरूको मूर्ति स्थापना गरेको रहेछ । सबै मूर्तिहरूको परिक्रमा र दर्शन गर्ने काम गऱ्यौँ ।

मूर्तिहरूको परिक्रमा र पूजा सकेर हामी पुजारी बसेको साइडतिर लाग्यौँ । पुजारी नेपालको धनुषा जिल्ला जनकपुरका हुनुहुँदो रहेछ । हामीलाई

बडो राम्रो व्यवहार गर्नुभयो । टीका-प्रसाद लगाइदिनुभयो र प्रसाद ग्रहण गर्ने कक्षमा लिएर जानुभयो । ज्योति, नानी र मैले प्रसाद ग्रहण गर्ने काम गऱ्यौँ । ज्योतिजी सबैसँग प्रस्ट बोल्ने स्वभावकी हुनाले पुजारीसँग पनि उहाँको राम्रो कुराकानी भयो । नेपालका बारेमा पुजारीले पनि चासो राखेर कुरा गरे । पुजारीसँग बिदा लिएर मन्दिर प्राङ्गणको अवलोकन गर्दै हामी गाडी पार्किङस्थलतिर अगाडि बढ्यौँ । मन्दिर परिसरमा लगाइएका फलहरू बाटोमै पाकेर झरिरहेका थिए । कसैले पनि टिपेर खाने चलन रहेनछ । फूलहरू पनि जताततै फुलिरहेका थिए । यस्तो सुन्दर, सफा र भव्य लक्ष्मीनारायण मन्दिरको दर्शन सकी हामी हाम्रो अर्को गन्तव्यतिर लाग्यौँ ।

# ज्योतिजीसँग पार्क घुमघाम

ज्योतिजीले एउटा भव्य पार्कमा घुम्न लैजानुभयो । सबै उमेरका मानिसहरूका लागि सम्पूर्ण सुविधायुक्त उक्त पार्कमा कोही पिकनिक मनाइरहेका, कतै साना बालकहरू खेलिरहेका, कतै वृद्धाहरू आराम गरिरहेका थिए । केही चाइनिज जेष्ठ नागरिकहरू तास खेल्दै गरेका पनि देखियो । पार्क धेरै ठूलो रहेछ त्यसैले केही भाग मात्र घुमेर नजिकै रहेको अर्को पार्क पनि घुम्न जाने विचार गरियो । आधा घण्टा जति यो पार्क घुमेर २० मिनेट जति गाडी चढेर अर्को पार्कमा पुगियो । ज्योतिजी राम्ररी गाडी ड्राइभ गर्नुहुँदो रहेछ । एकचोटि सानो दुर्घटना बाहेक उहाँले कहिल्यै दुर्घटनाको सामना गर्नुपरेको रहेनछ । हामी अर्को पार्कमा केहीबेर घुमी पार्कभित्रै रहेको एउटा सानो घरमा स्थापना गरिएको म्युजियम हेर्नगयौँ । उक्त म्युजियम हेर्न शुल्क लाग्दो रहेनछ । एकजना कर्मचारी महिलाले हामीलाई सहयोग गरिन् । १०० वर्ष पुरानो इतिहास बोकेर बसेको यो म्युजियमले त्यसबेलाका घरायसी प्रयोगका सामान, कृषि औजार, यातायातका साधन र तत्कालीन यन्त्र उपकरणका सामान्य प्रतिनिधित्व गरेको आभास महसुस गरियो । दाउराले चलाउने ओभनबाट तत्काल तयार गरेको केक र सुप खाने काम गऱ्यौँ । फरक स्वादको अनुभव गऱ्यौँ ।

केहीबेरको म्युजियम अवलोकनपछि हामी Town Center घुम्न गयौँ । ज्योतिजीले केही सामान किन्नुभयो । केहीबेर घुमेर हामी एउटा तरकारी

फार्म हेर्न जाने निधो गऱ्यौँ । तरकारी फार्म सानो रहेछ तर त्यो फार्म हेर्दा मलाई नेपालको याद आयो । कतै लट्टेको साग, कतै फर्सीका लहरा, मुन्टा र फलेका फर्सी अनि रायो, चम्सुर र धनियाँको साग लगाएका रहेछन् । फार्मको बिचबिचमा पुराना जुत्ता टाँगेको देख्दा मलाई नेपालीले चलाएको फार्म होकि जस्तो लागेर बुझ्दा त्यहाँ काम गर्ने एक जना नेपाली रहेको थाहा भयो । ज्योतिजीले केही तरकारी किन्नुभयो । करिब ४:३० बजेतिर हामी घर पुग्यौँ । ज्योतिजीसँगको आजको यात्रा अविस्मरणीय नै बन्नपुग्यो । धन्यवाद छ ज्योतिजीलाई ।

# सी एन टावर र अक्युरियमको अवलोकन

सेप्टेम्बर ७ को बिहान १०:१५ मा हामी सी.एन. टावर र अक्युरियम हेर्न डाउन टाउनतिर लाग्यौँ । गाडी र रेलको प्रयोग गर्दै, सहारा लिँदै हामी १२ बजेतिर अक्युरियम हेर्न टिकट लिने ठाउँमा पुग्यौँ । टिकट लिएर दुबै जना भित्र पस्यौँ । सुरुमा ठिकै जस्तो लाग्यो तर घुम्दै जाँदा हेर्दै गर्दा झन्झन् राम्रो लाग्नथाल्यो । हेरिसक्दा अचम्मै लाग्यो । थरिथरिका माछा र त्यसको विशिष्ट व्यवस्थापनले गर्दा ज्यादै राम्रो प्रभाव पऱ्यो । हाम्रो सामान्य कल्पनाभन्दा निकै परको व्यवस्थापन र माछाहरूका आश्चर्यजनक क्रियाकलापहरू देख्दा छुट्टै संसारमा पुगेको जस्तो महसुस भयो । त्यहाँ अवलोकन गर्ने मानिसहरूले आफूलाई छुट्टै लोकमा अर्थात् माछा लोकमा भ्रमण गरिरहेको र माछाहरूले मानिसको खुसीका लागि विभिन्न मनोरञ्जनात्मक कार्यक्रम प्रदर्शन गरिरहेको जस्तो देखिन्थ्यो । रङ्गीन जललोकमा माछाहरूको साम्राज्य रहेको आभास पाइने यो अक्युरियमको अवलोकनले छुट्टै अनुभव प्राप्त भयो र यो अवलोकन अविस्मरणीय रह्यो । धन्यवाद छ यसको व्यवस्थापकलाई । साथै यसको अवलोकन गर्ने अवसर मिलाइदिने छोरा र बुहारी पनि उत्तिकै धन्यवादका पात्र छन् ।

सी.एन. टावर पनि नजिकै रहेकाले हामी त्यसतर्फ हिँडेरै जान अघि बढ्यौँ । गगनचुम्बी महलहरूको बिचमा प्रतिस्पर्धामा प्रथम भएको यो टावर चढ्न महँगै टिकटको व्यवस्था रहेछ । दुबै जनाको टिकट उत्तमले लियो । हामी

टिकट लिएर टावर चढ्ने लिफ्ट रहेको ठाउँतिर लाग्यौँ । केहीबेर लाइनमा बसेर अनुशासित तरिकाले चढ्नुपर्ने लिफ्टमा चढ्नपुग्यौँ । लिफ्ट तीव्रगतिमा माथितिर बढ्यो । झ्यालबाट बाहिर हेर्दा केहीबेर अघिसम्म आकाश छुने प्रतिस्पर्धामा रहेका भवनहरू जमिनमै टाँसिएको देखिनथाले । समय र परि स्थितिले हरेक ठुला र शक्तिशालीलाई सानो र कमजोर सिद्ध गराउँदो रहेछ भन्ने कुरा यसले प्रस्ट देखाएको अनुभूति भयो । १८ सय फिट जति उचाइ लिएको यस टावरले क्यानडाको टोरोन्टो र आसपासका भूभाग हेर्न सहयोग पुऱ्याउँदो रहेछ । खुला जमिन, तालहरू, विशाल भवन र सहरहरूको एकैचोटि हेर्ने अवसर प्रदान गरेर यस टावरले ठूलो गुण लगाएको रहेछ । हामीले पनि यो अवसर पायौँ । टावरको सिरान छानामुनि रहेको वरिपरि घुम्ने बार्दली र त्यसमा बसेर खाने खाजाघर अनि फोटाहरू खिच्ने व्यवस्थाले गर्दा अवलोकनकर्ताहरूले भरपूर आनन्द लिनसक्दा रहेछन् । बार्दली सिसाले घेरिएको थियो । बार्दलीको छेउमा सिसामा टाँसिएर बाहिर हेर्न र फोटो लिन मलाई डर लाग्यो । अलि भित्रै रहेर हेर्दै फोटो खिच्ने काम गरेँ । १८ सय फिटमाथिबाट वरपर हेर्दा र तल हेर्दाको अनुभव हवाइजहाजमा बसेर यात्रा गर्दाबाहेक अरू कुनै पनि अवस्थामा गर्नपाएको थिइनँ मैले । त्यसैले पनि मेरा लागि यो महत्त्वपूर्ण क्षण रह्यो ।

टावरको परिक्रमा गरेर फोटाहरू खिच्ने काम सकी भरपूर आनन्द लिँदै चिसोको स्वाद चाख्दै हामी पुनः लिफ्टको मद्दतले तल झऱ्यौँ । विज्ञान र प्रविधिको सदुपयोगले गर्दा यस्ता स्थलहरूको निर्माण र व्यवस्थापन हुन सकेका हुन् । सबै क्षेत्रमा विज्ञानले प्रदान गरेको योगदानलाई मानव कल्याणका निम्ति प्रयोगमा ल्याउन सके सबैका लागि अहोभाग्य हुनेछ । सी.एन. टावरको अवलोकनपछि हामी बिस्तारै रेल चढेर घर फर्कने दिशातर्फ अग्रसर रह्यौँ । रेल गाडीको सहयोग लिई हामी घर फर्कियौँ

# टोरोन्टो चिडियाखाना (Toronto Zoo) को अवलोकन

सेप्टेम्बर ८ का दिन चिडियाखाना हेर्ने उद्देश्यले उत्तम र म आफ्नै गाडीमा बिहान ९:३० तिर घरबाट निस्कियौँ । कार पार्कको समेत गरी ६५ डलर को टिकट काटी हामी बाहिरी मूल ढोकाबाट भित्र छिऱ्यौँ । फरक फरक जोनका आधारमा क्षेत्र विभाजन गरिएको रहेछ । जस्तैः अमेरिकन जोन, क्यानेडियन जोन, युरो एसियन जोन, अस्ट्रेलियन जोन, अफ्रिकन जोन, टुन्ड्राजोन जस्ता जोनहरू रहेछन् । कमन जोनको पनि व्यवस्था रहेछ । जोनअनुसार फरकफरक पन्छी र जनावर रहने साथै त्यस्तै वातावरण पनि सिर्जना गरिएको रहेछ । झट्ट हेर्दा प्राकृतिक जस्ता लाग्ने जोनहरू यथार्थमा कृत्रिम नै रहेछन् । त्यस्तो प्राकृतिक अवस्था सिर्जना गर्नु चाहिँ अवश्य पनि चुनौतीपूर्ण कार्य हो । कृत्रिम पहाडहरू ढुङ्गाहरू, खोलाहरू, ओढारहरू, पर्खालहरू बनाएको देख्दा साँच्चिकै अचम्म लाग्दो रहेछ। जोनअनुसार वनस्पति र जमिनको बनावटसमेत फरकफरक गरिएको छ । फरकफरक जोनलाई सम्बन्धित देश र ठाउँको प्रतिनिधित्व हुने गरी जुन कृत्रिम व्यवस्थाको निर्माण गरिएको रहेछ । यो सारै नै प्रशंसनीय रहेको छ ।

सानादेखि विशाल प्राणीहरूका लागि अनुकूल तापक्रम र वातावरण तयार गरेर त्यस्तो चिसो ठाउँमा पनि बाँच्ने वातावरणको तयारी गर्नु र फरक फरक तापक्रम एवम् अनुकूल वातावरणको व्यवस्था गर्नु निकै नै संवेदनशील र जटिल कार्य हो भन्नसकिन्छ । सबै प्राणीका लागि खानपान, दिसा, पिसाब,

औषधि उपचार र रेखदेखको व्यवस्थापन जुन तरिकाले मिलाइएको छ त्यो अत्यन्त प्रशंसनीय रहेको छ । कतै गर्मी जोन त कतै ठन्डी जोन छ भने कतै समशीतोष्ण जोन रहेका थिए । ती सबै जोनका फरकफरक भूबनोट र वनस्पति अनि फलफूलका बोट बिरुवाहरू पाइन्छन् । त्यसै अनुरूप चराचुरुङ्गीहरू पनि रमाइरहेका रहेछन् । साँच्ची नै त्यही देशमा पुगे जस्तो लाग्ने आफूलाई पनि । जु (Zoo) अवलोकन कर्ताहरूका लागि ठाउँठाउँमा बस्ने, खाने, शौच आदि गर्ने व्यवस्था पनि मिलाइएको रहेछ । विभिन्न देशका मानिसहरूको बाक्लै उपस्थिति थियो । धेरैजसोले समूह बनाएर घुम्नआउने गरेको पाइयो । खुला बस जस्तो गाडीबाट पनि घुमाउने व्यवस्था रहेछ ।

सबै जोन घुम्न सामान्यतया २ दिन लगाउने गर्दा रहेछन् समूहमा आउनेहरूले तर हामी भने फटाफट हिँड्नसक्ने, कतै अलमल गर्न नपर्ने भएकाले ६ घण्टा जतिमा सबै घुम्न सफल भयौँ । विभिन्न प्रकारका चराचुरुङ्गी, जल र थलमा रहने प्राणीहरू, विशाल काया भएका र ज्यादै साना प्राणीहरूको प्रत्यक्ष हेर्ने अवसर प्रदान गर्न यो चिडियाखाना सक्षम रहेछ । प्रकृति र प्राणीबिचको सम्बन्ध र वनस्पतिहरूको विविधताका बारेमा अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरूका लागि यो सिङ्गै पुस्तक नै हो भन्ने लाग्यो । मैले त्यस दिन जे देख्ने अवसर पाए यसले मलाई ठूलो शिक्षा दिएको छ । धेरै हिँड्नपर्ने भएकाले अलि कठिन हुन स्वाभाविक नै हो तर पनि यस्तो ठाउँको अवलोकन भ्रमणले मानिसलाई धेरै कुरा सिकाउँदछ । मैले पनि त्यो अवलोकन भ्रमणलाई निकै शिक्षाप्रद रूपमा लिएको छु । यसका लागि सहयोग पुऱ्याइदिने छोरा उत्तमलाई विशेष धन्यवाद दिन चाहन्छु । बेलुकाको खाना राधाको दाजु राम ठाकुर र भाउजू श्रद्धा खतिवडाको घरमा हुने भएकाले हामी घरमा गएर सबैजना त्यतै गयौँ । उहाँहरूकी एक छोरी रहिछन् । सुन्दर घरमा मिठामिठा परिकारहरूको स्वाद लिँदै खाना खाइयो । उहाँहरूले ज्यादै राम्रो स्वागत सत्कार गर्नुभयो । रमाइला गफ गर्दै समय बिताइयो । ९ बजेतिर हामी घर फर्कियौँ ।

# ज्योतिजीको घरमा डिनर

सेप्टेम्बर १० को दिनभरि घरमै बसियो । साँझ ७ बजेतिर धर्मेन्द्र कार्की र ज्योति कार्कीज्यूको ब्लक नं. ७०७ मा बेलुकाको खाना खानका लागि गयौँ । एउटै एपार्टमेन्टमा बसेकाले कतै टाढा जानुपरेन । ज्योतिजीले बढो मिहिनेत गरेर माछाका विशेष परिकार तयार गर्नुभएको रहेछ । अरू खानेकुराहरू पनि त्यत्तिकै स्वादिष्ट थिए । रमाइला गफ गर्दै खाना खाइयो । उहाँहरूका १ छोरा र एक छोरी रहेछन् । सबैजना शिक्षित । सबैजना बसेर केहीबेर हाँसीमजा गरियो । ९:३० बजेतिर हामी हाम्रो ब्लक ४०५ तिर झऱ्यौँ । त्यस दिन खानपिन र भेटघाटले छुट्टै आनन्द दिएको छ भन्ने लाग्दछ ।

# बिच र पार्क घुमघाम

१४ सेप्टेम्बर बिहानको खाना खाएर १०:३० बजेतिर उत्तम र म बिच र पार्क घुम्न निस्कियौँ। १ घण्टाको ड्राइभपछि हामी बिचमा पुग्यौँ। ठूलो ताल रहेछ। त्यसको किनारमा फराकिलो पार्क रहेछ। तालमा जहाजहरू चल्दा रहेछन्। तालको पारिपट्टि अमेरिका पर्दो रहेछ। तालको किनारामा खेल्ने, बस्ने, पौडी खेल्ने, पिकनिक गर्ने जस्ता कार्यहरू हुँदा रहेछन्। तालमा आउने छालले रमाइलो दृश्य हेर्ने अवसर दिँदो रहेछ। मानिसहरूको भिड नै हुँदो रहेछ। मानिसहरू बस्नका लागि राम्रो सुविधा रहेछ। तालमा तैरने जहाज, डुङ्गा र हाँसहरूलाई हेर्नका लागि बस्ने व्यवस्था राम्रै छ। एकातिर पार्क घुम्ने त्यत्तिकै अवसरहरू छन् भने अर्कातिर तालबाट आनन्द लिने । यसरी एउटै क्षेत्रमा दुई तरिकाले आनन्द लिन पाइने व्यवस्था प्रकृतिले मिलाइदिएको छ। क्यानडा तालैताल भएको देशभन्दा फरक नपर्ने छ। यहाँका ठुलाठुला तालले देशलाई चाहिने पानी र बिजुलीको आपूर्ति गर्न ठूलो मद्दत पुगेको देखिन्छ। यस तालको किनारामा थुप्रै चराचुरुङ्गी र माछा पाइन्छन् तर यिनीहरूलाई मार्न नपाइने व्यवस्था रहेछ। मलाई नेपालको याद आयो किनकि यस्तो व्यवस्था नेपालमा भएको भए के हुन्थ्यो होला भन्ने ? पार्कमा फलहरू लटरम्मै देखिन्छन् तर कसैले टिप्दैनन्। पाकेर आफैँ जमिनमा झर्छन्। यस्तो चलन क्यानडाको अन्य स्थानमा पनि देखियो। करिब ३ घण्टा जति घुमघाम गरेर घर फर्कियौँ।

# चन्द्राजीको घरमा डिनर

केहीबेर धर्मेन्द्रजीसँग बजार घुमियो र घर आई साँझ ७ बजेतिर शैलेन्द्र के.सी र चन्द्राजीको घरमा बेलुकाको डिनर लिन (खाना खान) गयौं। शैलेन्द्रजी बडो रमाइलो र खुला कुरा गर्ने व्यक्ति हुनुहुँदो रहेछ। चन्द्राजी पनि त्यत्तिकै रमाइलो र प्रस्ट वक्ता हुनुहुन्छ। उहाँहरूका १ छोरा र १ छोरी रहेछन्। शैलेन्द्रजी र सुजनजीको घर सँगै जोडिएको रहेछ। त्यस दिन सुजन र अञ्जनाजी पनि हामीसँगै शैलेन्द्रजीकै घरमा खाना खाँदै हुनुहुन्थ्यो। सबैजना मिलेर बडो रमाइला गफहरू गर्दै, विगतका आ-आफ्नो नेपालका अनुभवहरू बताउँदै खाना खायौं। वास्तवमा उहाँहरूले निकै मिहिनेतका साथ थरिथरिका परिकारहरू तयार गर्नुभएको रहेछ। हामीले स्वाद लिँदै थरिथरिका खाना खायौं। कति रमाइलोसँग हामीले समयको सदुपयोग गऱ्यौं। केटाकेटीहरूले पनि उत्तिकै रमाइलो गराए। धन्यवाद छ शैलेनद्रजी र चन्द्राजीलाई राति ९:३० बजेतिर मन नलागी नलागीकन घर फर्कियौं। मलाई अलि चाँडै सुत्ने बानी परेकाले पनि यति चाँडै फर्कन बाध्य भयौं। चन्द्राजीले मलाई उपहारसमेत दिन छुटाउनुभएन। धन्यवाद छ उहाँलाई।

# सुजन र अञ्जनाको निम्ता

१५ सेप्टेम्वर बिहान केही बदली भएकाले चिसो बढेको थियो। दिउसो २ बजेतिर उत्तम र म Town center तिर नेपाल लैजाने केही सामानहरू खरिद गर्नगयौँ। ३:३० तिर घर फर्कियौँ। हल्का खाजा खाएर ४ बजेतिर सुजन र अञ्जनाको निम्ता मान्न हामी उनीहरूको घरतिर गयौँ। नेपाली खानाका साथै स्पेसल म:म:को व्यवस्था रहेछ। अरू खानाभन्दा म:म:तिर सबैको चाहना बढी थियो। भेज र नन भेज २ थरी म:म: बनाउने सामान तयार रहेछ। सबै मिलेर म:म: बनाउने र पाक्दै गरेको तातो तातो म:म: सबैले बाँडेर खाँदाको मजा नै अर्को भयो। सारै स्वादिष्ट खानाका अन्य परिकारसँगै म:म:को थप स्वाद लिन पाउँदा त्यस रातको खानाको छुट्टै रौनक साबित भयो। शैलेन्द्रजी र सुजनजीको घरसँगै हिजो शैलेन्द्रजीकामा सुजनजीको परिवारको साथ थियो भने त्यस दिन सुजनजीकोमा शैलेन्द्रजीको परिवारको साथ रहेको छ।

सुजनजी कम बोल्ने गम्भीर स्वभावको हुनुहुन्छ तर अञ्जनाजी प्रस्ट बोल्ने र खुलेर गफ गर्ने स्वभावको हुनुहुन्छ। त्यस दिन शैलेन्द्रजीसँग धेरै गफ गरियो । उहाँ नेपालको धर्म, संस्कृतिप्रति गौरव गर्नुहुँदोरहेछ। धेरै जिज्ञासु र सकारात्मक सोच भएको सृजनशील व्यक्ति हुनुहुँदो रहेछ। अघिल्लो दिन उहाँहरू काममा व्यस्त भएकाले खासै गफ गर्न पाइएन। त्यस दिन सुजन

र अञ्जनाजीलाई खासै फुर्सत थिएन तर हामीहरूलाई बढी फुर्सद भएकाले चन्द्राजीसँग पनि गफ गरियो । उहाँ पनि धार्मिक आस्था बोक्ने व्यक्ति हुनुहुँदो रहेछ । उहाँ भेज खान रुचाउनु हुँदो रहेछ । सबै जना खाना खाइसकेर रमाइला गफहरू गऱ्यौँ । शैलेन्द्रजीलाई नेपालको मःमःको स्वाद ताजै रहेको कुराले सबैलाई हँसायो । रातको ८ः३० बजे हामी सबैसँग बिदा भएर घर फर्कियौँ । मलाई सबैले नेपाल फर्कने यात्रा शुभ रहोस् भन्ने शुभकामना दिनुभयो । नेपाल आएको बेलामा भेट्ने बाचासहित छुट्टियौँ ।

# क्यानडा बसाइका पछिल्ला दिनहरू

नेपाल फर्कने बेलाको भेटघाट र खानपानको क्रम जारी नै थियो। आजको १६ तारिख साँझ ६ बजेतिर हाम्रो परिवार राधाको मामाकी छोरी प्रभाको घरमा खाना खान बोलाएको रहेछ, त्यतै गयौँ। प्रणव राणा काठमाडौँको हुनुहुँदोरहेछ। उहाँ अहिले क्यानडाको बैंकमा काम गर्नुहुँदो रहेछ। दुबैजना बडो भद्र स्वभावका हुनुहुँदो रहेछ। एउटी सानी छोरी रहिछन्। केहीबेर स्न्याक्सहरू लिएर गफ गरेर बस्यौँ। त्यसपछि खाना खानतिर लागियो। सबैजनाले सँगसँगै खाना खायौँ। आ-आफ्नो रुचिअनुसार छानेर लिने गरी थरिथरिका खानाहरूको व्यवस्था रहेछ। बडो स्वादिष्ट खानाहरू प्रशस्तै खाइयो। खाना खाइसकेपछि केहीबेर गफ गऱ्यौँ र हामी घर फर्कनेतिर तयार भयौँ। प्रभा नानीले नेपाल फर्कने क्रमलाई उपहारसहित शुभकामना दिइन्। मैले उहाँहरू दुबै जनालाई धन्यवाद दिँदै शुभकामनासहितको उपहारलाई स्वीकार गरेँ। ९ बजेतिर हामी घर फर्कियौँ।

१७ सेप्टेम्बरका दिन सामान किनमेल गर्ने, फोनमा कुराकानी गर्ने र भेटघाट गर्ने काममा नै व्यस्त रहियो। साँझतिर धर्मेन्द्रजीकामा गइयो। नेपालबाट भर्खरै आएका विकी कोइरालाजीका परिवार पनि त्यतै आउनुभएको रहेछ। परिचय गरियो। रमाइलोसँग गफ गरेर केहीबेर बस्यौँ र आ-आफ्नो ब्लकतिर लाग्यौँ।

# क्यानडा छाडेर नेपालसम्म

१८ सेप्टेम्बर २०१९ मेरो यो पहिलो क्यानडा भ्रमणको अन्तिम दिन थियो । त्यस साँझ मैले क्यानडा छोड्नु थियो । त्यस दिनभरि घरमै परिवारसँग बिताउने कार्यक्रम रहेको थियो । आफ्ना नेपाल लैजाने सामानहरू ठिक पार्ने काम सकिएको छ । धर्मेन्द्रजीका परिवार बिदाइ गर्न आउनुभयो । हामीसँगै बसेर फोटो खिच्यौँ । साँझ ९:३० मा सबैसँग बिदा भएर घरबाट निस्किने क्रममा नातिनी इशान्वी, बुहारी राधा र नाति आहानले घरको ढोका बाहिरसम्म आएर बिदाइ गरे । हामी सबैका आँखा रसाएका थिए । मेरा आँखाले आँसु रोक्नसकेन । यत्तिकैमा धर्मेन्द्रजी, उत्तम र म लिफ्टबाट तल झर्‍यौँ । गाडीमा सामान राखेर धर्मेन्द्रजी छुट्टिनुभयो । उत्तम र म एयरपोर्टतिर लाग्यौँ । राति १०:१५ मा एयरपोर्ट पुग्यौँ । सबै प्रक्रिया पुर्‍याएर बोर्डिङ पास लिँदा ११ बज्यो । रात निकै छिप्पिइसकेकाले उत्तमलाई घर फर्कन भने । उत्तमले मेरो फोटो खिच्यो र ऊ पनि आँखाभरी आँसु पार्दै छुट्टियो र मेरो पनि त्यही अवस्था रह्यो । अब म एक्लै एयरपोर्टका चेक इन प्रक्रिया पूरा गर्नतिर लागेँ । सबै प्रक्रिया पूरा गरेर जहाज प्रवेश गर्ने गेट पत्ता लगाउनतिर लागेँ । ३४ नं. गेट रहेछ । सो पत्ता लागेपछि गेट खोज्नतिर लागेँ । गेट पत्ता लगाएर प्रतीक्षाकक्षमा गएर बसेँ । राति सुत्नुपर्ने बेलामा यसरी यता र उता गर्नुपर्दा र एक्लै बस्नुपर्दा दिक्क लाग्नु स्वाभाविकै थियो ।

हङकङसम्म पुर्‍याउने जहाज ‘क्याथे प्यासिफिक’ मा १:१५ मा प्रवेश गरियो । १:४५ मा जहाज हङ्कङका लागि प्रस्थान गर्‍यो । जहाजमा यात्रुहरूको

कम सङ्ख्या रहेछ । मेरो सँगैका २ सिटमा बस्ने यात्रु नै रहेनछन् । मलाई बस्न मात्र होइन सुत्नकै लागि ठाउँ पर्याप्त भयो । सजिलैसँग यात्रा गरियो । हङ्कङको स्थानीय समयअनुसार बिहान ५ बजे हङ्कङमा अवतरण हुनुपर्ने जहाज ४:४५ मा नै अवतरण गऱ्यो । जहाजबाट ओर्लिएर शौचादि गरी पहिले नै बुक गरेको बस्ने ठाउँ लज खोज्नतिर लागेँ । धेरै बेर खोजेपछि सही ठाउँतिर लाग्दै गर्दा काठमाडौँको चावहिल निवासी सुपरिचित बाबुकाजी श्रेष्ठ दाइलाई भेटें । उनीसँग ठाउँ खोज्दै गरेको कुरा बताउँदै गर्दा उनले सँगै लगेर आफूहरू बसेकै ठाउँमा पुऱ्याए । सही ठाउँ पनि त्यही नै रहेछ । दाइ, भाउजू र म तीनै जना सँगै बस्यौँ । हामीलाई त्यहाँ बस्ने १२ बजेसम्म मात्र अनुमति थियो तर काउन्टरमा बस्ने चाइनिज भाइसँग राम्रो संबन्ध बनाउन सकेकाले उनले २ बजेसम्म बस्दा पनि केही भनेनन् । हामी बसेको भवनको बरन्डामा बसेर चारैतिरको रमाइलो हेरियो । फोटाहरू लिने काम गऱ्यौँ । हवाई जहाज एयरपोर्टमा बसेको, उडेको मालसामान ओसारपसार गरेको, जहाजको सरसफाइ गरेको, जहाज चेकजाँच गरेको जस्ता क्रियाकलापलाई नजिकैबाट हेर्ने अवसर पाइयो । सबैजना व्यस्त । काममा ढिलासुस्ती गर्ने, अल्छी गर्ने, ठग्ने जस्ता अवस्था कतै देखिएन ।

हामीले त्यही लाउन्जमा बिहानको नास्ता, दिउसोको लन्च र फलफूलका जुस अनि कफी चियाहरू खाँदै रह्यौँ । नेपाली जिभ्राले कमै पदार्थको स्वादमा नेपाली पन पायो । जे होस् राम्रैसँग आफ्नो स्वादको नजिकमा रहेर खानाहरू खाइयो । २ बजे हामीले त्यो ठाउँ छोड्यौँ । हामी एयरपोर्टभित्रको बजार घुम्न र केही सामान किन्नतिर लाग्यौँ । हामीले ६:५० मा हङ्कङ छोड्नुपर्नेछ अर्थात् हामीलाई नेपाल पुऱ्याउने क्याथे ड्रागनको KA104 जहाजले हङ्कङ्बाट लिएर नेपालका लागि उड्नेछ । हङ्कङबाट नेपाल पुग्न ५ घण्टा समय लाग्ने रहेछ । करिब १४ घण्टा हङ्कङको एयरपोर्टमा रमाइलो हेर्दै बिताइयो । ४:३० बजेतिर जहाज चढ्ने गेट नम्बर निस्कियो । ४९ नं. गेटमा जानुपर्ने भयो । हामी त्यतै गएर प्रतीक्षा गर्ने खुला ठाउँमा बस्यौँ । बिस्तारै विभिन्न देशहरूबाट आएका नेपालीहरूको सङ्ख्या बढ्दै गयो । ठूलै

सङ्ख्यामा नेपालीहरूको उपस्थिति हुँदा पनि चिनेको अनुहार पाइएन । बिस्तारै जहाज प्रवेश गर्ने सङ्केत आयो । आफ्नो पालो पर्खेर प्रक्रिया पूरा गर्दै विमानभित्र प्रवेश गरियो । विमान ठिक ६:५० मा उड्यो । विमानले गति लिँदै गर्दा हामी भने खानतिर व्यस्त हुँदै थियौँ । बाबुकाजी दाइ र मेरो सिट फरक ठाउँमा थियो । आफ्नै तरिकाले करिब ५ घण्टाको समय बिताइयो । नेपाली समयअनुसार राति ९:३५ मा विमान नेपालमा अवतरण गर्नुपर्ने तालिका भए तापनि २३ मिनेट अगाडि नै अवतरण गरियो ।

नेपालको एयरपोर्टमा जाँचबुझ गर्ने तरिका आफ्नै किसिमको छ । कर्मचारीहरू कोही काम गर्ने, कोही हेरी मात्र बस्ने र काम गर्ने कर्मचारीहरूमा पनि कामप्रति कमै चासो र जवाफदेहिता लिएको हो कि जस्तो लाग्ने । सायद हाम्रो कार्यप्रणाली नै त्यस्तो भएर पनि हुनसक्दछ । जाँचबुझको प्रक्रिया समाप्त गरी आफ्नो सामान लिएर १० बजे एयरपोर्टबाट बाहिरिएर बाबुकाजी दाइसँग एयपोर्टभित्रैबाट छुट्टिने काम गरियो । मलाई लिन भाइ चन्द्र, ज्वाइँ स्वप्नील र ड्राइभर भाइ रूपेश पर्खिरहेका रहेछन् । सामान गाडीमा राखेर घर फर्कियौँ । १०:३० बजेतिर सुकेधारास्थित घरमा पुग्यौँ । ११ बजेतिर ज्वाइँ र भाइसँगै आ-आफ्ना घरतिर लाग्नुभयो । सामान्य खाना खाएर ३ दिनदेखिको निद्रा र थकाइ मेट्नका लागि आराम कक्षतिर लागेँ ।

यसरी क्यानडाको मेरो पहिलो यात्रा २०७६ सामाप्त भयो । मेरो जेठो छोरा उत्तम र बुहारी राधाले यो यात्राको सुरुदेखि अन्त्यसम्मको क्रममा जेजस्ता सहयोग पुऱ्याए, पूर्ण जिम्मेवारी लिएर गर्नुपर्ने सबै कर्तव्य पूरा गरेर मप्रति जुन व्यवहार गरे त्यसप्रति उनीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । नातिनी इशान्वी र नाति आहानसँग बसेर जुन बालक्रीडा हेर्ने अवसर पाए त्यो अविस्मरणीय रह्यो । कमै भाग्यशाली व्यक्तिले मात्र यस्तो अवसर पाउन सक्दछन् जुन मैले पाउनसकेँ त्यसका लागि परमेश्वरप्रति कृतज्ञता प्रकट गर्दछु । आफ्ना सन्तानले गरेको सङ्घर्ष, प्रगति र व्यवहारलाई नजिकैबाट हेर्न पाउनु र खुसी बाँड्नपाउनु मेरा लागि आत्मसन्तुष्टि र गौरवको कुरा हो । सबै बाबुआमाहरूले यो अवसर पाउन सकून् भन्ने कामना व्यक्त गर्दछु ।

# क्यानडाबाट सिक्नसकिने पक्षहरू

१) छोटो समयमा जुन गतिले क्यानडाले विकास गर्नसक्यो त्यो हामी नेपालीले अनुकरण गर्न योग्य छ ।

२) विभिन्न देशबाट आएका फरकफरक भाषा, धर्म, संस्कृति, जात, जीवन पद्धति भएका मानिसहरू पनि मिलेर बसेका छन् । कुनै पनि आधारमा झै-झगडा भएको पाइन्न । सबै मिलेर देशको र स्वयंको विकास गर्न सकेका छन् । यो नेपालीले पनि बुझ्नु आवश्यक छ ।

३) अरूको सहयोगको अपेक्षा नराखी आफ्नै स्रोत र साधनको प्रयोग गरी अगाडि बढ्ने प्रवृत्तिले गर्दा उनीहरू अरूको आशा गर्दैनन् र निरन्तर आफूभित्रबाटै हरेक समस्याको समाधान खोज्दछन् ।

४) सरकारले जनताको विश्वास लिनसकेको छ र जनताप्रति पूर्ण उत्तरदायी छ सरकार । नेपालमा यी दुबै कुराको अभाव छ । नेपालीले सरकारलाई दिने काम मात्र गरेको छ । सरकारबाट केही पाउने आशा राखेका छैनन् । यहाँ केवल सुन्ने र मान्ने काम गर्न जनतामा बानी परिसकेको छ ।

५) जनताबिचमा एकले अर्काको चासो नलिने, सहयोग मात्र दिने, प्रगतिमा ईर्ष्या नगर्ने, अरूलाई बिगारेर आफू बन्ने, अरूलाई होच्याउने, घृणा गर्ने, बदनाम गर्ने जस्ता क्रियाकलाप क्यानडा बस्दा देखिएन ।

६) वर्तमानमा बाँच्ने कला क्यानडाका मानिसहरूमा देखिन्थ्यो । नेपालीहरूमा अझै पनि यो कलाको कमी छ । सरकारले भविष्यको जिम्मा लिएको

अवस्थामा मानिस वर्तमानमा बाँच्नसक्छ, सक्दो रहेछ भन्ने कुरा बेलायत र क्यानडाको भ्रमणबाट सिक्नसकियो ।

७) आधुनिक प्रविधिलाई प्रयोगमा ल्याएर उत्पादन बढाउने स्तरीय उत्पादन गरेर विश्वबजारमा आफ्नो पहिचान कायम गर्ने, आन्तरिक र बाह्य बजारमा आफ्ना उत्पादनहरूलाई स्थापित गर्ने जस्ता काममा क्यानडा लागिपरेको देखिन्छ ।

८) वैज्ञानिक अनुसन्धानलाई विशेष प्राथमिकताका साथ प्रवर्द्धन गर्दै लैजानु क्यानडाको नीति रहेको देखिन्छ। कुनै पनि देशले यो कार्य गर्नु आवश्यक हुन्छ नै ।

९) लोककल्याणकारी सरकार भएकाले क्यानडामा नागरिक सर्वोच्चता कायम रहेको देखिन्छ । जनताको हित र कल्याणका लागि सरकारले काम गर्दछ नकि जनतालाई पीडा दिनका लागि । जनताले सरकारलाई आफ्नो अभिभावकको रूपमा स्विकारेका पाइन्छ । यी कुराहरू नेपालले कहिले गर्नसक्ला भन्ने जिज्ञासा नागरिकमा उठ्नु स्वाभाविक नै देखिन्छ।

१०) नागरिक अनुशासनले ठूलो भूमिका निर्वाह गर्दो रहेछ भन्ने कुरा क्यानडाबाट सिक्नसकिन्छ। सबै नागरिक स्वतः अनुशासित देखिन्छन् । सडकमा ट्राफिक प्रहरीबिना सवारीहरू गुडिरहेका छन् । बाटो काट्दा, हिँड्दा, बोल्दा, काम गर्दा सबैजना मर्यादित र अनुशासित देखिन्छन् । एकले अर्कोलाई आदरपूर्वक व्यवहार गर्दछन्, इज्जत गर्दछन् । केही गरी आफूबाट कुनै गल्ती भएमा तुरुन्तै माफी माग्दछन् । सबैजना हाँसीखुसी मिलेर काम गर्दछन् । यस्ता कुराहरू सबैले सिक्नु बेस होला जस्तो लाग्दछ ।

११) अरूको नोक्सान पुऱ्याएर आफू आनन्द लिने, अरूको दुःखमा खुसी हुने प्रवृत्ति सभ्य समाजका लागि निश्चय नै शोभा दिँदैन । क्यानडाबाट हामीले यी कुराहरू सिक्नसक्दछौं ।

# क्यानडामा मैले देखेका केही विशेषताहरू

१) मैले एक महिना क्यानडाको टोरोन्टो प्रान्तमा बस्दा कौवा देखिनँ ।

२) ड्राइभरहरूमा अनुशासनको केही कमी हो कि जस्तो लाग्ने ।

३) बिजुलीका लट्ठाहरू प्रायः एउटै गोलो अग्लो विशेष जातको काठको देखियो । कतै-कतै फलामका लट्ठाहरू पनि देखिए ।

४) भित्री बस्तीमा साना र होचा निजी घरहरू हुने । सहरी क्षेत्रमा विशाल एपार्टमेन्टहरू हुने ।

५) एपार्टमेन्टहरू भाडामा दिने र बिक्री गर्ने गरी छुट्टाछुट्टै बनाइएका हुने ।

६) झ्यालमा फलामे ग्रिल हाल्ने चलन देखिएन ।

७) कपडामा आइरन गर्ने चलन कम रहेछ ।

८) पहिरनमा महिला पुरुष दुबैको खासै तडकभडक देखिएन ।

९) २० लेनसम्मका फराकिला सडकहरू देखिए । यी सडकमा समेत पटकपटक जामको स्थिति देखियो ।

१०) सडकका दायाँ बायाँ प्रशस्त खाली जग्गा भएको ।

११) अपाङ्ग र ह्विल चेयरवालका लागि खासै व्यवस्था भएको देखिएन ।

१२) अरूको कुनै पनि सामान र केटाकेटी सामान्यतः छुन नमिल्ने, छोएमा कारबाही हुने सम्भावना हुँदो रहेछ ।

१३) सरकारी विद्यालयमा पढाइ निःशुल्क हुने । युनिफर्मको पनि व्यवस्था नभएको देखियो ।

१४) सडकमा गाडी दायाँ साइडबाट चलाइने रहेछ ।

१५) क्यानडाको राष्ट्रिय झन्डा त्यहीँ पाइने प्रख्यात रूखको पातको आकारमा बनाइको रहेछ ।

१६) सडकमा प्रहरीको उपस्थिति शून्य बराबर रहेछ ।

१७) मानिसको सङ्ख्याभन्दा गाडीको सङ्ख्या बढी छ भन्ने सुन्दा अचम्मै लाग्ने ।

# अनुभूति खण्ड

# बेलायत र क्यानडाको भ्रमणपछि नेपालमा घोत्लिँदा

फरक-फरक महादेशमा रहेका यी तीन मुलुकहरू आफैँमा स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न छन्। युरोप, उत्तर अमेरिका र एसिया महादेशमा रहेर आ-आफ्नै पहिचान राख्न यी मुलुकहरू सक्षम छन् । बेलायत विश्वको इतिहासमा कहिल्यै घाम नअस्ताउने देशका रूपमा परिचित थियो । सगरमाथाको देश, गोर्खालीहरूको देश, बुद्ध जन्मिएको देश जस्ता पहिचान बोकेको नेपाल पनि विश्वसामु परिचित नै छ । ठूलो भूभाग ओगटेर रहेको, छोटो समयमै निक्कै प्रगति गर्न सफल भएको विश्वसामु टड्कारो रूपमा परिचित उत्तरी अमेरिका महादेशअन्तर्गत रहेर आफ्नो पहिचान स्थापित गर्न सफल देश हो क्यानडा । क्यानडा देश ठूलो भए पनि जनसङ्ख्या नेपालकै हाराहारीमा रहेको छ । विकासका दृष्टिले क्यानडा विकसित मुलुकको पङ्क्तिमा नै पर्दछ। बेलायतको भूभाग थोरै भए पनि जनसङ्ख्या क्यानडा र नेपालको भन्दा निकै बढी रहेको छ। विकासको दृष्टिकोणले बेलायत क्यानडाभन्दा निकै अघि छ। बेलायत र क्यानडाबिचको आपसी सम्बन्ध कति प्रगाढ छ भन्ने कुरा बेलायतकी महारानी क्यानडाको राज्य प्रमुख हुनुबाट प्रस्ट बुझिन्छ। धेरै नीतिनियम र प्रणालीहरू बेलायत र क्यानडाका उस्तै रहेका छन् ।

नेपालीले बेलायत र क्यानडाबाट सिक्नुपर्ने थुप्रै कुराहरू छन् । यी कुरा सिक्दा राज्यस्तर वा जनस्तर दुबै लाभदायक हुनेछन्। राम्रा कुरा जोसँग सिक्दा पनि हुन्छ। सिक्ने इच्छा हुनेले मात्र सिक्नसक्दछ।

बसौँदेखि हामीबिच दौत्य सम्बन्ध कायम छ तर ज्ञान र प्रविधिका क्षेत्रमा नेपालले ती देशहरूबाट खासै लाभ लिनसकेको छैन । नेपाली स्वयंले सिक्ने चाहना नराखेर हो कि भन्ने प्रश्न पनि उठ्ने गर्दछ । नेपालले बाह्य सहयोगको धेरै अपेक्षा राख्ने गर्दछ । यसले गर्दा नेपालले आफूमा मिहिनेत गर्ने र पुँजी निर्माण गर्नतर्फ महत्त्व नदिएको जस्तो लाग्दछ । बिनापरिश्रम कुनै वस्तु पाइन्छ भने किन श्रम गर्ने ? सानो काम गर्न पनि विदेशी सहयोग आस गर्ने बानी नेपालले छोड्नुपर्छ । आन्तरिक स्रोत जुटाएर काम गर्ने बानीको विकास गर्नुपर्दछ । जनतामा देशप्रेमको भावना जगाउनुपर्दछ । यो मेरो देश हो मैले नै यसको विकास गर्नुपर्छ, देशको सबै साधन र स्रोतको संरक्षण र सदुपयोग मैले नै गर्नुपर्दछ भन्ने भावना प्रत्येक नेपालीमा आउनु जरुरी छ । जबसम्म यो काम जसले गरे पनि हुन्छ अथवा मैले नगरेमा के फरक पर्छ । यो काम त सरकारले पो गर्ने हो जस्ता भावना व्यक्तिमा रहन्छ तबसम्म देशले विकासको गति लिनसक्दैन । बेलायत र क्यानडाबाट नेपालले सिक्न सक्ने केही महत्त्वपूर्ण बुँदाहरू यस प्रकार छन् :

### १) जनताको विश्वास प्राप्त गर्नु

बेलायत र क्यानडाका सरकारलाई जनताले पूर्ण विश्वास गरेको देखिन्छ । सरकारले चालेका नीतिहरूलाई सबैले पालना गरेका छन् । जनताले सरकारलाई आफ्नो अभिभावकका रूपमा स्विकारेका छन् । जसरी अभिभावकले संरक्षण प्रदान गर्दछ त्यसरी नै हाम्रो संरक्षण सरकारले गर्दछ भन्ने विश्वास जनतामा छ । जनतालाई त्यो विश्वास हुनु निश्चय नै सरकारको व्यवहारको परिणाम हो । नेपालले जनताबाट यो विश्वास प्राप्त गर्नसकेको अवस्था छैन । यसतर्फ ध्यान दिनु अति आवश्यक छ । सरकारप्रति नेपाली जनता सशङ्कित नै छन् । सरकारले केही कार्यक्रम ल्यायो भने त्यसप्रति विभिन्न टीकाटिप्पणीहरू गर्ने, नकारात्मक सोचहरू देखिने गर्दछन् । सरकार पनि

कुनै नयाँ कार्यक्रम ल्याउँदा जनतालाई बुझाउने सम्झाउने जस्ता कार्यमा लाग्दैन । नयाँ कार्यक्रम राम्रो हुँदाहुँदै पनि सफल हुन नसक्दा त्यसबाट जनतामा विश्वास बढ्न सक्दैन । धेरै कार्यक्रम घोषणा गर्नुभन्दा एउटा राम्रो कार्यक्रम परिणाममुखी बनाएर कार्यान्वयन गर्दै सफल बनाउँदै जाँदा जनतामा स्वतः विश्वास बढ्दै जान्छ । यसतर्फ नेपाल सरकारले सोच पुऱ्याउनुपर्दछ ।

## २) जनकल्याणलाई केन्द्रमा राखेर नीतिनिर्माण गर्ने, काम गर्ने

राज्यले नीतिनिर्माण गर्दा वा कार्यक्रमहरू तयार गर्दा जनताको हितलाई पहिलो प्राथमिकतामा राखेर गर्नुपर्दछ । यो कुरा बेलायत र क्यानडामा देखिन्छ । उनीहरूले प्रत्येक व्यक्तिको भलाइ कसरी गर्नसकिन्छ भन्ने कुरामा विचार गरेर कार्य गरेको पाइन्छ । व्यक्तिको आत्मसम्मानमा ठेस लाग्ने र मनमा पीडा महसुस हुने खालका कदम राज्यले सञ्चालन गरेको देखिँदैन । हरेक उमेर र वर्गका मानिसहरूप्रति सरकारको दृष्टि नजिक रहेको पाइन्छ । हरेक व्यक्तिले आफ्नो व्यक्तित्वको विकास गर्ने, आरामसँग हिडडुल गर्ने, खेलकुदमा सहभागी हुने, स्वास्थ्य लाभका लागि पार्क घुम्ने, व्यायामहरू गर्ने, पिकनिक जाने जस्ता सबै क्रियाकलापलाई विचार गरेर सबै चिजको व्यवस्था मिलाइएको हुन्छ । मानिसहरूलाई हाम्रा लागि राज्यले यति धेरै सुविधा र सुरक्षाको व्यवस्था मिलाइदिएको छ भनेर खुसी हुने अवसर प्राप्त छ । नेपालमा यो पक्षलाई खासै विचार गरेको पाइन्न । नेपाल सरकारले जनताको सार्वभौमसत्तालाई सम्बोधन गर्न र प्राथमिकतामा राख्न नचाहेको हो या आवश्यक नठानेको हो यकिन गर्न सकिने अवस्था छैन । जनतामा राज्यप्रतिको आस्था र विश्वास नपलाउनका यिनै कारणहरू प्रमुख रूपमा रहेका छन् । उदाहरणका लागि बेलायत र क्यानडामा एउटा बस्तीको बिचमा खुला पार्क रहेकै हुन्छ । पार्कमा साना उमेरका बालकहरूका लागि बस्ने खेल्नेको छुट्टै व्यवस्था हुन्छ, युवाहरूको बस्ने र खेल्नका लागि छुट्टै व्यवस्था गरेको हुन्छ भने

जेष्ठ नागरिकहरूका लागि छुट्टै व्यवस्था मिलाइएको हुन्छ । यसरी सबै वर्ग र उमेरका व्यक्तिहरूले आफूलाई सरकारले विशेष प्राथमिकता दिएको महसुस गर्दछन् । नेपालीले यस्तो महसुस गर्ने अवस्था देख्न त कता हो कता कल्पना गर्नसमेत सकेका छैनन् । यसतर्फ राज्यले छिट्टै विचार पुऱ्याउनुपर्दछ ।

### ३) राज्यलाई कर तिर्न इच्छुक बनाउनुपर्ने

राज्यले जनताबाट लिएको करलाई पारदर्शी हुने गरी जनताले प्रत्यक्ष महसुस हुने गरी खर्च गर्नुपर्दछ । आफूले तिरेको करबाट राज्यले हाम्रै हितमा खर्च गरेको छ । यसबाट हामीले यी सुविधाहरू प्राप्त गरेका छौं । हाम्रो भविष्यका लागि वर्तमानमा हामीले सरकारलाई कर तिर्नुपर्दछ । सरकारले हाम्रो सबै कुरा जिम्मा लिएर कार्य गरेको छ भन्ने जस्ता अनुभूति जनतामा स्पष्ट नभएसम्म कर तिर्न कोही पनि इच्छुक हुँदैनन् । बेलायत र क्यानडामा जनताको शिक्षा, स्वास्थ्य, रोजगारी वृद्ध अवस्था सबैको ग्यारेन्टी सरकारले लिएको छ । जनता ढुक्क छन् यी कुराहरूमा । राज्यले यस्ता कुराहरूमा हामीले तिरेको कर खर्च गर्दै छ भन्ने कुरामा जनतालाई पूर्ण विश्वास छ । त्यसैले जनताहरू कर छल्नतिर लाग्दैनन् र खुसीसाथ कर तिर्दछन् । कर तिर्न कुनै झन्झटिलो व्यवस्था पनि छैन । कर नीति स्पष्ट छ । नेपालमा तिरेको करले के काम हुँदै छ, हामीले तिरेको करबाट के सुविधा पायौँ, सरकारले जनतालाई प्रत्यक्ष महसुस हुने गरी केके काम गर्दै छ भन्ने कुनै पनि करदाताले जान्न र महसुस गर्नपाएका छैनन् । सरकारले जतातत‍ैबाट सकेसम्म कर उठाउने प्रयास गरेको देखिन्छ तर करबाट उठेको रकम जनताको हित हुने काममा प्रयोग भएको देखिँदैन । सानोभन्दा सानो कामका लागि पनि विदेशी सहायताको मुख ताकेर बस्ने नेपालीहरूको  बानी भइसकेको छ । जनताबाट उठेको रकम कतै दुरुपयोग भएको त छैन भन्ने जिज्ञासा हुन पनि सक्दछ । त्यसैले सरकारले जनताले महसुस गर्ने गरी करबाट उठेको रकमलाई पारदर्शी तरिकाले खर्च

गरेर देखाउनु आवश्यक देखिन्छ। यसबाट कर छल्ने र भ्रष्टाचार गर्ने प्रवृत्तिको अन्त हुनसक्दछ । जनतामा कर तिर्ने इच्छा पनि बढ्दछ ।

### ४) सोचाइमा परिवर्तन गर्नुपर्ने

सोचाइको दायरा फराकिलो हुनु, सकारात्मक सोच हुनु, व्यक्तिगत लाभको सोच त्याग्नु, सबैप्रति प्रेमभाव राख्नु, सहयोगको भावना राख्नु, कसैलाई पनि कुनै पनि प्रकारको पीडा दिने विचार त्याग्नु जस्ता सोचको विकास हुनु अति आवश्यक हुन्छ। संसारमा जे छ त्यो सबै सोचकै परिणाम हो। साँघुरो, सानो सोच लिएर हिँड्ने मान्छे ठूलो बन्नसक्दैन। सबैको इज्जत गर्ने, कसैलाई पनि सानो नठान्ने विचार सबैमा हुनु आवश्यक छ। नेपालले यसबारे निकै प्रयास गर्नुपर्ने देखिन्छ। ठुलाले जे गर्छ त्यो नै सानाले अनुकरण गर्ने हो । ठूलो पदमा रहने समाजका अग्रज व्यक्तिहरूले आफ्नो सोचमा परिवर्तन ल्याएर देखाए मात्र अन्य व्यक्तिमा त्यसको प्रभाव पर्नेछ । अन्यथा चिच्याएर मात्र केही हुँदैन । राष्ट्रलाई नेतृत्व दिने व्यक्तिहरूमा असल सोच प्रवेश गर्नसक्यो भने निश्चय नै यो राष्ट्रले प्रगति गर्नेछ । जनता सुखी र खुसी हुनेछन्। बेलायत र क्यानडाले यस दिशामा राम्रै प्रगति गरेको पाइन्छ। नेपालले अझै निकै प्रयत्न गर्नुपर्नेछ । सबै जनतामा सोचमा परिपक्क हुनु आवश्यक छ। नेपालीहरूको सोचमा ज्यादै ठूलो परिवर्तनको खाँचो छ, अन्यथा नेपाल अझैपछि पर्दै जानेछ ।

### ५) राष्ट्रिय हित हुने स्थायी प्रणाली (System) हुनुपर्ने

राष्ट्रले दीर्घकालीन नीतिलाई प्राथमिकतामा राखेर काम नगरेसम्म विकासको गतिले निरन्तरता पाउनसक्दैन । राष्ट्रिय हित र आवश्यकतालाई केन्द्रमा राखेर नीति र योजनाहरू तर्जुमा गर्नुपर्दछ। यस्ता नीति र योजनाहरू स्थायी प्रकृतिका हुनुपर्छ अर्थात् सरकार परिवर्तन हुँदा पनि यसमा कुनै

असर नपर्ने र परिवर्तन नहुने हुनुपर्छ । राज्यका सम्पूर्ण संयन्त्रहरू एउटै प्रणालीमा आबद्ध भएर स्वतः सञ्चालित हुनुपर्दछ । सबैले संयन्त्रभित्र रही एउटै प्रणालीअन्तर्गत काम गर्नुपर्छ । यसरी काम नगर्ने जोकोही पनि दण्डको भागीदार हुनुपर्दछ । कानुनको अधीनमा रही सबैले आ-आफ्नो क्षेत्रबाट कर्तव्य निर्वाह गरे देशले प्रगति गर्नबाट कसैले रोक्नसक्दैन । सबै अनुशासित हुनुपर्‍यो र सम्मानित नागरिक बन्न प्रयत्नरत हुनुपर्‍यो । तब मात्र असल नागरिक र समुन्नत राष्ट्र बन्नसक्छ । बेलायत र क्यानडाको उन्नतिले यस कुरालाई पुष्टि गरेको छ । नेपालले पनि ढिलो नगरीकन यस दिशातर्फ पाइला चाल्नु आवश्यक छ ।

## ६) ठिक समयमै काम गरिसक्ने बानी हुनुपर्ने

समयले कसैलाई पनि पर्खंदैन र समय फर्केर पनि आउँदैन जसले समयको गतिशीलतालाई बुझेर काम गर्ने गर्दछ उसले सफलता प्राप्त गर्दछ । कामलाई समयले पर्खंदैन । अहिले नै गरिसक्नुपर्ने काम पछि गर्छु भन्ने, आज नै गरिसक्नुपर्ने काम भोलि गर्छु भन्ने जस्ता काम गर्ने तरिकाले सधैँ पछि परिने सङ्केत गर्दछ । विकसित मुलुकमा ठिक समयमा काम गर्ने र ठिक समयमा नै काम सम्पन्न गर्ने कुरालाई विशेष महत्त्व दिएर काम गर्दछन् । नेपालले पनि यस कुरामा विशेष ध्यान पुर्‍याउनुपर्नेछ । कुनै पनि काम समयमै सकिएन भने त्यसले समयमै प्रतिफल पनि दिनसक्दैन र निर्माण लागत पनि बढ्दछ । सबै सरोकारवाला व्यक्ति र संस्थाले ठिक समयमै स्तरीय हुने गरी काम सम्पन्न गर्ने बानीको विकास गर्नुपर्छ । समयमै काम नसक्ने र आलटाल गर्नेलाई दण्ड जरिवानाको व्यवस्था हुनुपर्छ । धेरै कामहरू जिम्मा लिने अथवा विभिन्न तरिकाले कामहरू हात पार्ने र ओगटेर राख्ने प्रवृत्ति नेपालमा जतातत्तै देखिन्छ । समयमा काम सक्नै पर्ने बाध्यता हुँदाहुँदै लागत बढेको कारणहरू देखाई बढीभन्दा बढी रकम शोषणका लागि प्रयास गर्ने प्रवृत्ति मौलाउँदै गएको

पाइन्छ । यो प्रवृत्तिको अन्त्य हुनु आवश्यक देखिन्छ । बेलायत र क्यानडाबाट यी कुराहरू राम्ररी सिक्नसकिन्छ ।

### ७) विकासका काम गर्ने सरकारी निकायहरूका बिचमा समन्वय हुनुपर्ने

सरकारका निकायहरूबिच समन्वयात्मक कार्यशैली हुनुपर्छ । एउटा निकायले बनाउने, अर्काले भत्काउने जस्ता कार्यहरू समन्वयको अभावले गर्दा हुन्छ । सबै निकायहरू मिलेर एकैपटक सबै काम भ्याएमा समय र साधनको बचत हुन्छ । विकासले गति पाउँछ । झन्झटिलो प्रशासनिक प्रक्रियालाई सहज बनाई सबै निकायले समयमै काम सक्ने गरी समन्वय गरेर काम गर्दा नै देश विकास हुँदो रहेछ भन्ने कुरा अन्य मुलुकका साथै बेलायत र क्यानडाले पुष्टि गर्नसकेका छन् । नेपालले पनि यस विषयमा गम्भीरतापूर्वक सोच्न र व्यवहारमा ल्याउनु आवश्यक छ ।

### ८) सूचना र तथ्याङ्क सही हुनुपर्ने

सरकारले बनाउने कुनै पनि योजनाहरू सही सूचना र तथ्याङ्कको आधारमा तयार गरिनुपर्दछ । यस्ता तथ्याङ्क र सूचना गलत भए भने त्यस्ताको आधार मानेर जुन कार्य योजनाहरू बनाइन्छ ती स्वतः खराब परिणाम दिने हुन्छन् । सूचना र तथ्याङ्क सङ्कलन गर्दा भरपर्दो तरिकाले सत्यतथ्यका आधारमा गरिनुपर्दछ । त्यसका लागि राम्रा उपकरण र विधिको प्रयोग गर्नुपर्दछ । सङ्कलनकर्ताले कुनै पूर्वाग्रही र गलत मनसाय लिएर कार्य गरेमा त्यस्ता व्यक्तिलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ । विकसित देशहरूले सूचना र तथ्याङ्कलाई निकै महत्त्व दिएर हेर्ने गरेको पाइन्छ । नेपालले यस कुरामा सही कदम चाल्नसकेको अवस्था ज्यादै कम देखिन्छ । यसतर्फ विशेष ध्यान पुऱ्याउनु आवश्यक छ ।

## ९) राजनीतिलाई स्वच्छ र मर्यादित बनाउनुपर्ने

खराब उद्देश्य अथवा स्वार्थ बोकेर राजनीतिमा लाग्नु हुन्न। राजनीतिक शक्तिको दुरुपयोग गर्ने वा राजनीतिक आडमा खराब काम गर्नेलाई बढावा दिने जस्ता कार्यहरू गरिनुहुन्न। राजनीतिलाई मर्यादित र उच्च स्थानमा राखेर सबैले कार्य गर्ने गर्नुपर्दछ। यसलाई ठगी र मागी खाने भाँडो बनाउनुहुँदैन। देशका सबै नागरिकप्रति समान आस्था रहने राजनैतिक व्यवस्था हुनुपर्दछ। खराब काम गर्ने जो कोही पनि सजायको भागी हुने र न्यायको ढोका सबैको लागि खुल्ला रहने हुनुपर्छ। भड्किलो र अमर्यादित क्रियाकलापले असल परिणाम दिनसक्दैन। विकसित देशहरूबाट यस्ता कुरा सबैले सिक्नु जरुरी छ।

नेपाल बस्दा सबै कुरा राम्रो लाग्नु स्वाभाविक नै हो किनकि यहाँ आफ्नो भाषा, संस्कृति, संस्कार, रहनसहन छ। प्रकृतिले हामीलाई सुन्दर धरातल र विविध प्रकारको हावापानी, वनस्पति, जनावर र चराचुरुङ्गीहरू दिएर सम्पन्न बनाएको छ। यहाँका नदीनाला र उच्चदेखि समथरसम्मको धरातल दिएर मानवलाई सम्पन्न बनाउने प्राकृतिक साधनहरूले सुसज्जित बनाएको छ। पहाडमा फुल्ने पहाडलाई रङ्गाइदिएको छ भने विश्वका अग्ला आठ हिमाल र अन्य हिम शृङ्खलाहरूले अविरल बग्ने नदीहरूमा जल प्रवाहलाई सम्भव बनाएको छ साथै देशको शिर उज्ज्वल र उच्च बनाएको छ। चुरे महाभारत पर्वत शृङ्खलाले हरियो जङ्गल र विभिन्न प्रकारका जङ्गली जनावर र चराचुरुङ्गीहरूको वासस्थान बन्नपुगेको छ। चारकोसे जङ्गल नेपालमा प्रसिद्ध छ। तराईको मैदानमा झुल्ने धानका बालाहरूले नेपालको खाद्य माग पूरा गर्न मद्दत पुऱ्याएको छ। तराईलाई नेपालको खाद्य भण्डारकै रूपमा लिइन्छ। यसरी विविधतायुक्त यो नेपाल विश्वका सामु एउटा सुन्दर बगैंचा र प्राकृतिक सम्पदाले सम्पन्न देशको रूपमा परिचित छ। हामी नेपालीले यसबारे गौरव गर्नुपर्दछ।

हामी नेपाली प्रकृतिको दृष्टिले धनी छौं । प्रकृतिको उपहारलाई हामीले सदुपयोग गर्न नसकेर मात्र हामी विकासमा पछि परेका हौं । प्राकृतिक हिसाबले नेपाल सम्पन्न छ भन्दा फरक पर्दैन । हामी नेपाली आफैँमा ठिक छैनौँ । नेपालीहरूमा भएको अल्छीपन, अरूलाई सम्मानजनक व्यवहार नगर्ने, आफूलाई सर्वज्ञ ठान्ने, आफूकेन्द्रित भएर सबै काम गर्ने, पारिवारिक घेरामा अल्मलिनु जस्ता कारणहरूले गर्दा हामीपछि परेका हौँ । व्यक्तिबिचमा हुने व्यवहार कपटपूर्ण, राष्ट्र र समाजप्रति गैरजिम्मेवार, भ्रष्टआचरणबाट ग्रसित, विदेशी वस्तु र विदेशप्रतिको मोह जस्ता रोगले व्याप्त समाज नै हाम्रो विकासका बाधक हुन् ।

विश्वका मानिसहरू उस्तैउस्तै हुन्, केबल विचार र व्यवहारले फरक छन् । हामीले सोच्ने तरिका र काम गर्ने शैलीमा परिवर्तन ल्याउन सके ठूलो परिवर्तन आफैँ आउनेछ । सकारात्मक सोच राख्ने, सबैप्रति सम्मानका दृष्टिले हेर्ने बानीको विकास गर्ने, कसैलाई सानो र कमजोर नठान्ने सबैलाई सक्षम र ठूलो सम्झने, कसैप्रति पनि नराम्रो व्यवहार नगर्ने, आफ्नो देशलाई माया गर्ने र देशको शिर उच्च राख्न प्रयासरत रहने, पवित्र र उच्च मनोबलका साथ आफ्नो कर्तव्यपथमा अडिग रहने जस्ता कुरा गर्न सके नेपाल विश्वका कुनै पनि मुलुकभन्दा पछि पर्दैन ।

नेपाल देश नराम्रो छैन तर यहाँका मानिसमा ठूलो परिवर्तनको खाँचो छ । यहाँका मानिसमा परिवर्तन हुने इच्छा शक्ति र काम गर्ने शैलीमा सुधार आउनु जरुरी छ ।